पुस – १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १७ | २०७७, पुस १-१५ | पूर्णाङ्क ६८३

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	**- अध्यक्ष**
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	**- सदस्य**
मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत	**- सदस्य**
अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	३	इजलास नं. ९	९
इजलास नं. १	६	इजलास नं. १०	५
इजलास नं. २	१	इजलास नं. ११	६
इजलास नं. ३	१	इजलास नं. १२	३
इजलास नं. ४	५	इजलास नं. १३	२
इजलास नं. ५	७	इजलास नं. १४	२
इजलास नं. ६	४	इजलास नं. १५	३
इजलास नं. ७	३	इजलास नं. २१	२
इजलास नं. ८	५	एक न्यायाधीशको इजलास	३
जम्मा	३५	जम्मा	३५

कूल जम्मा ३५ + ३५ = ७०

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७७, पुस – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

<u>"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"</u> को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ – ५**
१.	उत्प्रेषण	प्रा.डा.शशी शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	१
२.	परमादेश	नाथुराम तेली वि. नेपाल टेलिकम, केन्द्रीय कार्यालय काठमाडौंसमेत	३
३.	लागु औषध कोरेक्स	नेपाल सरकार वि. रमेश खड्कासमेत	४
इजलास नं. १			**५ – ९**
४.	बहुविवाह	नेपाल सरकार वि. तिलकबहादुर मल्लसमेत	५
५.	बन्दी प्रत्यक्षीकरण	विरेन्द्रकुमार यादव वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत	६
६.	जग्गा, रूख खिचोला घर उठाई चल	पुरन साह वि. सनिचरी देवीसमेत	७
७.	बन्दी प्रत्यक्षीकरण	उदी रहीम मियाँ वि. जिल्ला प्रहरी कार्यालय सप्तरीसमेत	७
८.	अंश	किशोरीलाल थारू वि. दुल्लीकुमारी थरूनी	८
इजलास नं. २			**९ – १०**
९.	कर्तव्य ज्यान	नेपाल सरकार वि. ओमप्रकाश पौडेलसमेत	९
इजलास नं. ३			**१० – ११**
१०.	अंश चलन	सेवालाल गोश्वामी वि. नेवालाल गोश्वामी	१०
इजलास नं. ४			**११ - १७**
११.	बन्दी प्रत्यक्षीकरण	नितेश चौधरी वि. बारा जिल्ला अदालतसमेत	११
१२.	कर्तव्य ज्यान	नेपाल सरकार वि. विकेन्द्र बोहरासमेत	१२
१३.	वैदेशिक रोजगार ठगी	नेपाल सरकार वि. भानु के.सी. भन्ने भानुभक्त कुँवरसमेत	१४
१४.	करारबमोजिम यथावत् परिपालना	राजेन्द्रकुमार थापा वि. मिलबहादुर कायस्थको मु.स.गर्ने सुर्यबहादुर कायस्थ	१५
१५.	जग्गा खिचोला मेटाई घर उठाई चलन	अरूणकुमार साह वि. पाँचु साहसमेत	१६
इजलास नं. ५			**१७ – २४**
१६.	जबरजस्ती करणी	देवेन्द्र यादव वि. नेपाल सरकार	१७
१७.	डाँका चोरी	नेपाल सरकार वि. हसन सेखसमेत	१९
१८.	जबरजस्ती करणी	अनिलकुमार यादव वि. नेपाल सरकार	२०

१९.	बन्दी प्रत्यक्षीकरण	प्रेममान डंगोल वि. गृह मन्त्रायलसमेत	२१
२०.	जालसाजी	धनसरी सापकोटा वि. विष्णुप्रसाद काफ्लेसमेत	२२
इजलास नं. ६			**२४ – २८**
२१.	उत्प्रेषण	रूपकुमार न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	२४
२२.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. भावना गुरूङ	२६
२३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. माधव अधिकारीसमेत	२७
२४.	कर्तव्य ज्यान	नेपाल सरकार वि. प्रकाश उप्रेती	२८
इजलास नं. ७			**२९ – ३३**
२५.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. रवि बि.सी.	२९
२६.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. प्रेम सिंह भन्ने रामेश्वर सिंह	३०
२७.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. मधु जिरेल	३१
इजलास नं. ८			**३३ – ३७**
२८.	मानव बेचबिखन तथा ओसारपसार	डिलमान तामाङ वि. नेपाल सरकार	३३
२९.	उत्प्रेषण	नागेश्वरलाल कर्णसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	३३
३०.	जबरजस्ती करणी	भुपुङ्गे, भुपेस भन्ने राजेन्द्र फागो वि. नेपाल सरकार	३४
३१.	उत्प्रेषण / परमादेश	पार्वती तिमिल्सिना वि. भूमि सुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत	३५
३२.	अदालतको अवहेलना	अरूण शर्मा वि. मंगलनारायण मण्डलसमेत	३६
इजलास नं. ९			**३७ – ४३**
३३.	कर्तव्य ज्यान	नेपाल सरकार वि. श्यामनाथ उपाध्याय	३७
३४.	परमादेश	लक्ष्मण श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, अन्त:शुल्क शाखा लाजिम्पाटसमेत	३७
३५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. अबु महम्मद अन्सारी भन्ने अब्बु महम्मद अन्सारी	३८
३६.	उत्प्रेषण	कमलप्रकाश पनेरू वि. पुनरावेदन अदालत पाटनसमेत	३९
३७.	उत्प्रेषण	हिराकुमारी चौधरीसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत	४०

३८.	उत्प्रेषण	दिपक पहारी वि. उच्च अदालत पोखरासमेत	४१
३९.	उत्प्रेषण	विन्देश्वर झा वि. उच्च अदालत जनकपुरसमेत	४१
४०.	बन्दी प्रत्यक्षीकरण	योगेन्द्र कुमालसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	४२
इजलास नं. १०			**४३ – ५१**
४१.	उत्प्रेषण / परमादेश	दामोदरप्रसाद जोशी वि. नापी कार्यालय महेन्द्रनगरसमेत	४३
४२.	उत्प्रेषण / परमादेश	प्रा.डा.बिमलकुमार सिन्हासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत	४४
४३.	जबरजस्ती करणी	साने भन्ने संगम सार्की वि. नेपाल सरकार	४५
४४.	भ्रष्टाचार	केशवप्रसाद भट्टराई वि. रामचन्द्र सिलवालसमेत	४६
४५.	जबरजस्ती करणी	प्रताप खत्री वि. नेपाल सरकार	४९
इजलास नं. ११			**५१ – ५६**
४६.	आयकर (२०६० / ०६१)	आनन्दराज ढकाल वि. श्रीनिवास शारडा	५१
४७.	भ्रष्टाचार	नेपाल सरकार वि. गीता महतसमेत	५२
४८.	उत्प्रेषण / परमादेश	युवराज कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	५३
४९.	उत्प्रेषण / परमादेश	शंकर गौतमसमेत वि. त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुरसमेत	५४
५०.	लिखत दर्ता बदर दर्तासमेत	हेमन्त शर्मा वि. रिया बस्नेतसमेत	५५
इजलास नं. १२			**५६ – ६८**
५१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. इस्लाम मुसलमानसमेत	५६
५२.	कर्तव्य ज्यान	दिपक मल्लसमेत वि. नेपाल सरकार	५८
५३.	बन्दी प्रत्यक्षीकरण	पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, म्याग्दीसमेत	६१
इजलास नं.१३			**६१ - ६४**
५४.	उत्प्रेषण / परमादेश	विजयकुमार सिंह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत	६१
५५.	कर्तव्य ज्यान	नेपाल सरकार वि. माइला भन्ने राजकुमार राईसमेत	६२
इजलास नं.१४			**६४ - ६६**
५६.	अपहरण तथा शरीर बन्धक	विनोदकुमार यादवसमेत वि. नेपाल सरकार	६४

५७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. के.वि. भन्ने खगेन्द्र विष्टसमेत	६६
इजलास नं.१५			**६६ - ६९**
५८.	जबरजस्ती करणी	सुनिलकुमार सोनी वि. नेपाल सरकार	६६
५९.	उत्प्रेषण / परमादेश	रमेशप्रसाद यादव वि. निर्वाचन आयोगसमेत	६८
६०.	उत्प्रेषण / निषेधाज्ञा	नन्दकिशोर यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत	६९
इजलास नं.२१			**७० - ७४**
६१.	उत्प्रेषण / परमादेश	भुवनेश्वर साहु तेलीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	७०

६२.	उत्प्रेषण	सागर मल्लसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत	७२
एक न्यायाधीशको इजलास			**७४ - ७६**
६३.	उत्प्रेषण / परमादेश	शिवबहादुर विष्ट वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत	७४
६४.	उत्प्रेषण / परमादेश	सरिता घर्ती मगर वि. उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलाससमेत	७५
६५.	उत्प्रेषण	बुद्धिबहादुर गुरूङ वि. जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंसमेत	७५

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपककुमार कार्की, *०७०-WO-०५७१, उत्प्रेषण, प्रा.डा.शशी शर्मा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक नियम, २०५० को नियम १७५ बमोजिम नियमको प्रक्रिया पूरा गरी ४ वर्षको लागि चिकित्साशास्त्र अध्ययन संस्थानको डिनको पदमा नियुक्त भएको देखिएकोले निजलाई नियम १७६, १९८, १९८(१), १९८(२) बमोजिम पदबाट हटाउनुपर्ने कानूनबमोजिमको कुनै पनि आधार र कारण नभई पदबाट हटाइएको र नियम १९९, १९९(३) बमोजिमका बाध्यात्मक रूपमा पालना गर्नुपर्ने कार्यविधिको न्यूनतम रूपमा पालनासमेत नगरी सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको विपरीत पदबाट हटाइएको देखिएकाले माथि उल्लिखित कानूनी व्यवस्था र यस सम्बन्धमा यस अदालतले प्रतिपादित गरेको नजिर सिद्धान्तसमतको विपरीत देखिएकाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले रिट निवेदकलाई डिन पदबाट हटाउने भनी मिति २०७०।१०।८ मा गरेको निर्णय त्रुटिपूर्ण रहेको देखिन आउने।

प्रचलित कानूनअनुसार कानूनको सबै प्रक्रिया पूरा गरी नियुक्ति पाएको कुनै पनि पदाधिकारीले कानूनले तोकेको अवधिसम्म सो पदमा रही कार्य गर्ने अधिकार रहन्छ। त्यसरी कानूनबमोजिम नियुक्त पदाधिकारीलाई कानूनले नै विस्थापित गर्न सक्दछ । कुनै पदाधिकारीको नियुक्तिमा विधि र प्रक्रियाको त्रुटि भए त्यसलाई सच्चाउने, बदर गर्ने वा नियुक्तिको प्रक्रिया परीक्षण गर्न नसकिने होइन । तर त्यसको परीक्षण गर्ने पनि निश्चित निकाय, विधि र प्रक्रिया हुन्छ। जुन संविधान तथा कानूनले नै सिर्जना गरेको हुने।

कानूनको शासनको सारतत्त्व भनेकै राज्य र सरकारको काम कारबाही विधि र प्रक्रियासम्मत हुनु हो। कानूनको शासनमा कानूनभन्दा माथि कोही पनि हुँदैन र रहनु हुँदैन । कानूनको शासनमा सबै कुरामा सबैभन्दा माथि कानून हुनुपर्छ । कानूनको शासनमा राज्यका सबै पदाधिकारीले कानूनको अक्षरश: पालना गर्नुपर्छ। कानूनको शासन र लोकतन्त्रमा कसैका उपर आग्रह, पूर्वाग्रह, राग, द्वेष, घृणा वा त्यस्तै प्रकारका सोचको आधारमा कानूनको प्रक्रिया अवरूद्ध गर्ने हक कसैलाई नहुने।

राज्यको काम कारबाहीमा सुशासन कायम गर्न, जवाफदेहिता, पारदर्शिता, स्वच्छता, निष्पक्षता कायम राख्न तथा स्वेच्छाचारी र निरङ्कुशताको विरूद्धमा राज्य र सरकारलाई खबरदारी गर्न, सचेत गराउन एवं विधि र कानूनको संरक्षणको लागि कुनै पनि नागरिकले आफ्नो धारणा अभिव्यक्त गर्ने हक रहेको हुन्छ। तर त्यस्तो हकको प्रयोग र प्रचलन पनि विधिसम्मत नै हुनुपर्ने।

कानूनको सबै प्रक्रिया पूरा गरी वैधानिकरूपमा नियुक्ति पाएको कुनै पनि पदाधिकारीलाई अनसन, हड्ताल, नारा, जुलुस वा कुनै प्रकारको शक्ति प्रयोग गरी वा जसलाई विधिसम्मत नियुक्त गरिएको हो उसलाई आफ्नो कुरा भन्ने मौकासमेत नदिई प्राकृतिक न्यायको विपरीत स्वेच्छाचारी ढङ्गबाट पदबाट हटाउने अधिकार कसैलाई पनि हुँदैन। कानूनले पदमा बहाल रहन पाउने भनी हक प्रदान गर्दासम्म कानूनलाई अवज्ञा गरी कानूनबमोजिम नियुक्त पदाधिकारीलाई विस्थापित गर्ने वा पदबाट हटाउने छुट कसैलाई पनि नहुने।

कानूनले नै प्रस्ट पदावधि तोकेको कुनै पनि पदाधिकारीले तोकिएको अवधिसम्म

निर्वाधरूपमा सो पदमा कामकाज गर्न पाउनुपर्ने भन्ने मान्यताको आधारमा कानूनमा नै पदावधि तोकिएको हुन्छ । त्यसरी पदावधि तोकिएको पदाधिकारीलाई कानूनबमोजिमको मनासिब कारण र आधार नभई र कानूनको उचित प्रक्रिया अवलम्बन नगरी पदबाट हटाउने कार्य कानूनविपरीत हुन्छ । कानूनमा स्पष्ट पदावधि तोकिएको अवस्थामा कानूनी आधार र कारण नभई माथिल्लो निकाय वा पदाधिकारीलाई मनमा लाग्दैमा पदमुक्त गर्नु भनेको स्वेच्छाचारी निर्णय हुने ।

कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त भएको व्यक्तिको तोकिएको अवधिसम्म सो पदमा रहन पाउने कानूनी हक रहनेमा त्यस्तो व्यक्तिलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको भन्ने जानकारी पाउने अधिकार रहन्छ । यदि त्यस्तो गरिन्न भने त्यो स्वेच्छाचारी भई कानूनको दृष्टिकोणमा बदरभागी हुने ।

तसर्थ, उल्लेख भएको कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादन भएको सिद्धान्तसमेतको आधारमा रिट निवेदकलाई त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १७५(२) र (३) बमोजिम ४ वर्षको लागि त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थानको डिन पदमा विधि र प्रक्रियासम्मत नियुक्त गरिएकोमा ४ वर्षको अवधि पूरा नहुँदै बिना कुनै आधार र कारण सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत पदबाट हटाउँदा बाध्यात्मकरूपमा पालना गर्नुपर्ने कार्यविधिसमेत पालना नगरी डिन पदबाट हटाउने भनी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्बाट मिति २०७०।१०।८ मा भएको निर्णय तथा निवेदकलाई डिन पदबाट हटाएपश्चात् सो पदमा विपक्षी डा. राकेशप्रसाद श्रीवास्तवलाई नियुक्त गर्ने निर्णयसमेत त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर हुने ।

विपक्षी डा. राकेशप्रसाद श्रीवास्तवले राजीनामा दिनुभएपछि रिक्त रहेको पदमा नियुक्त हुनु भएको प्रा.डा. जगदिशप्रसाद अग्रवालको नियुक्ति सम्बन्धमा चुनौती दिई रिट निवेदकले यस अदालतमा पूरक निवेदन दिएको अवस्थासमेत छैन । त्यस्तै तत्कालीन अवस्थामा रिक्त रहेको डिन पदमा नियुक्त डा.जगदिशप्रसाद अग्रवालको नियुक्ति गैरकानूनी भएको भन्ने पुष्टि गर्ने आधारसमेत देखिएको छैन । यस अवस्थामा चिकित्साशास्त्र अध्ययन संस्थान जस्तो स्वास्थ्य क्षेत्रको अति नै महत्त्वपूर्ण र संवेदनशील संस्थाको सञ्चालनमा डिनको नियुक्तिको अभावमा सो संस्थालाई पर्न सक्ने असरलाई न्यायको रोहबाट विचार गर्दा हाल कार्यरत डिन प्रा.डा. जगदिशप्रसाद अग्रवालको नियुक्ति सम्बन्धमा प्रस्तुत रिट निवेदनको रोहबाट केही बोल्न मिल्ने अवस्था नहुँदा प्रा.डा. जगदिशप्रसाद अग्रवालको नियुक्ति सम्बन्धमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्बाट भएको निर्णय बदर गरिरहन पर्ने अवस्था देखिन आएन । तर न्यायको रोहमा हेर्दा यी रिट निवेदक प्रा.डा. शशी शर्मालाई त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७०।९।२५ को निर्णयअनुसार मिति २०७०।९।२८ बाट ४ वर्षको लागि डिन पदमा नियुक्त गरिएकाले सोही मितिबाट पदावधि सुरू भई मिति २०७४।९।२७ गतेसम्म निजको पदावधि बाँकी नै रहेको देखिएकाले कानूनी प्रक्रियाबमोजिम डिन पदमा नियुक्त यी रिट निवेदकलाई सो ४ दिन पनि आफ्नो पदमा बहाल रहन पाउने कानूनबमोजिमको हक रहेको हुँदा सो बाँकी ४ दिनको हकमा डिन पदमा निवेदकले बहाल हुन चाहेमा आजैका मितिबाट बहाल हुन जानु र सो बाँकी रहेको ४ दिनको अवधिको लागि रिट निवेदकलाई डिन पदमा बहाल गराउनु एवं सो अवधिपश्चात् प्रा.डा. जगदिशप्रसाद अग्रवालको नियुक्तिलाई निरन्तरता दिनु भनी विपक्षी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्का नाममा परमादेशसमेत जारी हुने ।

नागरिकको मौलिक हक तथा कानूनी

हक हनन् भएमा सोको प्रचलन गराउने संरक्षकको रूपमा संविधान र कानूनले यस अदालतलाई जिम्मेवारी सुम्पेको छ । संविधान र कानूनले सुम्पेको उक्त जिम्मेवारीबाट यो अदालत विमुख हुन सक्दैन । नेपालको संविधानको धारा १२६ बमोजिम न्यायसम्बन्धी अधिकार संविधान कानून र न्यायका मान्य सिद्धान्तबमोजिम यस अदालतले प्रयोग गर्ने संवैधानिक व्यवस्था रहेको सन्दर्भमा राज्य तथा सरकारका जुनसुकै निकायबाट विधि र प्रक्रिया पूरा नगरी गरेका प्रत्येक कार्य र निर्णयलाई निषेध गरी संविधान, कानून र न्यायका मान्य सिद्धान्तबमोजिम कानूनको शासन बहाल गराउनु यस अदालतको प्रमुख दायित्व हो । उपर्युक्त पृष्ठभूमिमा लोकतान्त्रिक मूल्य मान्यताको संरक्षण र कानूनको शासन बहाल गराउने सम्बन्धमा नेपाल सरकारका नाममा देहायबमोजिमको निर्देशात्मक आदेशसमेत जारी गरिएको छ।

१. जनताको जीवन र स्वास्थ्यसँग सरोकार भएको अति आवश्यकीय स्वास्थ्य उपचारसँग सम्बन्धित संस्थाको कुनै पदाधिकारी वा व्यक्तिले त्यस्तो स्वास्थ्य संस्थामा कुनै पनि प्रकारका हड्ताल, बन्द, अनसन, धर्नाजस्तो अवाञ्छित क्रियाकलापमा संलग्न हुने तथा सेवा अवरूद्ध गर्न नपाइने गरी आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को प्रभावकारीरूपमा कार्यान्वयन गर्नु गराउनू।

२. कानूनबमोजिमको प्रक्रिया पूरा गरी नियुक्त भएका कुनै पनि सार्वजनिक पदाधिकारीलाई नियुक्त भएको पदमा कामकाज गर्न नदिने, अनसन, हड्ताल, बन्द, धर्ना जस्ता कुनै पनि गैरन्यायिक क्रियाकलापका आधारमा कानूनबमोजिम तोकिएको पूरा अवधि व्यतीत नभई पदबाट हटाउने तथा पदबाट हटाउनु पर्दा कानूनबमोजिमको विधि र प्रक्रिया नअपनाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत स्वेच्छाचारी ढङ्गबाट हटाउने कार्य नगर्नु, नगराउनू।

इजलास अधिकृतः ईश्वरमणी ओझा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल पौष २३ गते रोज १ शुभम्।

२

स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७२-WO-०८६८, परमादेश, नाथुराम तेली वि. नेपाल टेलिकम, केन्द्रीय कार्यालय काठमाडौंसमेत*

विवादित कि.नं. ७७९ को जग्गा निवेदकको दर्ता स्रेस्ता र हक भोगको जग्गा भएको र उक्त जग्गासमेत टेलिकमको कम्पाउन्डभित्र रहेको तथ्यमा विपक्षीहरूले अन्यथा जिकिर लिएको अवस्था देखिएन । निवेदकले आफ्नो जग्गाको मुआब्जा माग गरी निवेदन दिएपछि सो सम्बन्धमा यकिन गरी पठाउने भनी मालपोत कार्यालयबाट २०६२।२।२९ मा नापी शाखालाई पत्राचार गर्दा उक्त कि.नं. को जग्गा नेपाल टेलिकम परासी शाखा कार्यालयको कम्पाउन्डवालभित्र देखिएको भन्ने नापी कार्यालय नवलपरासीले मिति २०७३।१।२ च.नं. ८९६ को पत्रबाट जवाफ पठाएको देखिन्छ । सो पत्रबमोजिम विवादित कि.नं. ७७९ को जग्गा नेपाल टेलिकमको कम्पाउन्डवालभित्रको भई सो जग्गामा समेत कम्पनीले संरचना निर्माण गरी भोग गरी आएको भन्ने देखिन आउने।

व्यक्ति विशेषको जग्गा सार्वजनिक हितको लागि प्रयोग गर्दा जग्गा प्राप्ति ऐन, २०३४ को कार्यविधि र प्रक्रिया अपनाई सम्बन्धित व्यक्तिलाई उचित मुआब्जा एवं क्षतिपूर्ति दिनुपर्ने भन्ने ऐनको प्रावधानबाट देखिन्छ । सो ऐनको दफा ४ मा कुनै संस्थाले मुआब्जा र सबै खर्च बेहोर्ने गरी जग्गा प्राप्त गर्न सक्ने भन्ने व्यवस्था रहेको छ भने दफा ५, ६ मा जग्गा प्राप्त गर्नेसम्बन्धी प्रारम्भिक कारबाहीका सम्बन्धमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी दफा ९ मा प्राप्त

गर्ने जग्गा सम्बन्धमा सूचना प्रकाशित गर्नुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ । जग्गा प्राप्ति ऐन, २०३४ को कानूनी प्रावधानबमोजिमको प्रक्रिया पुगेको वा निवेदकलाई उचित मुआब्जा दिएको भन्ने विपक्षीको लिखित जवाफबाट नदेखिने ।

मूलतः सार्वजनिक प्रयोजनको लागि व्यक्ति विशेषको सम्पत्ति अधिग्रहण गर्दा व्यक्तिभन्दा सार्वजनिक हित ठुलो हुने सिद्धान्तका आधारमा गर्ने गरिन्छ तथापि त्यसरी अधिग्रहण गरेबापत हक पुग्नेलाई क्षतिपूर्ति वा मुआब्जा उपलब्ध गराउनु नपर्ने भन्ने हुँदैन । उचित र कानूनबमोजिमको मुआब्जा नदिई कुनै व्यक्ति विशेषको सम्पत्ति अधिग्रहण गर्न मिल्ने नदेखिने ।

नेपाल टेलिकम, शाखा कार्यालय, परासीले अधिग्रहण गरेको उक्त जग्गाको मुआब्जा पाउँ भनी निवेदकले २०६६।३।२४ मा र पुनः २०६७।४।३० मा शाखा कार्यालय परासीमा लिखित निवेदन दिएकोमा सो कार्यालयबाट कुनै कारबाही नहुँदा सोही बेहोरा जनाई मिति २०७१।२।२५ मा केन्द्रीय कार्यालय र सञ्चार मन्त्रालयमा निवेदन दिई मुआब्जा माग गरेको भन्ने निवेदन बेहोराबाट देखिन्छ । यसरी पटकपटक निवेदन गर्दासमेत मुआब्जाको सम्बन्धमा कुनै निर्णय नगरी विवादित कि.नं. ७७९ को जग्गा अधिग्रहण गर्दा पुऱ्याउनुपर्ने प्रक्रियासमेत नपुऱ्याई नेपाल टेलिकम, शाखा कार्यालय, परासीले उक्त जग्गा भोग गरी आएको भन्ने मिसिलबाट देखिन आयो । उक्त तथ्यमा विपक्षीहरूले अन्यथा प्रतिक्रिया नदिई कानूनी जिकिर मात्र लिएको देखिने ।

कुनै पनि व्यक्तिको सम्पत्तिमा राज्यले वा राज्य नियन्त्रित निकायले अधिकार प्राप्त गर्दा प्रचलित कानूनको प्रक्रिया पुऱ्याई मात्र गर्नुपर्ने हुन्छ । अधिग्रहण भएको हो होइन वा यी निवेदकले स्वेच्छाले जग्गा दिएको हो भन्ने विषय तत्सम्बन्धी सक्कल मिसिलमा रहेका लिखित प्रमाणबाट निक्यौल गर्नुपर्ने हुन्छ । सो तथ्य र प्रमाण आदि बुझी यी निवेदकको निवेदनलाई टुङ्गो लगाउनुपर्नेमा अनिर्णयको बन्दी बनाई राख्नु कानूनको आँखामा स्वीकार्य नहुने ।

अतः कानूनबमोजिम बाहेक व्यक्तिको सम्पत्ति अधिग्रहण गरी कब्जा गर्न नमिल्ने भन्ने संवैधानिक हक यी निवेदकसँग समेत हुँदा जग्गा प्राप्ति सम्बन्धमा यी निवेदकको कस्तो अधिकार रहेको छ सो निक्यौल गरी सम्पूर्ण प्रमाण बुझी यी निवेदकको जग्गा परेको तर मुआब्जा नपाएको यकिन हुन आएमा उक्त जग्गाको मुआब्जा सम्बन्धमा निवेदकसमेतसँग छलफल गरी लामो समयदेखि अनिर्णित यस विवादलाई अविलम्ब टुङ्गो लगाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

३

स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-CR-११६०, लागु औषध कोरेक्स, नेपाल सरकार वि. रमेश खड्कासमेत*

पुनरावेदक प्रतिवादी भामफुली भन्ने इश्वर अर्याललाई पहिले भएको सजाय लागु औषध सेवन गरेबापतको हो, कारोबार गरेबापतको होइन । यस मुद्दामा सेवन नभई कारोबारको कसुरको दाबी लिइएको देखिँदा यो कसुर पहिले सजाय गरिएको सेवनको भन्दा ठुलो कसुर रहेको छ । यसमा सेवनतर्फको सजायमा एकपटक सजाय पाएको भए पनि लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम अधिकतम सजाय भइसकेपछि सोही ऐनको दफा १६ बमोजिम पटके सजाय उल्लेख नभए पनि प्रतिवादीलाई भएको सजायलाई कानूनत: त्रुटिपूर्ण भन्न मिलेन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) र दफा १६ भिन्नभिन्न अवस्थामा प्रयुक्त हुने भई सेवनतर्फ थप सजाय गर्नु र ऐनको दफा

१४(१)(झ) ले दुईदेखि दश वर्ष कैद सजाय हुनेमा कसुरको मात्राअनुसार पाँच वर्ष कैद सजाय भएकोमा यी प्रतिवादी भामफुली भन्ने ईश्वर अर्याललाई दफा १४(१)(झ) बमोजिम चार वर्ष र दफा १६ बमोजिम एक वर्षसमेत जम्मा पाँच वर्ष कैद सजाय हुने।

प्रतिवादीहरू रमेश खड्का, रूपक लामा र अनिल श्रेष्ठलाई सफाइ दिएउपर समेत पुनरावेदन पर्न आएकामा यी प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् होइनन् भनी विचार गर्दा निजहरूको सँग साथबाट कुनै लागु औषध बरामद भएको छैन। कसुर ठहर भएका अन्य प्रतिवादीले प्रहरीसमक्ष बयान गर्दा यी प्रतिवादीहरूउपर पोल गरेको देखिन्छ। आरोपित कसुर गरेकोमा इन्कार रही यी तीनजना प्रतिवादीहरूले सुरू अदालतमा बयान गरेका छन्। सहअभियुक्तले गरेको पोल अन्य सबुद प्रमाणबाट पुष्टि भएको पनि नदेखिने।

प्रतिवादी अनिल श्रेष्ठलाई सोही नामबाट मुद्दा दायर गरिएको छ। तर निजले अदालतमा गरेको बयान र पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रसमेतका कागजात निजको नाम अनिल श्रेष्ठ नभई अनोल श्रेष्ठ रहेको देखिन्छ। मुद्दा दायर गरिएका मानिस नै यी प्रतिवादी हुन होइनन् भन्ने कुरा यकिन भएको देखिँदैन। वादी पक्षबाट पेस भएका प्रमाणबाट यी प्रतिवादीहरूले समेत आरोपित कसुर गरेका हुन् भन्न सकिने निश्चयात्मक प्रमाणको अभाव देखिएको स्थितिमा निजहरू तीनैजनालाई सफाइ दिने ठहर गरेको सुरू अदालतको फैसला निजहरूको हकमा मिलेकै देखिन आउँदा यी प्रतिवादीहरूले सफाइ पाउने ठहर भएको हदसम्म पनि पुनरावेदन अदालत हेटौंडाको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी ईश्वर अर्यालको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ समेतको मागदाबी लिई वादी नेपाल सरकारको पुनरावेदन पर्न आएकोमा निज प्रतिवादीलाई दफा १६ बमोजिम एक वर्ष कैद हुने ठहरेको भए पनि निजलाई परिणामत: जम्मा कैद वर्ष पाँच हुने हुँदा प्रतिवादी ईश्वर अर्यालको हकमा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलामा तात्त्विक भिन्नता हुने देखिन नआउने।

तसर्थ, विवेचित आधार, प्रमाणबाट प्रत्यर्थी प्रतिवादी ईश्वर अर्याललाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम ५ वर्ष कैद र रू.४,००,०००।– चार लाख जरिवाना गरी सोही ऐनको दफा १६ बमोजिम थप सजाय हुने ठहर गरेको पर्सा जिल्ला अदालतको मिति २०७०।१।१७ को फैसलामा थप सजाय गरेको हदसम्म मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने र प्रतिवादीहरू रमेश खड्का, रूपक लामा र अनिल श्रेष्ठलाई सफाइ दिएको सुरू फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।८।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

इजलास नं.१

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, *०७२-CR-०७१८, बहुविवाह, नेपाल सरकार वि. तिलकबहादुर मल्लसमेत*

मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. तथा ९ क नं. विपरीतको कसुर अपराधमा सोही महलको ११ नं. मा थाहा पाएको मितिले तीन महिनाभित्र नालेस नदिए लाग्न सक्तैन भनी हदम्याद तोकेको पाइयो। हदम्यादसम्बन्धी व्यवस्था मुद्दा मामिला गर्न तोकिएको निश्चित अवधि भएकोमा उपरोक्त विवाहवारीको ११ नं. मा "थाहा पाएको मितिले" भन्ने शब्दावलीको उपरोक्त कानूनी व्यवस्था (Statutory Rule) को भाषाले कुनै

त्यस्तो निश्चित कानूनी आधार (Identifying the law by reference to certain criteria) मा हदम्याद कायम हुने नदेखिई घटनाक्रमको अवस्था र सन्दर्भ (Circumstance and Context) का आधारसमेतमा निश्चित हुने देखिन आउने।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँसराइँलाई व्यक्तिगत घटना मानेको र त्यसरी दर्ता भएको व्यक्तिगत घटनाहरू त्यस्ता विषयमा घटनाक्रम वा समय निर्धारणको निश्चित मापदण्ड मान्नुपर्ने हुन्छ। विवाहवारीको महलको ११ नं. मा भएको बहुविवाहमा हदम्यादसम्बन्धी व्यवस्थामा थाहा पाएको मितिले तीन महिनाभित्र नालेस नदिए लाग्न सक्तैन भन्ने कानूनी व्यवस्थाबाट बहुविवाह भएको थाहा पाएको मितिबाट हदम्याद कायम हुने देखिए पनि त्यसरी थाहा जानकारी हुने एक मात्र आधार जाहेरी सूचना मात्र हुन सक्ने अर्थ गर्नु उक्त कानूनी व्यवस्थाअनुरूप हुने नदेखिने।

व्यक्तिगत घटना दर्ताले विवाहसमेतका सूचना सन्दर्भमा निश्चितता पैदा गर्ने देखिएकोमा त्यस्तो घटना दर्तालाई कुनै अपराधको अनुसन्धान गर्ने अधिकृतले सापेक्षित रूपमा जानकारी लिन नसक्ने भन्ने हुँदैन। त्यस्ता निश्चितता पैदा गर्ने घटना दर्ता जस्ता सूचनालाई सम्बन्धित पक्ष वा सरोकार निकायले बेवास्ता गर्ने वा जानकारीमा नराख्ने र जाहेरी परेपछि मात्र अनुसन्धान गर्ने तथा हदम्याद कायम गर्ने कार्य उपयुक्त मान्न नसकिने।

कुनै अपराधको सम्बन्धमा जाहेरी सूचना पर्ने भन्ने नै कुनै निश्चितता वा अनुमानयोग्य नहुँदा त्यस किसिमको बेवास्ताबाट एकातर्फ अपराध रोक्न सक्षम हुने देखिँदैन भने अर्कोतर्फ अपराध घटना भएको लामो समयपछि पर्ने जाहेरीबाट कायम हुने हदम्यादले विवादको कहिल्यै अन्त्य नभई अनिश्चितता उत्पन्न हुन जाने हुँदा त्यस्तो कार्य हदम्यादको सिद्धान्तअनुरूप हुने नदेखिने।

प्रतिवादीहरू तिलकबहादुर मल्ल र बृहस्पति खड्काको विवाह भई एक छोरीको जन्म भई जन्मदर्ताको मिति २०६९।१।२१ ले बहुविवाह गरेको थाहा हुने विश्वसनीय आधार देखिएकोमा बेवास्ता गरी सो मितिले बहुविवाहतर्फ उजुर नपरेको र विवाह गरी सन्तान जन्माई जन्मदर्ता भएको लामो अवधिपश्चात् जाहेरी परेको मिति २०६९।९।२६ को आधारमा हदम्याद कायम गरी दर्ता भएको अभियोग मुलुकी ऐनको बिहावरी महलको ११ नं. बमोजिमको कानूनी व्यवस्थाअनुरूपको नदेखिएकोले प्रस्तुत मुद्दा खारेज हुने ठहराएको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिने।

तसर्थ, माथि विवेचित आधारमा प्रस्तुत मुद्दा हदम्यादको आधारमा मुद्दा खारेज गर्नु पर्नेमा सो नगरी कसुर र सजाय ठहर गरेको बाँके जिल्ला अदालतको मिति २०७०।११।५ को फैसला नमिलेकोले उल्टी गरी हदम्यादको आधारमा खारेज हुने ठहराएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।९।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल फागुन १२ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र, *०७३-WH-००३७, बन्दीप्रत्यक्षीकरण, विरेन्द्रकुमार यादव वि. जिल्ला प्रशासन कार्यालय, सप्तरीसमेत*

पुनरावेदन अदालतले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को (२) बमोजिम सजाय गरेकोमा दफा २०(२) बमोजिम सजाय गर्दाको अवस्था संशोधित व्यवस्थाअनुसार

सजाय गर्नुपर्दा अधिकतम १ वर्षको सजाय हुने देखिएको छ । पुनरावेदन अदालतको उक्त फैसला मिति २०७३।३।१५ मा भएकोले उल्लिखित ऐनको संशोधित मिति २०७२।११।१३ भन्दा पछिको देखिएको छ । International Convention on Civil and Political Rights (ICCPR) article 15(1) " …. If, subsequent to the commission of the offence, provision is made by law for the imposition of the lighter penalty, the offender shall benefit there by." (अर्थात् कसुर गरेको समयपछि कानूनद्वारा कम सजायको व्यवस्था गरिएकोमा कसुरदारलाई सोको फाइदा प्राप्त हुने छ) भन्ने देखिने ।

पहिले बढी सजाय भएको कानूनलाई पछि कम सजाय हुने घोषणा संशोधित ऐनद्वारा गरेको अवस्थामा विद्यायिकाको मनसाय बढी सजाय गर्ने नभई कम सजाय गर्ने विधायिकी मनसाय रहेको मान्नुपर्ने हुन्छ । विधायिकाको मनसाय प्रतिकूल निवेदकलाई नयाँ संशोधित कानूनी व्यवस्थाबमोजिम हुन सक्ने अधिकतम कैदभन्दा बढी सजाय गर्न मिल्ने हुँदैन । पछिल्लो ऐनले त्यसरी सजाय घटाएकोमा त्यसको सुविधा प्रतिवादीले पाउनेमा साबिकको कानूनी व्यवस्थाबमोजिम नै सजाय ठहर गरेबाट ऐनको संशोधित व्यवस्थाबमोजिम लाग्ने अधिकतम कैदभन्दा बढी अवधिको कैद / थुना गैरकानूनी हुने ।

प्रचलित कानून बढी सजाय गरेको फैसला कानूनी त्रुटिपूर्ण भई गैरकानूनी देखिँदा प्रचलित कानूनमा तोकिएको अधिकतम कैदभन्दा बढी सजाय ठहर गरेको हदसम्म पुनरावेदन अदालत राजविराजको फैसला स्वतः बदर हुने देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल फागुन १२ गते रोज ५ शुभम् ।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा., *०६८-CI-०९८५, जग्गा, रूख खिचोला घर उठाई चल, पुरन साह वि. सनिचरी देवीसमेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ग) मा सुरू अदालत निकाय वा अधिकारीको निर्णय उल्टी वा केही उल्टी भएका सबै मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेकोमा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) मा संशोधन गरी पुनरावेदन अदालतले उल्टी वा केही उल्टी गरेका मुद्दाहरूमा पनि सबैमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्न नसक्ने गरेको देखिएबाट सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकार घटाउने र सानातिना मुद्दाहरूमा पुनरावेदन अदालतको क्षेत्राधिकारलाई सुदृढ गर्दै पुनरावेदन अदालतको फैसलालाई अन्तिम बनाउँदै लैजाने विद्यायिकाको मनसाय रहेकोमा प्रस्तुत मुद्दामा बिगो रू.६५००।- मात्र देखिएकोमा उल्लिखित कानूनी व्यवस्थाबाट यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिएन । प्रस्तुत मुद्दाको बिगो कानूनी व्यवस्थाबाट तोकिएको बिगो हदभन्दा मुनिको देखिएको र जग्गा खिचोलातर्फ वादी दाबी नपुग्ने ठहराएको सुरूको फैसला पुनरावेदन अदालतले सदरउपर यस अदालतमा पुनरावेदन पर्न आएको देखिँदा न्याय प्रशासन ऐन, २०४८ (संशोधन २०६७ सहित) को दफा ९(१)(ग) ले पुनरावेदन लाग्ने नदेखिएकोले प्रस्तुत पुनरावेदन अ.बं.१८० नं. बमोजिम खारेज हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल फाल्गुण १ गते रोज १ शुभम् ।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७३-CR-०६९४,

बन्दीप्रत्यक्षीकरण, उदी रहीम मियाँ वि. जिल्ला प्रहरी कार्यालय सप्तरीसमेत

जहाँसम्म पुनरावेदक मो. ईशाकले यस अदालतमा पुनरावेदन जिकिर लिँदा निवेदकलाई बहुविवाह मुद्दा चल्दाको अवस्थामा रीतपूर्वक म्याद जारी नभएको भनी उल्लेख गरेको देखिए पनि जिल्ला अदालतमा उक्त बहुविवाह मुद्दाको फैसलाको फोटोकपी हेरिएमा प्रतिवादी मो. ईशाकले मिति २०७१।१।८ मा तामेल भएको म्याद गुजारी बसेकोले अ.बं.२०८ नं. बमोजिम पुनरावेदनको म्याद दिनु परेन भन्ने देखिँदा प्रतिवादी मो. ईशाकले आफू विरूद्धको आरोपउपर प्रतिवाद नगरी स्वीकार गरी बसेको मान्नुपर्ने हुन आउने।

तामेल भएको म्याद रीतपूर्वक तामेल नभएको भए म्याद बदरतर्फ जिकिर नलिई अन्तिम भएको फैसलाबमोजिम निवेदक प्रतिवादीलाई लागेको कैद असुल गर्न पक्राउ गरेपश्चात् मात्र रीतपूर्वक म्याद तामेल नभएको भनी लिएको देखियो। मुलुकी ऐन अ.बं. १९३ बमोजिम जारी हुने पुनरावेदनको म्याद सुरू म्यादै गुजारी बस्नेलाई समेत जारी हुने अवस्था नदेखिई सुरू म्यादमा हाजिर भएको तर फैसला हुँदाको बखत हाजिर नरहेको झगडियालाई जारी हुने प्रकृतिको देखिएको र सुरू म्यादै गुजारी बस्नेको हकमा अ.बं.२०८ नं. आकर्षित हुने देखिएकोले निज प्रतिवादीलाई अ.बं.२०८ नं. बमोजिम पुनरावेदनको म्याद जारी नगरेकोसमेत कानूनसम्मत नै देखिन आउने।

अदालतको फैसलाअनुसार कैदको लगत भएका मो. ईशाकलाई पक्राउ गरी हिरासत राखेको कार्यलाई गैरकानूनी रूपले पक्राउ गरी हिरासतमा राखेको भन्न मिलेन । निवेदक बेरितसँग गैरकानूनी हिरासतमा राखेको नदेखिएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज हुने ठहराएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति २०७३।६।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल चैत्र १७ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की, *०६६-CI-०७९५, अंश, किशोरीलाल थारू वि. दुल्लीकुमारी थरूनी*

पुनरावेदन अदालत नेपालगन्जले कि.नं.११६५ को जग्गा वादीकै श्रीमान् सन्तराम थारूले प्रतिवादीलाई शेषपछिको बकसपत्र दिएको हुँदा सो जग्गा प्रतिवादीको भई वादीलाई अंश नलाग्ने ठहर गरेउपर वादीले पुनरावेदन नगरेको हुँदा कि.नं. ११६५ को जग्गाको हकमा केही बोलिरहन नपर्ने।

पुनरावेदन अदालत नेपालगन्जले पुनरावेदक प्रतिवादीको नाममा कायम रहेका कि.नं. ३५३ र १४७८ को जग्गा बन्डा लाग्ने ठहर गरेको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा पुनरावेदक प्रतिवादी किसोरीलाल थारूले उल्लिखित जग्गा आफू र वादीका श्रीमान् दाजु सन्तराम थारूबिच मिति २०२७।२।१ मा घरसारको लिखतबाट बन्डा भई फरकफरक व्यवहार गर्दै आएका हुँदा मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. र ३० नं. बमोजिम बन्डा नलाग्ने जिकिर गरेको देखिने।

पुनरावेदक प्रतिवादी र वादी बुधनी थरूनीको श्रीमान् दाजु भाइ भएको तथ्यमा विवाद छैन । पुनरावेदक प्रतिवादीले दाजु र आफू मिति २०२७।२।१ मा घरसारमा छुट्टी भिन्न भएको दाबी गरे पनि उक्त मितिमा रीतपूर्वक घरसारमा छुट्टी भिन्न भएको प्रमाण पेस गर्न सकेको देखिँदैन । वादीको श्रीमान् सन्तराम थारूको मिति २०६०।५।१२ मा पुनरावेदक प्रतिवादीसँग एकासगोलमा रहँदा नै मृत्यु

भएको र वादी प्रतिवादीले घरबाट निकाला नगरेको मितिसम्म प्रतिवादीको सँगसाथमा रहेकी भन्ने फिराद दाबीलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। वादी दाबीलाई अन्यथा प्रमाणित गर्न नसकी वादीका श्रीमान्ले रोइना थारूलाई जग्गा खरिद गरिदिएको भन्ने प्रतिउत्तर जिकिरले मात्र प्रमाण पुग्दैन। वादी प्रतिवादी छुट्टी भिन्न भई अलग अलग बसेको देखिने भरपर्दो प्रमाण चाहिने।

प्रतिवादीको जिकिरबमोजिम एकातिर मिति २०२७।२।१ मा पुनरावेदक प्रतिवादी र वादीका श्रीमान् रीतपूर्वक छुट्टी भिन्न भएको प्रमाण देखिँदैन भने अर्कोतिर वादीका साक्षीले बकपत्र गरेअनुसार ७-८ वर्ष पहिले वादी प्रतिवादीबिच अंशबन्डा भएको पनि देखिँदैन। यसरी प्रतिवादीको पुनरावेदन जिकिर र वादीका साक्षीको बकपत्र फरकफरक हुनुको साथै प्रमाणबाट समर्थित नभएको हुँदा वादीको साक्षीको बकपत्र प्रमाणमा लिन मिल्ने नदेखिने।

वादी बुधनी थरूनीले मिति २०६०।८।११ मा दुल्लीकुमारी थरूनीलाई धर्मपुत्री राखेको देखिन्छ। उक्त धर्मपुत्रीको लिखत बदर गरी पाउन यी पुनरावेदक प्रतिवादीले बर्दिया जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा सुरू अदालतले वादी दाबी पुग्न नसक्ने ठहर गरेको फैसला पुनरावेदन अदालत नेपालगन्जबाट सदर भएकोमा आज यसै इजलासबाट पनि लगाउको धर्मपुत्री लिखत बदर मुद्दामा पुनरावेदन अदालत नेपालगन्जको फैसला सदर भएको परिप्रेक्ष्यमा प्रतिवादीबाट बुधनी थरूनीको धर्मपुत्री मु.स. गर्ने दुल्लीकुमारी थरूनीले अंश पाउने देखिँदा यस अदालतबाट भएको विपक्षी झिकाउने आदेश र पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः सुरू अदालतबाट वादी दाबी पुग्ने गरी भएको फैसला केही उल्टी गरी कि.नं. ११६५ को जग्गाबाट वादीले अंश नपाउने र कि.नं. ३५३ र १४७८ को जग्गाबाट मात्र वादीले अंश पाउने गरी केही उल्टी गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०६६।६।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम्।

- यसमा यसै लगाउको ०६८-CI-१४८४, धर्मपुत्री लिखत बदर, किशोरीलाल थारू वि. दुल्लीकुमारी थरूनी भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

इजलास नं.२

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७२-CR-०५१८, कर्तव्य ज्यान, नेपाल सरकार वि. ओमप्रकाश पौडेलसमेत*

अनुसन्धानको क्रममा र अदालतको बयानमा समेत कसुर ठहर भएका प्रतिवादी कृष्णप्रसाद पौडेलले प्रतिवादी ओमप्रकाश पौडेलको संलग्नतालाई इन्कार गरेका छन्। देउसी भैलीको दौरानमा मृतक, प्रतिवादी कृष्णप्रसाद पौडेल र ओमप्रकाश पौडेल सँगै बसी रक्सी खाएको, मोटरसाइकलमा सँगै हिँडेको र घर जाने क्रममा ओमप्रकाश पौडेल मोटरसाइकलबाट छुट्टिएपछि नै वारदात घटेको तथ्य मिसिलबाट खुल्न आएको छ। कृष्णप्रसाद पौडेलले मृतकसँग विवाद भई धकेलेपश्चात् मृतक भिरबाट लडी घाइते भएको र सोही चोटका कारण निजको मृत्यु भएको अवस्था देखिन्छ। अभियोजन पक्षले कुटपिट भएको भनी दाबी गरे पनि प्रतिवादी ओमप्रकाश पौडेलसमेतका प्रतिवादीहरू मृतकलाई कुटपिट गर्ने कार्यमा संलग्न रहेको तथ्य पुष्टि भएको देखिँदैन । घाइतेले होस खुलेपछि वारदातमा ओमप्रकाश पौडेलको संलग्नता रहेको भनी उल्लेख गरेको भन्ने सन्दर्भमा निज घाइते भई धेरै

समयसम्म बेहोसको अवस्थाबाट होसमा आएको भन्ने देखिन्छ । वारदात हुनुपूर्व मृतक टंकप्रसाद पौडेल प्रतिवादी कृष्णप्रसाद पौडेल र प्रतिवादी ओमप्रकाश पौडेल वारदातको दिन धेरै समयसम्म सँगै रही, सँगै बसी रक्सीसमेत सेवन गरेको र मोटरसाइकलमा सँगै यात्रासमेत गरेको अवस्था रहेको छ। सोही अवस्थाको स्मरण यी मृतकलाई हुनु स्वाभाविक नै मानिन्छ। सोही स्मरणका आधारमा प्रतिवादी ओमप्रकाश पौडेलको समेत नाम लिनुलाई अस्वाभाविक मान्न मिल्दैन । कसुर ठहर भएका प्रतिवादीले प्रतिवादी ओमप्रकाश पौडेलको वारदातमा संलग्नता रहेको भनी भन्न नसकेको र अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा यी प्रतिवादी ओमप्रकाश पौडेलको समेत मृतकलाई मार्ने कार्यमा संलग्नता थियो भनी भन्न मिल्ने नदेखिने।

जाहेरी दरखास्तमा नाम उल्लेख गर्दैमा सो कुरालाई मात्र आधार बनाई सजाय गर्न मिल्ने देखिँदैन । जाहेरीको कुरा अनुसन्धानबाट पुष्टि हुनुपर्छ । जाहेरी दरखास्तलाई अदालतले अन्य सङ्कलित प्रमाणको रोहमा परीक्षण नगरेसम्म वा अन्य प्रमाणहरूले समर्थन (corroborate) नगरेसम्म त्यस्तो जाहेरी आफैँमा स्वतन्त्र प्रमाण हुन नसक्ने।

मृत्युकालीन घोषणाको प्रामाणिक महत्त्व रहेकोमा विवाद छैन तथापि सो घोषणा तर्कसङ्गत रूपमा पुष्टि भएको हुनुपर्ने। तब मात्र प्रमाणग्राह्य हुन सक्छ । सङ्कलित प्रमाणबाट सिलसिलेवार रूपमा आरोपित व्यक्तिउपरको कसुरलाई स्वतन्त्र रूपमा पुष्टि गरेको हुनुपर्ने। मृत्युकालीन घोषणाको बेहोरालाई मुद्दामा स्थापित तथ्यले र अनुसन्धानले समर्थन नगरेसम्म प्रमाणको रूपमा ग्राह्य गरी फौजदारी कसुरमा कसुरदार ठहर गर्नु न्यायोचित नहुने।

प्रस्तुत वारदात प्रतिवादी ओमप्रकाश पौडेलको संलग्नताबाटै मृतकको मृत्यु भएको भन्ने वस्तुनिष्ठ आधारमा नदेखिँदा पुनरावेदन अदालत दिपायलले निजलाई सफाइ दिएको फैसला मनासिबै देखिँदा निजलाई समेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादीमध्येका कृष्णप्रसाद पौडेललाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको सुरू फैसला सदर गरी निजको मृत्यु भइसकेकोले सजाय गर्नु नपर्ने, प्रतिवादी ओमप्रकाश पौडेलको हकमा सुरू फैसला उल्टी भई सफाइ पाउने र अन्य प्रतिवादीहरूलाई सुरूले सफाइ दिएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम्।

इजलास नं.३

मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा, *०७३-CI-०७६४, अंश चलन, सेवालाल गोश्वामी वि. नेवालाल गोश्वामी*

प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा कि.नं. ७२ को ०-१९-१९ जग्गा आफूले हालैको बकसपत्रबाट प्राप्त गरेकोले बन्डा हुनु नपर्ने भन्ने जिकिर लिएको पाइयो। मिसिलसाथ संलग्न उक्त लिखतमा के कस्तो काम वा सेवा गरेबापत कुन जग्गा बकस पाएको हो भन्ने उल्लेख भएको नदेखिएको अवस्थामा केवल लिखतको नामकरण बकसपत्र भन्नेसम्म बेहोरा उल्लेख भएको आधारमा मात्र उक्त जग्गा निजी सीप र प्रयासबाट आर्जन गरिएको भन्ने मान्नु मनासिब नहुने। निज पुनरावेदक प्रतिवादी सेवालाल गोश्वामीको वारेस अर्जुन सापकोटाले सुरू सुनसरी जिल्ला

अदालतमा पेस गरेको तायदाती फाँटवारीमा समेत *"जिल्ला सुनसरी वसन्तपुर गा.वि.स. वडा नं. ७(घ) कि.नं.७२ को ०-१९-१९ जग्गा सुनसरी चोरघटिया गा.वि.स. वडा नं. २ बस्ने वासुदेव महतो कोयरीबाट र.नं.७९४६(क) मिति २०५७।३।४ गते बकसपत्र बेहोराबाट खरिद गरी लिएको"* भन्ने उल्लेख भएको देखिन्छ । यसरी पुनरावेदकको वारेसले पेस गरेको तायदाती फाँटवारीमा समेत उक्त जग्गा बकसपत्रको रूपमा प्राप्त गरिएको नभई "खरिद" गरी लिएको भन्ने उल्लेख गरेको देखिन्छ। प्रतिवादीको आफ्नै वारेसद्वारा अदालतमा पेस भएको तायदाती फाँटवारीमा "खरिद गरेको" भनी उल्लेख भइसकेको अवस्थामा सोको विपरीत हुने गरी निजी रूपमा बकसपत्र प्राप्त गरेको भनी दाबी गर्न प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विबन्धित हुने देखियो। तसर्थ कि.नं. ७२ को जग्गा आफ्नो निजी प्रयासबाट आर्जन गरेकाले बन्डा गर्नु नपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने।

अतः पुनरावेदक प्रतिवादीको वारेसले जिल्ला अदालतमा पेस गरेको तायदाती विवरणमा कि.नं. ७२ को जग्गा खरिद गरी लिएको भनी उल्लेख गरेको, बकसपत्रको लिखतमा कस्तो काम रिझ वा सेवाबापत बकसपत्र पाएको हो भन्ने उल्लेख नभएको तथा प्रतिवादीले आफ्नो निजी ज्ञान वा सीपबाट प्राप्त गरेको भन्नेसमेत पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी सेवालाल गोश्वामीको नाउँमा दर्ता रहेको कि.नं.७२ को क्षेत्रफल ०-१९-१९ जग्गासमेत बन्डा हुने ठहऱ्याएको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।६।७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल फाल्गुण १५ गते रोज ३ शुभम्।

इजलास नं.४

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७६-WH-०१५०, बन्दीप्रत्यक्षीकरण, नितेश चौधरी वि. बारा जिल्ला अदालतसमेत*

उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०६८।१०।१८ को फैसलाअनुसार यी निवेदक अमेरिका चौधरीलाई लागेको कैद वर्ष १ र जरिवाना रू. ५०।- बापत निजले सुरू अदालतमा राखेको नगद धरौटीलाई कायम राखी नपुग बाँकी रू.४,५५०।- दाखिल गराई निज प्रतिवादीलाई दोहोऱ्याई पाउँ भन्ने निवेदन दर्तासम्म गर्नलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्रदान गर्ने गरी उक्त अदालतका रजिस्ट्रारबाट मिति २०७६।२।१ मा आदेश भएको मिसिल संलग्न आदेशको प्रतिलिपिबाट देखिन्छ। यस अदालतको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन दायरीमा ०७५-RI-५१२५ को निवेदन दर्ता भई विचाराधीन रहेको भन्ने निवेदकले पेस गरेको तारिख पर्चा तथा मिसिल संलग्न कागजातबाट देखिन्छ । सो निवेदन विचाराधीन रहेकै अवस्थामा यी निवेदकलाई पक्राउ गरी कारागार कार्यालय पर्सा, वीरगन्जमा थुनामा पठाइएको भन्ने मिति २०७६।७।२८ को कैद म्याद ठेकिएको पुर्जीको प्रतिलिपिबाट देखिने।

यी निवेदकले उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला स्वीकार गरी अदालतमा समर्पण गरी फैसलाले लागेको कैदबापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्राप्त गरी सो फैसलाउपर मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन दायर गरी तारिखमा रही मुद्दाको प्रक्रिया अघि बढिरहेको अवस्थामा फैसला कार्यान्वयन गरी कैद असुल गर्ने

कार्य परस्परमा विरोधाभाषको स्थिति देखिने।

धरौट वा जमानत लिनुपर्ने प्रकृतिका मुद्दामा साबिकको अ.बं. १९४ नं. तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम कैदबापत धरौट वा जमानत लिई मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन दायर हुन सक्ने नै देखियो। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसलाले यी निवेदकलाई लागेको कैदबापत राखेको धरौटी स्वीकार गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्रदान गरी सो फैसलाउपर मुद्दा दोहोऱ्याई हेरी पाउन निवेदन दायर गरेको कार्य यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुकूल नै देखिन आयो। उक्त मुद्दा किनारा हुँदा निवेदकले कानूनबमोजिम दायित्व बहन गर्नुपर्ने नै देखिन्छ। तर त्यस्तो निवेदन दायर भई निवेदक तारिखमा रही मुद्दा विचाराधीन रहेको अवस्थामा निवेदकलाई पक्राउ गरी कैदमा राखेको कार्य यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा कानूनी मान्यताको प्रतिकूल देखिने।

अतः उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा उच्च अदालत जनकपुर, अस्थायी इजलास, वीरगन्जबाट भएको फैसलाउपर कैदबापत धरौटी राख्ने अनुमति प्राप्त गरी मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन दर्ता गरी यस अदालतमा विचाराधीन रहेको र सो मूल मुद्दा किनारा लागेको बखत कानूनबमोजिम हुने नै हुँदा हाल कैद असुल गर्न भनी निवेदकलाई कैद ठेकी कैदमा राखेको प्रत्यर्थी बारा जिल्ला अदालतको कार्यसमेत कानूनसम्मत नदेखिएकोले प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल पौष ८ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-CR-०७४६, कर्तव्य ज्यान, नेपाल सरकार वि. विकेन्द्र बोहरासमेत*

मृतक निसीबहादुर बस्नेतको मृत लास उत्तानो अवस्थामा भेटिएको, लासको बायाँ कानबाट रगत बगी सुकेको, दुवै खुट्टा अर्ध खुम्चिएको, दुवै खुट्टाको घसारिएको भागबाट रगत बगेको देखिएको, दाहिने खुट्टाको पछाडिको भागमा खोस्रिएको निलडाम, ढाडमा समेत थिचिएको डाम देखिएको, दाहिने कुममा छाला पिल्सिएको निलडाम देखिएको भन्ने विवरण उल्लेख भएको देखिन्छ। साथै मृतकको शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा Multiple abrasions throughout the body. Forehead shows abrasions 2x5 cm 3 in number. Abrasions over right side of nose, right zygomia, and right lower lid, left ear shows clotted blood. Abrasion over chin, anterior neck and upper chest. Abrasion over base of right thumbs. Multiple bruises over glank in 2 row extending horizontally from enterior axilla through midline upto below umbiulus & iliac crest level. Abrasions over inner aspect of right knee and left & right ankle. Abrasion over occiput. भनी उल्लेख भएको र Cause of death मा Intracranial Hemorrhage. भन्ने देखिने।

त्यस्तै मृतकको शव परीक्षण गर्ने डा. दीपक बन्जाडेले अदालतसमक्ष गरेको बकपत्र हेर्दा, स.ज. ७ मा मृतकको दिमागभित्र रगत बगेको कारणले मृत्यु भएको हो, स.ज. १० मा निजको दिमागको अगाडिपट्टि देब्रे भागमा रगत बगेको थियो। स.ज. १३ मा शरीरका विभिन्न भागमा घस्रिएका चोटहरू र कोतरिएको

दागहरू देखिन्छन् भने तथा स.ज. १५ मा चोटको प्रकृति हेर्दा हतियार प्रयोग भएको देखिँदैन भनी बेहोरा लेखाएको पाइयो । यसै सम्बन्धमा विशेषज्ञको रायलाई प्रमाणमा ग्रहण गर्नुपर्ने भनी ने.का.प. २०६७, अङ्क २, नि.नं. ८३११ मा *"विशेषज्ञको राय प्रतिवेदन यो यति कारणबाट शंकास्पद वा विरोधाभाषयुक्त छ भनी इजलाससमक्ष प्रस्ट्याउनुपर्ने सम्बन्धित पक्षको दायित्व हुने हुँदा यस्तो दायित्वलाई शंकारहित तवरबाट पुष्टि गर्नुपर्ने । विशेषज्ञले दिएको प्रतिवेदन शंकास्पद, द्विविधायुक्त वा अस्पष्ट नभई फटिकझैं स्वच्छ (Crystal Clear) र अन्य स्वतन्त्र प्रमाणले समर्थित गर्दछ भने त्यस अवस्थामा अदालत स्वयंले तर्क वितर्क गरी शंका उपशंका उठाउनुसमेत न्यायोचित नहुने । बिनाआधार विशेषज्ञले दिएको प्रतिवेदनलाई अन्यथा गर्दा वास्तविक न्याय प्रदान गर्ने उद्देश्यबाट दिशाभ्रमित हुने अवस्था उत्पन्न हुन जाने अवस्थाप्रति अदालत सजग हुनुपर्छ । अपराधलाई प्रमाणित गर्ने कडीको रूपमा रहने अनुसन्धानको क्रममा सङ्कलित प्रमाणका रूपमा अभिन्न अङ्ग मानिने प्रतिवेदनलाई अस्वीकार गर्न अदालतलाई त्यति नै स्पष्ट आधार र कारणको आवश्यकता पर्दछ । यसमा वस्तुनिष्ठ व्याख्यान गरी अस्वीकार गर्नुपर्ने वैज्ञानिक आधारसमेतको स्पष्ट उल्लेखन गरी विमति राखी खण्डन गर्न सक्नु पर्दछ र यो खण्डन चिकित्सा विधिशास्त्र (Medical Jurisprudence) का सर्वमान्य सिद्धान्तमा आधारित हुनुपर्ने । मृतकको लास र त्यसमा विशेषज्ञले गर्ने अध्ययनले मृत्युको कारणका बारेमा धारणा बनाउन अदालतलाई सहयोग गर्दछ । यस अर्थमा विशेषज्ञको रायले पनि बलियो प्रमाणको स्थान ग्रहण गर्न सक्दछ भन्ने सन्दर्भ नै चिकित्सकीय प्रमाण (Medical Evidence) को मूल मर्म हुने ।"* भनी सिद्धान्त प्रतिपादित भएको देखिन्छ जसबाट प्रस्तुत वारदातमा विशेषज्ञ चिकित्सकको रायलाई अन्यथा मान्न नसकिने ।

मृतकलाई कुटपिट गरी घाउ चोट बनाई कर्तव्य गरी प्रतिवादीहरूले मारेको देख्ने चश्मदिद जाहेरवाला अजन्ता बस्नेत वा माथि उल्लिखित प्रमाणका अन्य व्यक्ति रहे भएको भन्ने देखिँदैन । मृतकलाई प्रतिवादीहरूले वा अन्य कसैले हातपात, कुटपिट गरेको र सोही चोट पीडाले मृतकको दिमागमा रक्तस्राव भई मृतकको मृत्यु भएको देख्ने चश्मदिद एवं प्रत्यक्ष प्रमाण नदेखिनु, मृतकको शरीरमा घस्रिएको खोस्रिएको निलडाम जत्रतत्र रहेको भए पनि कुनै लाठी वा हातहतियारले सो चोटपटक लागेको भन्ने कुरा शव परीक्षण प्रतिवेदन तथा उक्त शव परीक्षण गर्ने डाक्टरको अदालतसमक्षको बकपत्रबाट खुलेको देखिँदैन । यस अवस्थामा घटना देख्ने प्रत्यक्ष चश्मदिद व्यक्तिहरूको अभाव र घटना गराउनमा यी प्रतिवादीहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता रहेको भन्ने कुराको तथ्यगत र वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको पाइँदैन । मृतकको शरीरमा कुनै जोखिमी हतियारको प्रहार भई सोही चोटका कारणबाट मृतकको मृत्यु भएको भन्ने अवस्था पनि देखिँदैन । यसरी प्रत्यक्ष एवं ठोस प्रमाणको अभावमा शंका र अनुमानको आधारमा मात्र कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा कसैलाई सजाय गर्नु न्यायोचित हुँदैन । यसै सम्बन्धमा ने.का.प. २०४३, अङ्क २, नि.नं. २६३६ मा *"प्रत्यक्ष एवं ठोस प्रमाणको अभावमा कसैलाई सजाय गर्नु न्यायोचित नहुने । प्रमाणको अभावमा कुनै व्यक्तिउपर सिर्फ अनुमानको भरमा अभियोग लगाउन न्यायको दृष्टिले नमिल्ने ।"* भनी कसैलाई कसुरदार ठहर गर्न ठोस प्रमाण आवश्यक पर्ने भन्ने नजिर प्रतिपादित भएको पाइने ।

ने.का.प. २०७५, अङ्क ९, नि.नं. १००९७ मा *"फौजदारी कसुरमा अभियुक्तहरूउपरको कसुर वादीले नि:सन्देह रूपमा प्रमाणित गर्नुपर्ने हुन्छ । यसलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले पनि स्पष्टरूपमा व्यवस्था गरेको पाइन्छ । कसुर शङ्कारहित तवरले*

प्रमाणित हुने प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा त्यसको सुविधा अभियुक्तले पाउने हुन्छ । कसुर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनुपर्ने । सङ्कलित वस्तुगत प्रमाणहरू, बुझिएका व्यक्तिहरूको भनाइ र वारदातको परिस्थितिजन्य प्रमाणहरू एकआपसमा बाझिएमा र आफैँमा शंकास्पद देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुन जाने ।" भन्ने सिद्धान्त प्रतिपादित भएको पाइन्छ प्रस्तुत मुद्दामा समेत उक्त सिद्धान्त आकर्षण हुने नै देखिने ।

प्रतिवादीहरूउपर शंका गर्नुपर्ने कारण पहिलेको झगडा रहेको भनी लेखाएको देखिन्छ । यी प्रतिवादीहरू र मृतकको परिवारबिचमा विगतमा झै-झगडा विवाद भएको र सो सम्बन्धमा कुलुङ प्रहरी चौकीमा मिलापत्र भएको भन्ने कुरा उल्लेख भएबाट यी दुई पक्षबिच विवाद रहेकोमा सोको निराकरण भइसकेको देखियो । कुनै विवादको विषयमा साधिकार निकायसमक्ष दुवै पक्ष उपस्थित भई स्वतन्त्र र स्वःस्फूर्त रूपमा मिलापत्र गर्नु भनेको दुवै पक्षले आफूलाई जित जितको अवस्थामा रहेको मनन गरी अब उप्रान्त विगतका विवादको विषयवस्तुलाई बिर्सँदै सुमधुर सम्बन्ध कायम गर्ने भन्ने नै बुझ्नुपर्ने हुन्छ । यसरी प्रतिवादीहरूको इन्कारी बयान, मृतकको मृत्युको कारण कुनै लाठी वा धारिलो हातहतियारको प्रयोगका कारण नभई Intracranial Hemorrhage (दिमागमा रगत बगेको कारण) ले भएको भन्ने शव परीक्षण प्रतिवेदन, प्रस्तुत वारदात देख्ने चश्मदिद प्रमाणको अभावसमेतका कारणबाट विगतमा दुवै पक्षबिचमा सहमति भइसकेको विवादको कारणले हाल आएर कर्तव्य गरी मार्नेसम्मको अवस्था सिर्जना गरेको भनी विश्वास गर्न सकिएन । यस स्थितिमा प्रतिवादीहरूलाई सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नसकिने ।

जाहेरवालाको अपुष्ट आरोप र जाहेरीलाई आधार लिई सुरू भोजपुर जिल्ला अदालतबाट प्रतिवादीहरू प्रेमबहादुर बोहरा, बिकेन्द्र बोहरा र खगेन्द्र बोहरालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी सिता बोहराले सफाइ पाउने गरी गरेको फैसला सिता बोहराको हकमा सदर भई अन्य प्रतिवादीहरू प्रेमबहादुर बोहरा, बिकेन्द्र बोहरा, खगेन्द्र बोहराका हकमा मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूसमेतले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत धनकुटाबाट मिति २०७२।०२।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पौष २० गते रोज १ शुभम् ।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७०-CR-०३७४, १०२३, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. भानु के.सी. भन्ने भानुभक्त कुँवर, रतनकुमार खड्का क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादी रतनकुमार खड्काले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन भनी जाहेरवालाको रकम सहप्रतिवादी भानु के.सी. भन्ने भानुभक्त कुँवरलाई दिएको भनी पोल गरेको भए पनि निजको दाबी पुष्टि हुने कुनै कागज प्रमाण पेस गर्न सकेको देखिएन । जाहेरवालाले प्रतिवादी भानु के.सी. भन्ने भानुभक्त कुँवरलाई किटान गरी जाहेरी दिएको पनि देखिएन । निजले वेदेशिक रोजगार न्यायाधिकरणसमक्षको बकपत्रमा पनि निज

प्रतिवादीको नाम लिएको नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी भानु के.सी. भन्ने भानुभक्त कुँवरको कसुरमा संलग्नता रहेको भन्ने कुनै विश्वसनीय प्रमाण पेस हुन सकेको नहुँदा सहप्रतिवादीको पोलको आधारमा मात्र निजलाई कसुरदार कायम गर्न नमिल्ने।

प्रतिवादी रतनकुमार खड्काको पुनरावेदन जिकिरतर्फ हेर्दा जाहेरवालाले पेस गरेको लिखतबाट निजले ३ दिनभित्र विदेश पठाउँछु भनी रू.६,६३,०००।- बुझी कागज गरिदिएको देखिन्छ । सो कागजमा भएको सहीछाप आफ्नो हो भनी निज प्रतिवादीले स्वीकार गरेको देखिन्छ । जाहेरवालाबाट लिएको रू.६,५०,०००।- भानु के.सी.लाई दिएको हुँ, भनी निज प्रतिवादीले बयान गरेको भए पनि सो तथ्य पुष्टि गर्न सकेको देखिएन । निजले बयानको क्रममा जाहेरवालाबाट ६,५०,०००।- लिएको र रू.१,०६,०००।- (एक लाख छ हजार) जाहेरवालालाई फिर्ता दिएको छु भनी बेहोरा लेखाएको भए तापनि लिखतबाट रू.६,६३,०००।- लिएको देखिन आएको र जाहेरवालाको अदालतमा भएको बकपत्रबाट रू. एकलाख फिर्ता पाएको भनी स्वीकार गरेको हुँदा लिखतबमोजिमको बिगोमा उक्त फिर्ता पाएको रकम कट्टा गर्दा रू. ५,६३,०००।- बाँकी रहेको देखिन आयो । प्रतिवादी रतनकुमार खड्काले गरी दिएको कागजको बेहोराबाट निजले वैदेशिक रोजगारकै प्रयोजनका लागि रकम लिएको देखिन आएको छ। निजले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत नलिएको भनी स्वीकार गरेको पाइन्छ। यसरी वैदेशिक रोजगार सञ्चालनको अनुमति नलिएका प्रतिवादीले जाहेरवालासमेतलाई वैदेशिक रोजगारमा पठाउने भनी गरेको कागजसमेतबाट निजले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको देखिन आएको हुँदा जाहेरवालालाई विदेश पठाई नसकेको अवस्थालाई विचार गरी निज प्रतिवादी रतनकुमार खड्कालाई ऐ. ऐनको दफा ४३ बमोजिम कैद तथा जरिवानासमेत हुने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा देखिन नआउने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार, कारणबाट प्रतिवादी रतनकुमार खड्कालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने तथा जाहेरवालाको बाँकी बिगो रू.५,६३,०००।- (पाँच लाख त्रिसट्ठी हजार) र सोको ५० प्रतिशतले हुने हर्जाना रकम रू.२,८१,५००।- (दुई लाख एकासी हजार पाँच सय) समेत जम्मा रू.८,४४,५००।- (आठ लाख चौवालिस हजार पाँच सय) जाहेरवालाले निज प्रतिवादीबाट भरी पाउने र अर्का प्रतिवादी भानु के.सी. भन्ने भानुभक्त कुँवरले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।८।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेश खनाल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल वैशाख २० गते रोज ५ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६९-RB-००६९, करारबमोजिम यथावत् परिपालना, राजेन्द्रकुमार थापा वि. मिलबहादुर कायस्थको मु.स.गर्ने सुर्यबहादुर कायस्थ*

वादी राजेन्द्रकुमार थापाले प्रतिवादी मिलबहादुर कायस्थसँग मिति २०६५।७।३ मा जग्गा खरिद बिक्री गर्ने गरी करार गरेकोमा म्यादभित्र करारको सर्तअनुसार प्रतिवादीले जग्गा रजिस्ट्रेसन पारित नगरेको कारण सो करारको यथावत् परिपालना गराई उक्त जग्गा मेरो नाउँमा गरिपाउँ भन्ने मागदाबी लिई वादीले सुरू फिराद गरेको देखिन्छ । वादीको मागदाबीबमोजिम करारमा उल्लिखित जग्गा वादीको

नाउँमा रजिस्ट्रेसन पारित गराई करारको यथावत् परिपालना हुन नसक्ने गरी मिति २०६७।३।१४ मा भएको सुरू फैसलामा चित्त बुझाई वादीले पुनरावेदन नगरी बसेको देखिन्छ । यसरी करारको यथावत् परिपालना गराई पाउँ भन्ने वादीको मागदाबी अन्तिम भइसकेको देखिँदा सोतर्फ केही विचार गरिरहन नपर्ने।

वादीको साँवा र क्षतिपूर्ति भराउने सम्बन्धमा करार ऐन, २०५६ को दफा ८५ को कानूनी व्यवस्था हेर्दा *करारबमोजिम काम गरिसकेको वा गरिरहेकोमा अर्को पक्षको गल्तीले करार अन्त्य भएमा र नि:शुल्क दिने स्पष्ट अभिप्राय नराखी दिइएको कुनै सेवा वा वस्तु अर्को पक्षले उपभोग गरेमा मर्का पर्ने पक्षले आफूले गरेको काम वा बुझाएको नगद वा जिन्सीबापत सोको अनुपातमा भुक्तानी पाउन दाबी गर्न सक्ने* छ भन्ने उल्लेख भएको पाइन्छ। सोअनुसार वादी प्रतिवादीबिच मिति २०६५।७।३ मा भएको करारमा उल्लेख भएबमोजिम प्रतिवादीले जग्गा रजिस्ट्रेसन पारित गराउन वादीबाट बैना रू.२५,००,०००।- बुझेको देखिएको र सो कुरामा प्रतिवादीले कुनै विवाद गरेको पाइँदैन। तथापि करारको सर्तबमोजिम सो बैना रकम र क्षतिपूर्तिसमेत भराई पाउनका लागि फिरादमा वैकल्पिक दाबी लिनुपर्ने हुन्छ। तर वादीले करारको यथावत् परिपालना गराई उक्त जग्गा मेरो नाउँमा गरिपाउँ भन्ने मात्र दाबी लिई बैना रकम र क्षतिपूर्तिसमेत भराई पाउनका लागि फिरादमा वैकल्पिक दाबी लिएको देखिँदैन । यसरी वादीले दाबी नै नलिएको विषयमा दाबीभन्दा बाहिर गई वादीको साँवा र क्षतिपूर्ति भराइदिन मिल्ने नदेखिने।

करार ऐन, २०५६ मा करारमा वादी प्रतिवादीबिच जग्गा रजिस्ट्रेसन गर्न तोकिएको समयमा प्रतिवादीले करारीय दायित्व पूरा नगरेबापत क्षतिपूर्ति दाबी गर्नुपर्नेमा वादीले बैना रकम र सोको क्षतिपूर्ति मागदाबी नै नगरेको अवस्थामा सुरू अदालतले दाबीभन्दा बाहिर गई वादीलाई उक्त बैना रकम र सोको क्षतिपूर्ति भराइदिन मिल्ने नदेखिदा वादीलाई बैना रकम र सोको क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याएको हदसम्म सुरू फैसला केही उल्टी गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।८।१८ मा भएको फैसला मनासिब देखिने।

अत: उल्लिखित आधार र कारणबाट वादी र प्रतिवादीबिच मिति २०६५।७।३ मा भएको करारमा उल्लिखित बैना रकम दिलाई भराई पाउनेतर्फ वादीको दाबी नै नभएको अवस्थामा बैना रकम र सोको क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६७।३।१४ मा भएको फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।८।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७६ साल पुस १४ गते रोज २ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०६९-CI-०७७२, ०७७३, जग्गा खिचोला मेटाई घर उठाई चलन, अरूणकुमार साह वि. पाँचु साहसमेत, देवनारायण साह वि. अरूणकुमार साह*

वादीले स्वयं यिनै प्रतिवादी पाँचु साहका बाबु कुसमी साहबाट राजीनामाद्वारा रजन साहले लिई निजको मृत्युपश्चात् निजकी श्रीमती तेतरीदेवीले नामसारी गराई निजबाट वादी अरूणकुमार साहले साबिक कि.नं.४२ को ज.वि.०-०-१८ जग्गा र साबिक कि.नं.४३ को ज.वि.०-४-१८ जग्गा मिति २०५०।११।५ मा हालैको बकपत्रको लिखतबाट प्राप्त गरेको देखिन्छ । वादीले खरिद गरेको उक्त साबिक कि.नं.४२ को ज.वि.०-०-१८ जग्गा र साबिक कि.नं.४३ को ०-४-१८ जग्गासमेतको जम्मा ज.वि.०-५-१६ जग्गा हुनुपर्ने देखिन्छ । तर सुरू अदालतबाट मिति २०६६।१२।३० मा भई आएको नक्सा मुचुल्काअनुसार वादीले न.नं.३ मा साबिक

कि.नं.४२ बाट ज.वि.०-२-१४.४२ जग्गा र न.नं.५ मा साबिक कि.नं.४३ बाट ज.वि.०-२-१५.२२ जग्गा भोग गरेको देखिन्छ । उक्त न.नं.४ मा विवादित जनिएको ज.वि.०-१-१.३८ जग्गासमेत जोड्दा पनि वादीको भोग आवादमा रहेको साबिक कि.नं.४२ र ४३ बाट जम्मा ज.वि.०-५-९.६४ जग्गा मात्र देखिन आई वादीको स्रेस्ताभन्दा कमी रहेको पाइयो । उक्त न.नं.४ को पूर्वदक्षिण कुनामा रहेको घर प्रतिवादीले मिति २०६३।९।२२ गतेपश्चात् बनाएको तथ्ययुक्त प्रमाण वादीले पेस दाखिल गर्न सकेको नदेखिँदा प्रतिवादीले नक्सा मुचुल्कामा लिएको जिकिरअनुसार उक्त जग्गामा प्रतिवादीहरूले ८ वर्ष पहिले नै सो घर बनाएको सिद्ध हुने देखिन्छ । त्यसकारण सुरू अदालतबाट भएको उक्त नक्सा मुचुल्कामा विवाद जनिएको न.नं.४ को जग्गामा भएको पूर्वदक्षिण कुनामा रहेको प्रतिवादीहरूको घर र सो घरले ओगटेको जग्गासम्म बाहेक गरी बाँकी जग्गा र सो जग्गामा भएको रूखहरूसमेत वादी दाबीबमोजिम प्रतिवादीहरूले खिचोला गरेको देखिने ।

वादीले खरिद गरेको साबिक कि.नं.४२ को ज.वि.०-०-१८ जग्गा र साबिक कि.नं.४३ को ०-४-१८ जग्गासमेतको जम्मा ज.वि.०-५-१६ जग्गा हुनुपर्ने देखिएको र हाल उक्त नक्सा मुचुल्काअनुसार न.नं.३ मा वादीको साबिक कि.न.४२ बाट ज.वि.०-२-१४.४२ जग्गा र न.नं.५ मा वादीको साबिक कि.नं.४३ बाट ज.वि.०-२-१५.२२ जग्गासमेत गरी जम्मा ज.वि.०-५-९.६४ भोग आवाद गरिरहेको र विवाद जनिएको न.नं.४ को ज.वि.०-१-१.३८ जग्गासमेत जोड्दा पनि वादीको भोग आवादमा रहेको जग्गा कमी हुन जाने देखिँदा उक्त विवाद जनिएको न.नं.४ को जग्गाको पूर्वदक्षिण कुनामा रहेको प्रतिवादीहरूको घर र सो घरले ओगटेको जग्गासम्म बाहेक गरी बाँकी जग्गा र सो जग्गामा भएको रूखहरूसमेत वादी दाबीबमोजिम प्रतिवादीहरूले खिचोला गरेको ठहर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।१०।०८ मा भएको फैसला मनासिब देखिने ।

अत: उल्लिखित आधार र कारणबाट सुरू सप्तरी जिल्ला अदालतबाट वादी दाबी नपुग्ने गरी मिति २०६७।२।३० मा भएको सुरू फैसला केही उल्टी भई सुरू अदालतबाट मिति २०६६।१२।३० मा भएको नक्सा मुचुल्कामा जनिएको विवादित न.नं.४ मा भएको पूर्वदक्षिण कुनामा रहेको प्रतिवादीहरूको घर र सो घरले ओगटेको जग्गासम्म बाहेक गरी बाँकी जग्गा र सो जग्गामा भएको रूखहरूसमेतमा वादी दाबीबमोजिम प्रतिवादीहरूले खिचोला गरेको ठहरी प्रतिवादीहरूको सो खिचोला मेटाई वादीले चलनसमेत पाउने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।१०।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल पुस १४ गते रोज २ शुभम् ।

इजलास नं.५

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की, *०७४-CR-१२१३, जबरजस्ती करणी, देवेन्द्र यादव वि. नेपाल सरकार*

सुरू मिसिल संलग्न रहेको घटनास्थल मुचुल्कामा जाहेरवाली सुत्ने कोठाको बाँसको ढोका टुटेको अवस्था रहेको, कोठामा रहेको सामान यत्रतत्र छरिएर रहेको भन्ने उल्लेख भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादी देवेन्द्र यादवले दुई वर्षअगाडि पनि पीडित जाहेरवालीलाई जबरजस्ती करणी गर्न खोजेको विषयमा गाउँघरमा छलफल भई माफी मागी मिलापत्र भएकोमा सोही पुरानो रिसइवीका कारण प्रस्तुत जबरजस्ती करणी गरेका हुन् भनी अनुसन्धानमा बुझिएका वौएलाल मण्डलसमेतले

उल्लेख गरेको देखिएको छ । निज वौएलाल मण्डल, सन्तोष मण्डल खत्वेसमेतले अनुसन्धानमा उल्लेख गरेको बेहोरा समर्थन गरी बकपत्र गरिदिएको देखिन्छ । पुनरावेदक प्रतिवादी देवेन्द्र यादवले अनुसन्धानका क्रममा बयान गर्दा पीडित जाहेरवालीसँग दुई वर्षअगाडि भएको विवादमा आफूसमेतले गाउँ समाजमा माफी मागेको रिसइवी राखी बदला लिने उद्देश्यले मादक पदार्थ सेवन गरी अन्य प्रतिवादीहरूलाई बोलाई जाहेरवालीको घरमा गई निजलाई पालैपालो सामूहिक करणी गरेको तथ्य स्वीकार गरेको देखिन्छ । पुनरावेदकको उक्त साबिती जाहेरवालीले गरेको बकपत्र एवम् अनुसन्धानमा बुझिएका वौएलाल मण्डल, सन्तोष मण्डल खत्वेसमेतका मानिसहरूले गरिदिएको बकपत्रबाट पुष्टि भइरहेको अवस्था छ । पुनरावेदकले अदालतमा दाबीको कसुर इन्कार गरी बयान गरेको र निजको बयान समर्थनमा निजका साक्षी सत्यनारायण र नेमलालले बकपत्र गरेको देखिए पनि पीडित जाहेरवाली विवाहित एउटा छोरीको आमासमेत रहेकी भन्ने जाहेरी दरखास्तबाट देखिन्छ । जायजन्मसमेत भएकी विवाहित नारीले आफ्नो सतीत्व एवम् चरित्रमा आँच आउने गरी आफूलाई यी पुनरावेदक देवेन्द्र यादवसमेतले सामूहिक करणी गरेको भनी झुट्टा आरोप लगाउनुपर्ने अवस्था देखिन नआउने ।

पीडितको शारीरिक जाँचबाट जबरजस्ती करणीको लक्षणहरू पुष्टि नभएको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा जाहेरवाली विवाहित छोरी जन्माइसकेकी महिला रहेको र निजलाई जबरजस्ती करणी गर्दाको अवस्थामा सामूहिकरूपमा प्रतिवादीहरूले निजको मुख गम्छाले थुनी आँखामा साडीले पट्टी बाँधी चल्न चटपटाउन नदिएको भन्ने उल्लेख गरेको देखिएबाट पीडितले प्रतिवाद गर्न नसक्ने भई प्रतिकारका र यौन सम्पर्कका चिह्न सङ्केतहरू देखिन नसक्ने अवस्थालाई इन्कार गर्न मिल्दैन । पीडितको शारीरिक जाँच तत्काल हुन नसकी भोलिपल्ट मात्र भएको भन्ने देखिएकाले करणीका सङ्केतहरू नदेखिनु अस्वाभाविक नदेखिने ।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ मा **"बिस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैद हुने"** भन्ने र सोही महलको ३क. नं. मा **"महिलालाई सामूहिकरूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दाकी पीडित परिवर्तित नाम २०(द) २० वर्षभन्दा बढी उमेरकी भन्ने मिसिल कागजबाट देखिन आएको र निज पीडितलाई प्रतिवादी देवेन्द्र यादवसमेतले जबरजस्ती करणी गरेको तथ्यसमेत उल्लिखित तथ्यगत आधारहरूबाट देखिन आउने ।

यसरी जाहेरवालाको किटानी जाहेरी, निजको मौकाको भनाइ र सो भनाइलाई समर्थित हुने गरी गरेको बकपत्र, घटना प्रकृति मुचुल्काबाट कोठाको बाँसको ढोका तोडिएको, टाँटी भत्केको, यत्रतत्र सामानहरू छरिएको भन्ने देखिएको, घटनास्थल मुचुल्कामा कागज गर्ने मानिसहरू वौएलाल मण्डल र सन्तोष मण्डलसमेतका मानिसहरूले सो घटनालाई पुष्टि हुने गरी कागज गरिदिएको र सो भनाइलाई अदालतमा गरेको बकपत्रले समेत पुष्टि गरेको, प्रतिवादी देवेन्द्र यादवले अनुसन्धानको क्रममा कसुर गरेकोमा साबित रही बयान गरेकोसमेतका प्रमाण एवम् उल्लिखित यस अदालतबाट जबरजस्ती करणी मुद्दामा भएको व्याख्यासमेतका आधारमा यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ (५) नं. बमोजिम निजलाई ५ वर्ष कैद र सामूहिकरूपमा करणी गरेको पुष्टि हुँदा सोही ऐनको ३ (क) नं. बमोजिम थप ५ वर्ष कैद सजाय हुने र निज प्रतिवादीबाट पीडितलाई रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्ति

भराइदिने ठहऱ्याई भएको धनुषा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत जनकपुरको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः विवेचित आधार, कारण, कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तसमेतबाट प्रतिवादी देवेन्द्र यादवले अभियोग दाबीबमोजिम कसुर गरेको तथ्य प्रमाणित हुन आएकाले उच्च अदालत जनकपुरको मिति २०७४।०१।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २२ गते रोज १ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की, *०७४-CR-१६१२, डाँका चोरी, नेपाल सरकार वि. हसन सेखसमेत*

वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत चोरी वारदात अभियोग दाबीबमोजिम मुलुकी ऐन, चोरीको ६ नं. अन्तर्गत डाँका चोरी कायम गरी प्रतिवादीहरूलाई सोहीबमोजिम सजाय हुनुपर्ने भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा अभियोगपत्रमा प्रतिवादी कायम गरिएका हुसेन शेख र सन्तोष कलवारको वतन नै यकिन नभएको आधारमा सुरू जिल्ला अदालतले निजहरूको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९ (क)(४) बमोजिम तामेलीमा राखेको देखियो। वादी पक्षबाट निजहरूको वास्तविक वतन यकिन गरी निजहरूको अस्तित्व स्थापित गराउन सकेको देखिएको छैन। डाँका चोरीको वारदात कायम हुन मुलुकी ऐन, चोरीको ६ नं. मा चारजनाभन्दा बढ्ताको जमात हुनुपर्ने भएकाले चारजना बढी संलग्न भएको देखाउने उद्देश्यबाट वतन नै यकिन हुन नसकेका व्यक्तिहरूको नाम उल्लेख गरी दायर गरेको अभियोगपत्रबाट उक्त ऐनले परिभाषा गरेअनुसार प्रस्तुत चोरीको वारदात डाँका चोरी कायम गर्ने अवस्था नदेखिने।

प्रतिवादी हसन शेख र रमेश श्रेष्ठबाट विभिन्न हातहतियार बरामद भएको र ती हातहतियार देखाई डर त्रासमा पारी धनमाल चोरी गरेको भन्ने जाहेरी दरखास्तबाट देखिएको छ । जाहेरवालाले आफ्नो जाहेरी बेहोरा समर्थन गरी बकपत्र गरेकोसमेतबाट प्रस्तुत वारदात मुलुकी ऐन, चोरीको ४ नं. मा परिभाषा गरेअनुसार जबरजस्ती चोरीअन्तर्गत नै पर्ने देखिन आयो। सजायको हकमा उक्त ऐनको भएको महलको १४ नं. को देहाय २ मा रहेको कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादी रमेश श्रेष्ठ र हसन शेखलाई सोही १४ नं. बमोजिम सजाय हुने देखिने।

प्रतिवादी जाफर शेख र टेकबहादुर वि.क.लाई सफाइ दिएको मिले नमिले सम्बन्धमा हेर्दा निज जाफर शेखबाट चोरीको धनमाल बरामद भएको देखिएको छैन। निजले कसुर इन्कार गरी बयान गरेको अवस्था छ। अदालतमा साबित भई बयान गर्ने रमेश श्रेष्ठ र हसन शेखले यी प्रतिवादी जाफर शेख चोरीमा संलग्न रहेको भनी पोल गरेको नदेखिएकाले निज जाफर शेखउपरको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको उच्च अदालत पोखराको फैसला अन्यथा देखिन नआउने।

प्रतिवादी टेकबहादुर वि.क.का हकमा विचार गर्दा निजले कसुर इन्कार गरी प्रतिवादीमध्येका रमेश श्रेष्ठले श्रीमतीको तिलहरी हो भनेको पुरानो तिलहरी भएकाले बिल छैन भनेकाले २५ लालको तिलहरी रू.१३,०००।– मा चोरीको माल हो भनी नजानी खरिद गरी लिएको भन्ने उल्लेख गरी बयान गरेको देखिन्छ। निजउपर चोरीको २३ नं. को कसुर कायम गरी सजाय माग गरेको देखिएको छ । चोरीको २३ नं. मा **"माल किन्दा सो मालको मोलमा सयकडा पन्ध्रसम्म वा बन्धकमा सयकडा बिससम्म नाफा हुने गरी कागज नगरी वा सोभन्दा बढ्ता परे पनि कागज गरी लिएकोमा चोरीको भन्ने नजानी लिएको भए बात लाग्दैन। लेखिएदेखि बढ्ता नाफा हुने गरी**

लिएकोमा कागज नगरी लिएको रहेछ वा चोरीको हो भनी जानी बुझी लिएको रहेछ भने यसै महलको २४ नम्बरबमोजिम गर्नुपर्छ । यस्ता मालको मोल कायम गर्दा सो लिएको अवस्थामा सो मालको पर्ने मोलबाट बिगो कायम गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ । निज प्रतिवादी टेकबहादुर वि.क.ले खरिद गरेको सुनको गहना चोरीको भन्ने जानी जानी सयकडा बिसभन्दा बढी नाफा लिने गरी खरिद गरेको भन्ने तथ्य प्रमाणित हुन नआएकाले निजलाई सफाइ दिने ठहऱ्याएको फैसलासमेत अन्यथा देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार कारणहरू तथा कानूनी व्यवस्थासमेतबाट प्रतिवादीहरू जाफर शेख र टेकबहादुर वि.क.ले अभियोग दाबीबाट सफाइ पाउने, अन्य प्रतिवादीहरू रमेश श्रेष्ठ र हसन शेखका हकमा वारदातमा संलग्नताको संख्याको आधारमा सुरू अदालतको फैसलामा केही उल्टी गरी निज प्रतिवादीहरूले गरेको कसुर चोरीको महलको ४ नं. अन्तर्गतको भई प्रतिवादीहरूलाई ऐजन महलको १२ नं. र १४(२) नं. बमोजिम जनही ०।१।१५ (एक महिना पन्ध्र दिन) कैद तथा रू. ३०,०००।- (तिस हजार रूपैयाँ) जरिवाना हुने र मुलुकी ऐन, चोरीको १४ नं. बमोजिम जरिवानाबापत प्रतिवादीहरूलाई जनही ३।३।१५ (तीन वर्ष तीन महिना पन्ध्र दिन) कैद हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७४।०१।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको सुरू अभियोग दाबीबमोजिम हुनुपर्छ भनी लिएको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादीहरू रमेश श्रेष्ठ र हसन शेखलाई मुलुकी ऐन, चोरीको महलको १२ नं. र १४(२) नं. बमोजिम निजहरूलाई लागेको कैद भुक्तान भइसकेको देखिएकाले यस अदालतको च.नं. १३१६०, मिति २०७६।०३।२३ को पत्रबाट निज प्रतिवादीहरू रमेश श्रेष्ठ र हसन सेखलाई अरू मुद्दामा थुना वा कैदमा राख्नु नपर्ने भए यस मुद्दाबाट थुनामुक्त गरिदिन लेखी गएको हुँदा थप केही गरिरहनु नपर्ने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार २२ गते रोज १ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की, *०७५-CR-०२२३, जबरजस्ती करणी, अनिलकुमार यादव वि. नेपाल सरकार*

पीडित कैलाली ७१ टिकापुर "ख" अपाङ्ग रहेको भन्ने तथ्यमा पुनरावेदकले विवाद गरेको देखिँदैन । पीडितको शारीरिक अवस्था जाँच गर्ने चिकित्सकले दिएको जाँच प्रतिवेदनमा पीडित जन्मजातै सुस्त मनस्थितिको भई बोल्न नसक्ने, बायाँ खुट्टाको पैताला जन्मजातै बाङ्गो भएको भन्ने उल्लेख भएकाले जाहेरी दरखास्तमा पीडित अपाङ्ग रहेको भनी उल्लेख भएको तथ्य प्रमाणित हुन आउने।

पीडित दिसा बस्न गएको अवस्थामा प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त परेकोमा अनुसन्धानको क्रममा यी पुनरावेदकले बयान गर्दा मिति २०७२।६।८ मा दिउँसो घुम्न गएको, पीडितलाई नरकट झाडीमा दिसा गरिरहेको देखी मन थाम्न नसकी नजिकै मकैबारीमा लगी पीडितलाई नाङ्गै बनाई आफूले लगाएको लुगासमेत खोली करणी गरी लुगा लगाउने क्रममा पीडितको दाजुले देखेकाले आफू भागी गएको भनी पीडितलाई करणी गरेको स्वीकार गरेको देखिन्छ । पुनरावेदक प्रतिवादीको उक्त स्वीकारोक्ति पीडितको शारीरिक जाँच गर्ने चिकित्सकको प्रतिवेदनमा करणी गरेको लक्षण देखिएको, योनिद्वार वरपर घाउजस्तो भई रातो भएको, योनिद्वार सुनिएको जस्तो देखिएको जुन हालसालै करणी भएको लक्षण हो भन्ने उल्लेख भएको तथ्यहरूबाट समर्थित भएको छ । पीडित स्वयम्ले

गरिदिएको कागज, जाहेरवाला तथा अनुसन्धानमा कागज गर्ने सन्ध्या वि.क.को बकपत्रसमेतबाट पीडित र यी पुनरावेदक प्रतिवादीलाई मकैबारीमा देखेको पीडित चिच्याएको भन्ने उल्लेख भएको र पीडितको शारीरिक परीक्षणबाट निजलाई करणी गरेको तथ्य स्थापित भइरहेको देखिएकाले पीडितलाई पुनरावेदक प्रतिवादी अनिलकुमार यादवले जबरजस्ती करणी गरेको प्रमाणित हुन आएको पाइने।

पीडितको उमेरको सम्बन्धमा जाहेरीमा १३ वर्ष उल्लेख भए पनि पीडितको उमेर परीक्षणबाट १६/१७ वर्षकी हुनसक्ने भन्ने उल्लेख भएको देखिन्छ । अनुसन्धानमा बुझिएकी सन्ध्या वि.क.यी पीडितको भाउजू नाताकी रहेको देखिन्छ । निज सन्ध्या वि.क.ले बकपत्र गर्दा जन्मदर्ताको आधारमा पीडित १७ वर्षकी भन्ने उल्लेख गरेको देखिएकाले पीडित १६ वर्ष पुगेको अवस्था देखिन आउने।

यसरी उल्लिखित प्रमाण कागजहरूबाट १७ वर्षकी अपाङ्ग रहेकी नाम परिवर्तित पीडित कैलाली ७१ टिकापुर “ख” लाई पुनरावेदक प्रतिवादी अनिलकुमार यादवले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. अन्तर्गत जबरजस्ती करणी गरेको तथ्य निज पुनरावेदक प्रतिवादीले अनुसन्धानमा गरेको साबिती बयान, सो साबिती बयानलाई पीडितको शारीरिक परीक्षण प्रतिवेदन तथा जाहेरवाला र अनुसन्धानमा बुझिएको सन्ध्या वि.क.को बकपत्रसमेतबाट प्रमाणित भएकाले सुरू जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय (४) बमोजिम कैद वर्ष ५ (पाँच) र सोही महलको ३क नं. बमोजिम थप कैद ५ वर्ष (पाँच) हुने र पीडितलाई रू.१,००,०००।- (एक लाख रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर गरेको उच्च अदालत दिपायलको फैसला मिलेकै देखिएकाले अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार, कारण, कानूनी व्यवस्थासमेतबाट प्रतिवादी अनिलकुमार यादवलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. को देहाय (४) बमोजिम कैद वर्ष ५ (पाँच) र सोही महलको ३क नं. बमोजिम थप कैद वर्ष ५ (पाँच) सजाय हुने तथा पुनरावेदक प्रतिवादीबाट पीडितलाई सोही महलको १० नं. बमोजिम रू.१,००,०००।– (एक लाख रुपैयाँ) क्षतिपूर्ति भराइदिने ठहर्‍याएको उच्च अदालत दिपायलको मिति २०७४।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार २२ गते रोज १ शुभम्।

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई, *०७५-WH-०१०५, बन्दीप्रत्यक्षीकरण, प्रेममान डंगोल वि. गृह मन्त्रायलसमेत*

नकारात्मक सूचीमा रहेदेखि बाहेकको अवस्थामा असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिने व्यवस्था रहेको देखिने।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ तथा कारागार नियमावली, २०२० को नियम २९(२क) बमोजिम सुविधा प्रदान गर्दा तजबिजी अधिकार प्रयोग गरी मूल्याङ्कन गरिनुपर्ने अवस्था रहेको देखिन्छ । कानूनले कुनै सार्वजनिक अधिकारीलाई कुनै तजबिजी अधिकार दिनुको तात्पर्य स्वेच्छाचारी हुनका लागि नभएर उच्चतम बुद्धिमत्ताको प्रयोग गरी न्यायोचित परिणाम सुनिश्चित गर्नका लागि तजबिजी अधिकार दिइएको हो । निर्णय गर्ने अधिकारीले विवेकपूर्ण र तथ्यपरक रूपमा तजबिजको प्रयोग गरी ऐनले तोकेको दायराभित्र रहेर उचित निर्णय गर्नु नै पर्दछ । तजबिजी अधिकार हो भन्ने कुराको आडमा निर्णय नै नगरी बस्न

मिल्दैन। कानूनबमोजिम आफूले गर्नुपर्ने निर्णय नै नगरी बस्ने र परिणामतः ऐनले गरेको व्यवस्थालाई निष्प्रभावी तुल्याउने छुट कुनै सार्वजनिक अधिकारीलाई हुन नसक्ने।

रिट निवेदक प्रेममान डंगोल सत्तरी वर्ष उमेर पूरा भई पचहत्तर वर्ष ननाघेका ज्येष्ठ नागरिक भएको तथ्यमा विवादरहित तवरबाट पुष्टि भइरहेको, ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ मा ज्येष्ठ नागरिकलाई उमेर हदको आधारमा निजका हकमा पचास प्रतिशतसम्म कैद सजायमा छुट दिन सकिने व्यवस्था रहेको, कारागार नियमावली, २०२० को नियम २९ (२क) मा समेत असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरूको हकमा कैद सजाय छोट्याउन सकिने व्यवस्था रहेको देखियो। सोबमोजिम सुविधाको लाभ यी निवेदकलाई दिनु नपर्ने वा निजले सो सुविधा नपाउने देखिन्छ भने आधार र कारणसहित निर्णय गरिनुपर्ने देखियो। यस निवेदनमा निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी लिएको मागदाबीका सन्दर्भमा विचार गरी हेर्दा, यी निवेदकलाई उल्लिखित दुवै मुद्दामा गरी रू. ४,५०,०००।– (चार लाख पचास हजार रूपैयाँ) जरिवाना लागेकोमा निजले काठमाडौं जिल्ला अदालतबाट रसिद नं. १८१, मिति २०७५।११।२१ मा उक्त जरिवानाबापतको रकम भुक्तानी गरेको मिसिल संलग्न रसिदबाट देखिन आएको छ। फौ.नं. ६८ मा भएको ठुलो हदको कैद सजाय ३।०।० (तीन वर्ष) मध्ये निजले ०।१।९ (एक महिना नौ दिन) कैद सजाय प्रहरी हिरासतमा बसिसकेको देखिँदा सो अवधि कटाई भुक्तान गर्न बाँकी रहेको कैद सजाय २।१०। २१ (दुई वर्ष दश महिना एक्काइस दिन) असुल गर्नुपर्ने देखिँदा निजलाई कैदमा राखिएको कार्यलाई गैरकानूनी मान्न नमिल्ने।

अतः रिट निवेदनका निवेदक प्रेममान डंगोललाई वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६७।०३।०६ को फैसलाबमोजिम कैदमा राख्ने गरी मिति २०७४।०५।२९ मा काठमाडौं जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जी कानूनबमोजिमको नै देखिँदा निजका हकमा बन्दीप्रत्यक्षीकरण आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। यी रिट निवेदक ७० वर्ष नाघेको देखिँदा निजले ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ र कारागार नियमावली, २०२० को नियम २९(२क) को सुविधा पाउने हो वा होइन भन्ने सन्दर्भमा हेरी कानूनबमोजिम निर्णय गर्नु, गराउनु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख २ गते रोज २ शुभम्।

- यसै प्रकृतिको ०७५-WH-००९९, बन्दीप्रत्यक्षीकरण, पलट साह सोनार वि. गृह मन्त्रालयसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७१-CR-१०७२, जालसाजी, धनसरी सापकोटा वि. विष्णुप्रसाद काफ्लेसमेत*

प्रतिवादी कृष्णकला काफ्ले वादी फणिन्द्रप्रसाद काफ्लेकी एकासगोलकी श्रीमती रहेकी र अन्य नाबालक वादीहरू निजै वादी फणिन्द्रप्रसाद काफ्ले र प्रतिवादी कृष्णकला काफ्लेका छोराछोरी रहेको तथ्यमा विवाद देखिँदैन। वादीले जालसाजी ठहर गरिपाउँ भनी दाबी लिएको लिखतको जग्गा प्रतिवादी कृष्णकलाको नाउँमा मिति २०६३।७।२४ मा खरिद गरी लिएको र सो जग्गामा निर्माण भएको घरमा वादीहरूसमेतको बसोबास रहेको भन्ने देखिन्छ। विवादित लिखतको जग्गाको खरिद र सो जग्गामा घर निर्माण गर्ने कार्य दर्तावाला कृष्णकलाको निजी स्रोत वा आर्जनबाट भएको हो, यी वादीहरूको सो घरजग्गामा हक नलाग्ने भन्ने पुनरावेदक प्रतिवादी

धनसरी सापकोटाको जिकिर रहेको देखिँदैन । विवादित लिखतको जग्गा खरिद गर्नुभन्दा अघिदेखि नै वादी फणिन्द्रप्रसाद काफ्ले वैदेशिक रोजगारमा संलग्न रहेको भन्ने पुनरावेदकको भनाइ रहेकाले उक्त जग्गा खरिद एवम् घर निर्माण वादी फणिन्द्रप्रसाद काफ्लेको आयआर्जनबाट भएको मान्नुपर्ने देखिन्छ । वादी फणिन्द्रप्रसाद काफ्ले नै घरको मुख्य व्यक्ति रहेकोमा विवाद देखिँदैन । विवादित घरजग्गा प्रतिवादी कृष्णकलालाई वादी फणिन्द्रप्रसादको मन्जुरीबेगर घर व्यवहार चलाउन वा आफूखुसी गरी हकहस्तान्तरण गर्न पाउने कानूनी अधिकार रहेको नदेखिने।

विवादित लिखतको जग्गामा बनेको घरमा वादीहरूको बसोबास रहेको देखिन्छ । सो घरबाहेक अन्यत्र वादीहरूको बसोबासको घर रहेको भन्ने देखिएको छैन । वादीहरूसमेतको बसोबास रहेको एक मात्र घरसमेत हकहस्तान्तरण गर्दा घरका मुख्य व्यक्ति वादी फणिन्द्रप्रसाद काफ्लेको मन्जुरी नलिई गरेको हकहस्तान्तरणबाट वादीहरूको बसोबासको हकसमेतबाट वञ्चित हुने अवस्था देखिने।

प्रतिवादी कृष्णकलाले आफूखुस गर्न नपाउने वादीहरूको समेत हक लाग्ने घरजग्गाको वादीहरूको हक मेट्ने कार्य गरेको देखिएको छ। निजको सो कार्य उल्लिखित जालसाजीको परिभाषाभित्र पर्ने देखिन्छ। उक्त किर्ते कागजको १८ नं. बमोजिम जालसाजी कार्य भएको कुरा थाहा पाएको मितिले ६ महिनाभित्र नालिस गर्न सकिने देखिन्छ । वादी फणिन्द्रप्रसाद काफ्ले वैदेशिक रोजगारीको सिलसिलामा विदेश (कतार) मा रहेको र अन्य वादीहरू नाबालक रहेका छन् । विवादित लिखत मिति २०६७।०७।१७ मा भएको र सो लिखत भएको कुरा वादी फणिन्द्रप्रसाद काफ्लेले २०६८।०९।०५ मा सो लिखतको नक्कल सारी थाहा पाएको भनी मिति २०६८।०९।०६ मा दायर गरेको प्रस्तुत फिरादपत्र हदम्यादभित्रै दायर भएको देखिने।

पुनरावेदक प्रतिवादी धनसरी सापकोटाले प्रतिवाद गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. तथा अंशबन्डाको १९ नं. को जिकिर लिन नसकेकोमा पुनरावेदन गर्दा २१ वर्ष नपुगेका नाबालकहरूको मन्जुरी लिनु नपर्ने वादी फणिन्द्रप्रसाद काफ्लेसँग मौखिक मन्जुरी लिएर घरजग्गा खरिद गरेको भन्ने जिकिर लिएको देखिन्छ । मुलुकी ऐन, अंशबन्डाको १९ मा घरव्यवहार चलाउन घरको मुख्य व्यक्ति बाबु / पतिले आफूखुस गर्न नपाउने अचल सम्पत्ति खर्च गर्नुपरेमा एक्काइस वर्ष नाघेका अंशियार स्वास्नी, छोराछोरी, विधवा बुहारीको मन्जुरी लिनुपर्ने भन्ने उल्लेख भएको देखिन्छ । यी पुनरावेदिका धनसरी सापकोटालाई लिखत गरिदिने कृष्णकला काफ्ले घर व्यवहार चलाउन कानूनी अधिकारप्राप्त व्यक्ति नभएकाले निजले गरेको व्यवहार उक्त अंशबन्डाको १९ नं. अन्तर्गत भए गरेको मान्न मिल्ने देखिँदैन । वादी फणिन्द्रप्रसादको मन्जुरी लिएको भन्ने तथ्य पनि निज पुनरावेदिकाले प्रमाणित गर्न नसकेकाले प्रतिवादी कृष्णकला काफ्लेलाई आफूखुस गर्न पाउने कानूनी अधिकारबेगर नाबालकहरूको समेत बसोबास रहेको घरजग्गाको हक जाने गरी घरका मुख्य व्यक्ति फणिन्द्रप्रसाद काफ्लेको मन्जुरीबेगर बिक्री गरेको कार्यलाई सद्दे व्यवहारबाट भए गरेको मान्न मिल्ने अवस्था देखिन नआउने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २३ मा **"बालकको हितको संरक्षण गर्नु संरक्षकको मुख्य कर्तव्य हुने छ"** भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा वादीमध्येका फणिन्द्रप्रसाद काफ्लेका तीनजना नाबालक छोरी तथा छोरा रहेको तथ्य मिसिल संलग्न कागजबाट देखिन आएको र संरक्षकको हैसियतले यी तीनजना बालबालिकाको हकमा र आफ्नो हकमा समेत बाबु फणिन्द्रप्रसाद काफ्लेले प्रस्तुत मुद्दाको फिरादपत्र दायर गरेको देखिने।

अतः विवेचित आधार, कारण तथा कानूनी व्यवस्थासमेतबाट सुरू चितवन जिल्ला अदालतले वादी दाबीको राजीनामा लिखत ५ भागको ४ भाग जालसाजी घोषित भई निष्क्रिय हुनेसमेत ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।०२।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल भदौ १२ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-CI-११४२, दूषित लिखत दर्ता बदर, धनसरी सापकोटा वि. विष्णुप्रसाद सापकोटासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

इजलास नं.६

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खडका, *०६८-WO-०६३२, उत्प्रेषण, रूपकुमार न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

गृह मन्त्रालयबाट प्राप्त प्र.ना.उ. रूपकुमार न्यौपानेलाई कारबाही गर्नेसम्बन्धीको सक्कल फायल हेर्दा धनुषा जिल्लामा भएका श्रृङ्खलाबद्ध आपराधिक घटनाहरूबारेमा विभिन्न सञ्चार माध्यमहरूबाट प्रचार भई आएकोले सो सम्बन्धमा यथार्थता बुझ्ने काममा मध्य क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाबाट स्थलगत रूपमा बुझी प्रतिवेदन पेस गर्न प्र.उ. गुप्तबहादुर श्रेष्ठसमेतका प्रहरी अधिकृतहरूलाई खटाएकोमा उक्त टोलीले स्थलगत रूपमा बुझ्दा रूपकुमार न्यौपानेले व्यक्तिगत फाइदाका लागि आपराधिक गतिविधिमा संलग्न हुने गुण्डाहरूलाई संरक्षण गरी पदीय मर्यादाविपरीत कार्य गर्ने गराउने देखिएकोले भनी मध्य क्षेत्रीय प्रहरी कार्यालयसमक्ष प्रतिवेदन पेस भएकोमा उक्त कार्यालयबाट व्यापारी, तस्कर, ठेकेदार तथा गुण्डाहरूसँग राम्रो सम्बन्ध रहेको त्यसप्रकारका मानिसहरूसँग खानपिन उठबस रहेको, अरूण सिंहानियाको केसमा सहयोगी भूमिका निभाउन प्र.स.नि. सन्तोष झाको साथ लगाई संजिव झालाई भारतसम्म पठाएको निज संजिव झा हाल हातहतियार मुद्दामा थुनामा रहेको भन्नेसमेत बेहोरा उल्लेख भई आएको र आर्थिक प्रलोभनका कारण अपराधीलाई संरक्षण गर्नेलगायतका कार्य गरेको देखिँदा एउटा जिम्मेवार अधिकृतबाट आफ्नो पद र दायित्व निर्वाह नगरी गैरजिम्मेवारी काम गरेको पाइएकोले निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८९को उपनियम (४) बमोजिम बढीमा ६ महिनाका लागि निलम्बन गर्न मनासिब देखिएको भनी पेस भएको टिप्पणी आदेश मिति २०६७।३।७ मा ४ महिना निलम्बनमा राखी कारबाही अघि बढाउने गरी सदर भएको देखिने।

घटनाका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेस गर्न भनी प्र.ना.म.नि. केशबहादुर शाहीको संयोजकत्वमा प्रहरी प्रधान कार्यालयबाट तीन सदस्यीय छानबिन समिति गठन भएको र उक्त टोली सम्बन्धित स्थानमा गई स्थानीय व्यक्ति तथा व्यापारीहरू, घटनासँग सम्बन्धित मानिसहरू, स्थानीय पत्रकार, अनुसन्धानसँग सम्बन्धित प्रहरी कर्मचारीहरू तथा रूपकुमारसमेतलाई बुझी पेस भएको प्रतिवेदनमा निज प्र.ना.उ.रूपकुमार पदीय मर्यादाविपरीतको काममा संलग्न देखिएको, कार्यालयमा अनुशासनविपरीत आचरणहरू प्रदर्शन गरेको, सङ्गठनको हितबाहिर गई व्यक्तिगत स्वार्थ सिद्ध गर्न आपराधिक चरित्रका व्यक्तिहरूलाई संरक्षण दिई शान्ति सुव्यवस्था खलबल्याउने तत्त्वलाई सहयोग पुऱ्याएकोलगायतका अनुशासनहीन, पदीय आचरणविपरीत गैरकानूनी कार्य गरी प्रहरी सङ्गठनको छविमा आँच पुऱ्याएकोले निजलाई प्रहरी नियमावली, २०४९ बमोजिम एक

तह घटुवा गर्नेसम्मको सजाय गर्न उपयुक्त देखिने भनी प्रहरी महानिरीक्षकसमक्ष प्रतिवेदन पेस गरेको देखिन्छ । प्रहरी नियमावली, २०४९ को नियम ८७ को देहाय खण्ड (क), (ख), (ग) र (छ) को कसुरमा ऐ. को नियम ८४ (ङ) बमोजिम एक तह तल्लो प्रहरी निरीक्षक पदमा घटुवा गरी निजउपरको निलम्बन फुकुवा गर्ने भनी प्रहरी महानिरीक्षकको रायबमोजिम निजलाई प्रहरी निरीक्षक पदमा घटुवा नगर्नु पर्ने कुनै मनासिब कारण भए ७ दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी २०६७।८।७ को पत्रबाट गृह मन्त्रालयले सोधेको पाइन्छ । यी रिट निवेदकले पेस गरेको स्पष्टीकरणमा जोखिमयुक्त ठाउँमा कार्यरत रहेको, यु.एन. मिसनमा इराक गई फर्केको जस्ता बेहोरा उल्लेख गरी निजउपर लगाइएको आरोप सम्बन्धमा सोधिएका प्रश्नहरूको चित्तबुझ्दो जवाफ नदिएकोले स्पष्टीकरण सन्तोषजनक नदेखिँदा प्रहरी नियमावली, २०४९ को नियम ८७ को देहाय (क), (ख), (ग) र (छ) को कसुरमा ऐ. को नियम ८४ (ङ) बमोजिम एक तह तल्लो प्रहरी निरीक्षक पदमा घटुवा गर्ने गरी पेस भएको टिप्पणी गृह मन्त्रीबाट मिति २०६७।९।२ मा सदर भएको र सो निर्णयउपर परेको निवेदकको पुनरावेदनमा मन्त्रिपरिषद् बैठक संख्या ५०/०६८ मिति २०६८।८।६ को बैठकबाट मिति २०६७।९।२ मा नेपाल सरकार गृहमन्त्रीस्तरबाट भएको निर्णय आदेश मिलेकै देखिँदा सदर गर्ने भनी निर्णय भएको भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.१३० मिति २०६८।८।१४ को पत्रबाट देखिने ।

निवेदकउपर लगाइएको प्रहरी नियमावली, २०४९ को नियम ८७ को देहाय (क), (ख), (ग) र (छ) मा के कस्तो कसुरको व्यवस्था गरेको छ भनी हेर्दा उक्त नियमावलीको नियम ८७ मा दर्जा र तलब घटाउने शीर्षकअन्तर्गत कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने भनी (क) मा सन्तोषजनक काम नगरेमा, (ख) मा अनुशासनहीनता गरेमा, (ग) मा आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेमा र (छ) मा लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा भन्ने व्यवस्था रहेको देखिन्छ । यस प्रकारको कसुरमा ऐ. को नियम ८४ ले उचित र प्रर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहाय (ङ) ले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्नसक्ने व्यवस्था गरेको देखिएको र निवेदक रूपकुमार न्यौपानेको माथि उल्लिखित गतिविधिहरू प्रहरी आचरण र पदीय मर्यादाविपरीतका देखिइरहेको अवस्थामा प्रहरी नियमावलीले व्यवस्था गरेबमोजिमको कसुर अपराधको पुष्टि मिसिल प्रमाणबाट भइरहेको र निजलाई आफूउपर लगाइएको कसुरमा सफाइको समेत पर्याप्त मौका दिई कानूनको रीत पुऱ्याई अधिकारप्राप्त अधिकारीबाट एकतह तल्लो पदमा घटुवा गर्ने गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

शान्ति सुरक्षा कायम गर्नुपर्ने प्रहरी सङ्गठन आफैँमा अनुशासित हुनु नितान्त आवश्यक हुन्छ । प्रहरी जस्तो कडा अनुशासनमा बसी चौबिसै घण्टा काममा खटिनुपर्ने सङ्गठनमा कार्यरत रहेको निवेदकको काम कारबाहीसमेत प्रहरी सङ्गठनकै उद्देश्यअनुरूप हुनुपर्ने देखिन्छ । प्रहरी नायब उपरीक्षक जस्तो जिम्मेवार पदाधिकारीका रूपमा कार्यरत निवेदकका गतिविधि र क्रियाकलापबाट प्रहरी नियमावलीको उल्लङ्घन भई सोही नियमावलीको व्यवस्थाबमोजिम गरिएको सजायलाई सङ्गठनको बृहत्तर हितमा गरिएको कारबाहीका रूपमा बुझ्नुपर्ने ।

नियमावलीमा कसुर सजायसम्बन्धी प्रबन्ध गरिनुको तात्पर्य पनि सङ्गठनको अनुशासन कायम गर्नु नै हो । निवेदकउपरको कारबाही मनोगत रूपमा व्यक्तिगत रिसइवीका आधारमा गरिएको नभई गहिरो अनुसन्धानपछि वस्तुनिष्ठ आधारमा गरिएको मिसिल

कागजातहरूबाट देखिइरहेको अवस्थामा रिट निवेदकलाई प्रहरी नायब उपरीक्षकको पदबाट एकतह घटुवा गर्ने गरी मिति २०६७।९।२ मा भएको निर्णय कानूनबमोजिम नै भए गरेको देखिने।

निवेदक मागबमोजिम एक तह घटुवा गर्ने निर्णय उत्प्रेषणको आदेशले बदर हुन सक्ने देखिएन । उत्प्रेषणको आदेश नै जारी नभएको अवस्थामा साबिककै पद दरबन्दीमा काम गर्न दिनु भन्ने परमादेशसमेत जारी हुन सक्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०६७-CR-१२६०, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. भावना गुरूङ*

प्रतिवादी भावना गुरूङले अभिभावकको मन्जुरीबेगर पोखरादेखि काठमाडौंसम्म लगी होटलमा राखेको अवस्थामा पीडितहरूलाई श्रम कार्यमा लगाई सक्नु अगाडि नै निजहरू बसेको होटलबाट पक्राउ परेको देखिँदा निजको सो कसुर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा २(ख) बमोजिम शोषण गर्ने कार्यसम्म गरेको पुष्टि भएकोले यी प्रतिवादी भावना गुरूङलाई सुरू कास्की जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा २(ख) बमोजिम शोषणसम्म गरेको कसुरमा ऐ. ऐनको दफा १५(च) बमोजिम १(एक) वर्ष ६(छ) महिना कैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको फैसला मनासिब नै देखिने।

प्रतिवादी भावना गुरूङले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा सत्र वर्ष भनी लेखाएको र अभियोग पत्र दायर गर्दा पनि निजको उमेर सत्र वर्ष भन्ने उल्लेख भएको देखिन्छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा २(घ) मा बालबालिका भन्नाले अठार वर्ष पूरा नभएका व्यक्ति सम्झनुपर्छ भन्ने परिभाषा गरिएको पाइन्छ । यसरी अभियोग पत्र, प्रतिवादीको अधिकारप्राप्त अधिकारी र अदालतमा भएको बयान तथा ऐ. ऐनको दफा २(घ) मा वर्णित उक्त परिभाषासमेतबाट यी प्रतिवादी भावना गुरूङ नाबालिक नै रहेको कुरामा विवाद देखिएन। यस अवस्थामा यी प्रतिवादी मानव बेचबिखन तथा ओसारपसार जस्तो गम्भीर अपराध गर्ने उमेर समूह र आपराधिक दायित्व वहन गर्ने क्षमताको व्यक्ति भन्ने पनि नदेखिएको हुँदा उक्त दफामा अठार वर्ष पूरा नभएको भन्ने व्यवस्थाले पीडित बालबालिकाको हकमा मात्र लागु हुने भन्ने अर्थ गर्न मिल्ने नहुँदा सोतर्फ लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, प्रमाणबाट सुरू कास्की जिल्ला अदालतबाट प्रतिवादी भावना गुरूङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(ङ)(२) बमोजिम १०(दश) वर्ष कैद र रू. ५०,०००।– जरिवाना गरी पीडित बालिकाद्वयलाई जनही रू.२५,०००।- / रू. २५,०००।– क्षतिपूर्ति दिलाउने गरी भएको फैसला केही उल्टी गरी सो ऐनको दफा ४(२) को (ख) बमोजिम शोषण गर्ने उद्देश्यले पोखराबाट काठमाडौंसम्म लगेको र श्रम कार्यमा लगाई नसकेको भनी सोही ऐनको दफा १५(च) बमोजिम १$^{१}/_{२}$ (डेढ) वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत पोखराको मिति २०६७।१०।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७१-CR-१३३७, कर्तव्य ज्यान, नेपाल सरकार वि. माधव अधिकारीसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादी माधव अधिकारीको आफ्ना ससुरा नाताका मृतकको ज्यान मार्ने मनसाय नरहेको, पूर्वरिसइवी पनि नदेखिएको, लुकीचोरी हानेको पनि नदेखिएको र रक्सी खाई घरमा गाली गलौज अशान्ति नगर्नु भनी सम्झाउने क्रममा मृतकले चिरपटले हानेको कारण अचानक रिस उठी नजिकै रहेको किलोले हिर्काउँदा मृत्यु भएको देखिँदा प्रतिवादीको उक्त आपराधिक क्रिया सोही १४ नं. अन्तर्गत पर्ने देखिइरहेको अवस्थामा सोही नं. बमोजिम सजाय गर्नुपर्नेमा ज्यानसम्बन्धीको ५ नं. को कसुरमा ऐ. को ६(२) नं. बमोजिम कैद महिना ७ (सात) को सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा प्रतिवादी माधव अधिकारीको हकमा पुनरावेदन अदालतको फैसला केही उल्टी भई ज्यानसम्बन्धीको १४ नं. बमोजिम निजलाई कैद वर्ष १० (दश) हुने ठहर्छ । मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी, योजना, तयारी जस्ता ज्यानसम्बन्धी महलको १३ नं.को कसुर स्थापित हुनका लागि आवश्यक तत्त्वको पुष्टि मिसिल कागजातहरूबाट भएको नदेखिँदा यी तत्त्वहरूको अभावमा प्रतिवादी माधव अधिकारीउपर ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसमेत मनासिब नदेखिने।

अर्का प्रतिवादी केशरी पोखरेलले श्रीमान्ले रक्सी खाई घरमा हो-हल्ला गाली गलौज तथा अशान्ति मच्चाएको कारण आजित भई सम्झाई दिन भनी छोरीज्वाइँ माधव अधिकारीलाई बोलाएकोसम्म देखिन्छ । माधव अधिकारीको बयानबाट मृतकलाई कुटपिट गर्नमा निजबाहेक अन्य कसैको संलग्नता रहेको देखिँदैन । आफ्ना पतिलाई मार्ने योजना बनाई ज्वाइँलाई बोलाएको भन्ने पनि देखिँदैन । रक्सी खाएका कारण श्रीमान्सँग सामान्य झगडाबाहेक मार्नुपर्नेसम्मको रिसइवी रहेको मिसिलबाट देखिँदैन । वारदात मितिमा चोट लागेको ठाउँबाट श्रीमान्लाई घर ल्याउनु पर्‍यो भनी यी प्रतिवादीले भनेको भनी रूद्रबहादुर रोका र वीरबहादुर रोकाले अनुसन्धानका क्रममा कागज गर्दा उल्लेख गरेकोबाट पनि प्रतिवादी केशरी पोख्रेलको श्रीमान्लाई मार्ने नियत रहेको भन्ने देखिँदैन। सदैव रक्सी खाई झै-झगडा गर्ने श्रीमान्को व्यवहारबाट वाक्क भई सम्झाउन भनी आफ्ना ज्वाइँलाई बोलाएकै कारण निजले ज्यान मार्ने षड्यन्त्र गरेको वा वचन दिएको भनी अर्थ गर्न मिल्दैन। आपराधिक क्रियामा संलग्नताको पुष्टि मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट वादी पक्षले गर्नुपर्दछ। प्रस्तुत वारदातमा प्रतिवादी केशरीउपरको कसुर स्वतन्त्र रूपमा पुष्टि हुन नसकेको हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू अदालतको फैसला सदर गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा गर्नुपर्ने नदेखिँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी माधव अधिकारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ. ६(२) नं. बमोजिम ७(सात) महिना कैद गर्ने गरी पुनरावेदन अदालत तुल्सीपुरबाट भएको मिति २०६८।१०।९ को फैसला केही उल्टी भई प्रतिवादी माधव अधिकारीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कैद वर्ष १० (दश) हुने ठहर्छ। तथा प्रतिवादी केशरी पोख्रेललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सोही अदालतको सोही मितिको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल माघ २३ रोज ३ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७२-CR-००१७, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रकाश उप्रेती*

फौजदारी कसुरको अभियोग लागेको व्यक्तिलाई कसुरदार ठहर गरी आपराधिक दायित्व वहन गराउनको लागि निज अभियोग लागेको आपराधिक कार्य गर्दा सो कार्यको प्रकृति र परिणाम बुझ्न नसक्ने मानसिक अवस्थाको हुनुपर्दछ । मानिसले गर्ने कार्य कुन सही र कुन गलत हो भन्ने छुट्याउने मानिसको क्षमता स्वस्थ मस्तिष्कले मात्रै गर्नसक्ने हुँदा कामको प्रकृति र परिणाम बुझ्न नसक्ने हदसम्मको मानसिक अवस्थाको व्यक्तिलाई आपराधिक दायित्वबाट उन्मुक्ति दिने गरिन्छ । फौजदारी कानूनशास्त्रले पागलपन अपाङ्गतालाई फौजदारी दायित्वबाट छुट पाउने आधारको रूपमा स्वीकार गरेको छ । मुलुकी ऐन, दण्ड सजायको महलको १ नं. ले कानूनबमोजिम अपराध ठहरिने कुनै काम गर्ने व्यक्ति सो काम गर्दा आफूले गरेको कामको प्रकृति र परिणाम थाहा नपाउने गरी मगज बिग्रेको वा बौलाएको रहेछ भने निजलाई खत बात लाग्न वा कुनै प्रकारको सजाय हुन नसक्ने।

कसैले आफैँले नबुझी गरेको वा आफूलाई नियन्त्रण गर्ने क्षमता नै नभएको अवस्थामा गरेको कार्यको लागि उसलाई जिम्मेवार बनाउन सकिँदैन भन्ने सिद्धान्तको आधारमा यस्तो अवस्थालाई फौजदारी दायित्वको अपवाद मानिएको हो । मानिसमा विभिन्न प्रकारका मानसिक रोगको अवस्था हुन सक्दछ । सबै अवस्थाको मानसिक रोग लाग्दैमा आपराधिक दायित्वबाट उन्मुक्ति हुँदैन । यही प्रयोजनको लागि Medical insanity र Legal Insanity भनी अस्वस्थ मानसिक अवस्थालाई विभाजन गर्ने गरिएको पाइन्छ । Medical Insanity मा सबै खालका मानसिक रोगहरू पर्न सक्दछ, जसमा मानिसले आफूले गरेको कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न सक्ने अवस्थासमेत हुन सक्दछ । मानिसलाई तनाव हुने, कुनै कुरा सम्झन नसक्ने, निर्णय गर्दा द्विविधा हुने, निद्रा कम लाग्ने जस्ता अनेक प्रकारका मानसिक अवस्थाहरू हुन सक्दछन् तर यस्ता अधारमा मात्र आपराधिक दायित्वबाट उन्मुक्ति हुँदैन । तर Legal Insanity मा मानसिक अवस्था आफूले गरेको कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने हुन्छ । यस अवस्थामा गरिएको कार्य आपराधिक कार्य हो भन्ने ज्ञान हुँदैन र आपराधिक मनसाय राख्ने क्षमता नै हुँदैन । यही क्षमताको अभावको कारणले उसलाई आपराधिक दायित्वबाट मुक्त गरिएको देखिने।

फौजदारी कसुरमा कसुरदार कायम गरी सजाय गर्न मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Rea) जस्ता अपराधको दुईवटा अनिवार्य तत्त्वको विद्यमानता रहेको कुरा मिसिल कागजातहरूबाट पुष्टि हुनु पर्दछ । मानसिक स्वास्थ्य ठीक नभएका प्रतिवादी प्रकाश उप्रेतीको लौरो प्रहारबाट निजका बुबाको मृत्यु भएको देखिए पनि निजलाई मार्नुपर्नेसम्मको कुनै कारण, योजना, पूर्वतयारी वा परिणामको जानकारी जस्ता मनसाय तत्त्वको अभावमा निजउपर कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको फौजदारी कसुरको अभियोग कायम गरी सजाय गर्नु प्रचलित फौजदारी कानूनको सिद्धान्त प्रतिकूलसमेत हुने देखिने।

तसर्थ, माथि उल्लिखित आधार कारणसमेतबाट आफ्नो कामको परिणामबारे थाहा पाउने अवस्थामा नै नरहेका प्रतिवादीउपरको ज्यानसम्बन्धीको अभियोग दाबी खारेज गर्ने गरी भएको सुरू अदालतको फैसलालाई नै सदर ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।५।३ को फैसला मुलुकी ऐन, दण्ड सजायको १ नं. मा वर्णित व्यवस्थाअनुरूप नै भएकोले मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

इति संवत् २०७४ साल माघ २३ रोज ३ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७६-CR-०७०७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. रवि बि.सी.*

प्रतिवादी रवि बि.सी.ले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा म जुलोजी ट्राभल्स प्रा.लि.मा टिकेटिङको काम गर्थे । सोही कामको सिलसिलामा उक्त ट्राभल्सका सञ्चालक सीता गैरेले माइते बुढामगर र नरेश रोका मगर भन्ने व्यक्तिले टिकेटिङबापतको रकम आई.एम.ई. गरेर पठाइदिन्छ, उक्त रकम लिएर आउ भनेको हुँदा मैले उक्त टिकेटिङबापतको रकम आई.एम.ई.बाट झिकेर ट्राभल्सका सञ्चालक सीता गैरेलाई दिएको हुँ । मैले जाहेरीमा उल्लेख भएबमोजिम निज जाहेरवालालाई जापान पठाउन भनी रकम लिएको होइन । जाहेरवालालाई को कसले विदेश पठाई दिन्छु भने मलाई थाहा भएन भनी आरोपित कसुरमा पूर्ण रूपले इन्कार रही बयान गरेको देखिन्छ भने निजले वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गर्दासमेत सोही इन्कारी बयानबमोजिम नै बयान गरेको पाइयो ।

प्रतिवादी रवि बि.सी. समेत ३ जनाले वैदेशिक रोजगारमा मासिक रू.२,००,०००।- (दुई लाख रूपैयाँ) तलब हुने गरी रू.१२,००,०००।- (बाह्र लाख रूपैयाँ) लागतमा जापान पठाई दिन्छु भनेकाले पटकपटक आई.एम.ई. गरी रू.७,२०,०००।- (सात लाख बिस हजार रूपैयाँ) पठाएकोमा निजहरूले मलाई दिल्ली हुँदै थाइल्यान्ड र इन्डोनेसिया पुर्‍याई फरार भएकोले प्रतिवादीहरूलाई कारबाही गरिपाउँ भनी जाहेरवाला रमेश रोका मगरले किटानी जाहेरी दिई निजले मेरो चिनजानका व्यक्ति प्रतिवादी खड्कबहादुर के.सी.ले वैदेशिक रोजगारमा लालबहादुर के.सी. मार्फत जापान पठाइदिन्छु भनेकाले मेरो लालबहादुर के.सी.सँग फोनमार्फत कुरा हुँदा निजले सजिलै जापान पठाउन सक्छु भनी आश्वासन दिएकाले विश्वासमा परी प्रतिवादीहरू खड्कबहादुर के.सी., सगुन प्रधान र रवि बि.सी. को नाममा रू.७,२०,०००।- (सात लाख बिस हजार रूपैयाँ) आई.एम.ई. गरी पठाएकोमा निजहरूले थाइल्यान्ड हुँदै इन्डोनेसिया पुर्‍याई जापानको भिषा लगाई दिन्छु भनी मेरो पासपोर्ट लिई फरार भएकोले मलाई प्रहरीले पक्री म नेपाल फर्केको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा कागज गरेको भए पनि निज न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्न नसकेको ।

जाहेरवालाले आफ्ना भनाइलाई पुष्टि गर्न अदालतमा उपस्थित भई बकपत्र गर्न सकेको नदेखिँदा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम निजले मौकामा दिएको जाहेरी दरखास्त र निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजमा भएको बेहोरालाई अन्य प्रमाणबाट पुष्टि नभएसम्म प्रमाणमा लिन नमिल्ने ।

जाहेरवाला रमेश रोका मगरले यी प्रतिवादी रवि बि.सी. लाई रू.३,००,०००।- (तीन लाख रूपैयाँ) पठाएको हो भनी जाहेरी तथा निजले मौकामा गरेको कागजमा उल्लेख गरेको भए तापनि मैतेबहादुर मगरले यी प्रतिवादी रवि बि.सी.लाई रू.१,००,०००।- (एक लाख रूपैयाँ) मात्र आई.एम.ई. गरी पठाएको आई.एम.ई.लि. को मिति २०७३।११।२० को पत्रबाट लेखी आएको देखिँदा निजको भनाइ सत्यतामा आधारित नदेखिने ।

प्रतिवादीले मैले जाहेरवालालाई चिनेको छैन । मैले जुलोजी ट्राभल्समा मार्केटिङ र टिकेटिङको काम गर्ने हुँदा जाहेरवालाले आई.एम.ई. गरी पठाएको रू.३,००,०००।- (तीन लाख रूपैयाँ) को टिकट काटिदिएको हो । मैले वैदेशिक रोजगारमा पठाउन रकम लिएको होइन भनी कसुर गरेकोमा इन्कार रही बयान गरेकोमा जुलोजी ट्राभल्सका सञ्चालिका सीता गैरेले

यस न्यायाधिकरणसमक्ष बकपत्र गर्दा यी प्रतिवादीले जाहेरवालालाई विदेश जाने टिकटसम्म काटेको हो वैदेशिक रोजगारमा लान रकम लिएको होइन भनी यी प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको देखिने।

फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ भन्ने सर्वमान्य सिद्धान्त रहेको र मिसिल संलग्न कागज प्रमाणहरूबाट शंकारहित तवरबाट कसुरदार पुष्टि नभएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्नसमेत नमिल्ने।

प्रतिवादी रवि बि.सी. समेतले जाहेरवालालाई जापानमा वैदेशिक रोजगारका लागि पठाइदिन्छु भनी रकम लिई दिल्ली हुँदै थाइल्यान्ड र इन्डोनेसियासम्म लगि त्यसै अलपत्र पारी छाडेकोले प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी भए तापनि यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत कसुरमा पूर्णरूपले इन्कार रही बयान गरेको, निजको इन्कारी बयानलाई निजका साक्षी सीता गैरेले समर्थन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेको, जाहेरवालाले यी प्रतिवादीसमेतउपर किटानी जाहेरी दिएको भए पनि निज जाहेरवाला प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतमा उपस्थित भई आफ्नो भनाइलाई पुष्टि हुने गरी बकपत्र गर्न नसकेको, जाहेरवालाले वैदेशिक रोजगारमा जान यी प्रतिवादीको नाममा रू.३,००,०००।- (तीन लाख रूपैयाँ) आई.एम.ई. गरी पठाएको भनी जिकिर लिए पनि आई.एम.ई. लि. को मिसिल संलग्न पत्रबाट यी प्रतिवादीको नाममा रू.१,००,०००।- (एक लाख रूपैयाँ) मात्र पठाएको देखिई जाहेरी बेहोरा सत्यतामा आधारित नदेखिएको र यी प्रतिवादीले लिए खाएको भनिएको रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जाहेरवालालाई फिर्ता गरिसकेको भन्ने अभियोग पत्रसमेतबाट देखिएकोले मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी रवि बि.सी. ले जाहेरवालालाई वैदेशिक रोजगारमा जापान पठाई दिन्छु भनी रकम लिई जाहेरवालालाई थाइल्यान्ड र इन्डोनेसियासम्म पुऱ्याई त्यसै अलपत्र पारी छोडी वैदेशिक रोजगारको कसुर गरेको भन्ने अभियोग दाबी पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादीलाई वैदेशिक रोजगारको कसुरमा अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावदेन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी रवि बि.सी. ले अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगारमा जापान पठाई दिन्छु भनी जाहेरवालासँग रकम लिई थाइल्यान्ड र इन्डोनेसियासम्म पुऱ्याई त्यसै अलपत्र पारी छाडी अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगारको कसुर गरेको भन्ने कुरा तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको मिसिल कागजातबाट नदेखिएकोले बिनाआधार प्रमाण प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादी रवि बि.सी. ले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।०१।०२ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: अरूणकुमार कोइराला
कम्प्युटर: समी नेपाली
इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७६-CR-०७३३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. प्रेम सिंह भन्ने रामेश्वर सिंह*

जाहेरवाला भिमलाल घिसिङको किटानी जाहेरी दरखास्त र जाहेरी दरखास्तसाथ पेस भएको IME रसिद, यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, प्रतिवादी रामेश्वर सिंहले जाहेरवाला भिमलाल घिसिङसँग IME मार्फत

रू.६०,०००।- बुझी लिएको भरपाई र प्रतिवादीले वैदेशिक रोजगारमा मानिस पठाउने इजाजत पत्र लिएको नभई निजले न्यायाधिकरणसमक्षको बयानमा आफू काम गर्ने भनी दाबी गरेको बजाज ओभरसिज प्रा.लि. २०६५ सालमा नै खारेज भइसकेको भनी लेखाएको अवस्था हुँदा मिसिल संलग्न कागज प्रमाणको आधारमा यी प्रतिवादी प्रेम सिंह भन्ने रामेश्वर सिंहलाई वैदेशिक रोजगारको कसुरमा अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भई उक्त फैसलाउपर यी प्रतिवादीले पुनरावेदन नगरी वैदेशिक रोजगार न्यायाधिकरणको उक्त फैसला अन्तिम भएर रहेको भए तापनि यी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानमा वैदेशिक रोजगारमा कुवेत पठाउने भनी जाहेरवालासँग लिएको रकम मैले निजलाई फिर्ता गरिसकेको छु भनी जिकिर लिएको देखिन्छ भने जाहेरवालाले प्रतिवादीको उपरोक्त जिकिर खण्डन हुने गरी अदालतमा उपस्थित भई बकपत्र गर्न नसकेको।

निवेदन हुलाकमार्फत रजिस्ट्री गरी पठाएको देखिन्छ भने मिति २०७७।३।१८ को उक्त निवेदन वैदेशिक रोजगार न्यायाधिकरणमा द.नं.९३ मिति २०७६।३।२५ मा रीतपूर्वक दर्ता भई मिसिल संलग्न रहेको देखिन्छ । उक्त निवेदनमा जाहेरवालाको बाबु ज्ञानबहादुर घिसिङको ल्याप्चे तथा रेखात्मक सहीछापसमेत रहेभएको पाइन्छ । जाहेरवाला उक्त समयमा वैदेशिक रोजगारमा साउदी अरब गएको कारण बकपत्रको लागि निज न्यायाधिकरणमा उपस्थित हुने अवस्था नभएकोले बकपत्रको लागि जाहेरवालाको नाममा जारी भएको म्याद निजको बाबु ज्ञानबहादुर घिसिङले आफैँले बुझी जाहेरवालाले भनेबमोजिमको बेहोरा उल्लेख गरी प्रस्तुत निवेदनसाथ जाहेरवाला र जाहेरवालाको बाबुको नागरिकताको प्रमाणपत्र र जाहेरवालाको पासपोर्टसमेतको प्रतिलिपिसमेत संलग्न गरी पेस गरेकोले प्रस्तुत मिसिलको सन्दर्भमा उपरोक्त निवेदनमा उल्लिखित बेहोरालाई नजरअन्दाज गरिहाल्नुपर्ने अवस्था नरहेको।

प्रतिवादी प्रेम सिंह भन्ने रामेश्वर सिंहले जाहेरवाला भिमलाल घिसिङलाई वैदेशिक रोजगारमा कुवेत पठाइदिन्छु भनी रकम लिई जाहेरवालालाई वैदेशिक रोजगारमा नपठाएकोले निजलाई अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम एक वर्ष छ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएको देखिए तापनि यी प्रतिवादी प्रेम सिंह भन्ने रामेश्वर सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष जाहेरवालाबाट लिएको रकम फिर्ता गरिसकेको छु भनी बयान गरेको देखिएको, यी प्रतिवादीबाट जाहेरवालाले बिगो हर्जानासमेत प्राप्त गरिसकेका छन् भनी जाहेरवालाका बाबु ज्ञानबहादुर घिसिङले पेस गरेको निवेदनबाट देखिएको र त्यसलाई अन्यथा भन्नुपर्ने नदेखिएकोले बिगो तथा हर्जाना प्राप्त गरिसकेको भन्ने देखिँदा प्रतिवादी प्रेम सिंह भन्ने रामेश्वर सिंहबाट जाहेरवाला भिमलाल घिसिङलाई अभियोग मागदाबीबमोजिम बिगो तथा हर्जाना भराउनु नपर्ने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७६।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : अरूणकुमार कोइराला

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम्।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-१४९३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. मधु जिरेल*

प्रतिवादी मधु जिरेलले जाहेरवाला कुमार जिरेल र कान्छाबहादुर जिरेललाई वैदेशिक रोजगारमा कुर्दिस्तान पठाई रोजगार दिलाइदिन्छु भनी झुठ्ठा आश्वासन तथा प्रलोभन देखाई रकम बुझी लिई दुबईसम्म पुर्‍याई भनेबमोजिमको वैदेशिक रोजगारमा पठाउन नसकी मुम्बई ल्याई अलपत्र पारेकाले निज प्रतिवादीलाई आवश्यक कारबाही गरिपाउँ भन्नेसमेतको बेहोराको जाहेरवालाहरूको संयुक्त जाहेरी दरखास्त देखिए तापनि जाहेरवाला कुमार जिरेलले न्यायाधिकरणसमक्ष बकपत्र गर्दा प्रतिवादी राजकुमार श्रेष्ठलाई वैदेशिक रोजगारको लागि कुर्दिस्तान जानको लागि रकम दिनुपर्ने भएको हुँदा प्रतिवादी मधु जिरेलको नाममा IME गरी रू.२,५०,०००।- पठाइदिएको र मैले भनेअनुसार प्रतिवादी मधु जिरेलले उक्त रकम झिकी राजकुमार श्रेष्ठलाई दिएको र राजकुमार श्रेष्ठले मलाई दुबईसम्म पठाएको र भनेबमोजिम वैदेशिक रोजगारमा पठाउन नसकेपछि मुम्बई फिर्ता आई घर फर्की आएको हो । राजकुमार श्रेष्ठ सम्पर्कविहीन भएका हुँदा प्रतिवादी मधु जिरेलको नाममा जाहेरी दिएको हो भनी जाहेरी दरखास्तको बेहोरालाई खण्डन हुने गरी र प्रतिवादी मधु जिरेलले अनुसन्धान अधिकृत र न्यायाधिकरणसमक्ष गरेको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गरेको।

जाहेरवाला कान्छाबहादुर जिरेलले यस न्यायाधिकरणसमक्ष बकपत्र गर्दा प्रतिवादी मधु जिरेलले वैदेशिक रोजगारमा कुर्दिस्तान पठाउने भनी विश्वास दिलाएका हुँदा सो मुलुकमा जान भनी रू.३,००,०००।- मा केही रकम IME गरी र केही रकम नगदै हातमा बुझाएको हुँ । उक्त मुलुक पठाउने भनी एक महिनासम्म दुबईमा राखी पठाउन नसकेको हुँदा आफ्नै खर्चमा भारत हुँदै नेपाल फर्की आएको हो भनी बकपत्र गरेको देखिए पनि यी जाहेरवालाले प्रतिवादीलाई रकम हातैमा बुझाएको कागज प्रमाण केही पेस गर्न सकेको देखिँदैन भने यी जाहेरवालाले प्रतिवादीलाई IME मार्फत पठाएको रकमसमेत वैदेशिक रोजगारमा जान नै पठाएको हो भन्ने देखिने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । साथै प्रतिवादी मधु जिरेलले कसुर गरेकोमा इन्कार रही अनुसन्धान अधिकृत र न्यायाधिकरणसमक्ष गरेको बयानलाई निजका साक्षी राजन जिरेलले समर्थन हुने गरी बकपत्र गरेको।

प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ"** भन्ने उल्लेख भएको पाइन्छ । फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ । मिसिल संलग्न प्रमाणहरूबाट शंकारहित तवरबाट कसुरदार हो भन्ने पुष्टि नभएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्नसमेत नमिल्ने।

प्रतिवादी मधु जिरेलले आरोपित कसुरमा इन्कार रही अनुसन्धान अधिकृत तथा न्यायाधिकरणसमक्ष गरेको बयान, जाहेरवाला कुमार जिरेलले प्रतिवादीले गरेको इन्कारी बयानलाई समर्थन हुने गरी गरेको बकपत्र, प्रतिवादीका साक्षी राजन जिरेलले प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी गरेको बकपत्रसहितको मिसिल संलग्न कागज प्रमाणहरूबाट यी प्रतिवादी मधु जिरेलले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कुर्दिस्तान पठाइदिन्छु भनी झुट्ठो आश्वासन दिई जाहेरवालाहरूसँग रकम लिई निजहरूलाई कुर्दिस्तान नपठाई जाहेरवालाहरूको रकम लिए खाएको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा बिना आधार, प्रमाण यी प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले आरोपित कसुर गरेको भन्ने वादी नेपाल सरकारतर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि

गर्न सकेको नदेखिँदा प्रतिवादी मधु जिरेलले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७५।६।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अरूणकुमार कोइराला

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७७ साल असार ७ गते रोज १ शुभम् ।

इजलास नं.८

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०७२-CR-१०१९, मानव बेचबिखन तथा ओसारपसार, डिलमान तामाङ वि. नेपाल सरकार*

जाहेरवाला, मौकामा कागज गर्ने व्यक्तिले लेखाई दिएको बेहोरासमेतबाट प्रतिवादीले पीडितालाई संजय योञ्जनसँग भेटघाट चिनजान गराई दिई निजको कोठासम्म पुर्‍याई दिएको र सोबापतमा निजले संजय योञ्जनबाट रू.१५,०००।- (पन्ध्र हजार) लिई खाएको भन्ने देखिन आयो । प्रतिवादीले पीडितालाई भारतसम्म लगी बेचबिखन गरेको भन्ने मिसिल संलग्न सबुद प्रमाणहरूबाट पुष्टि नभए तापनि प्रतिवादी डिलमान तामाङले पीडितलाई नेपाल सरहदभित्र एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याई बेचबिखन गर्ने समूहको मद्दतगार भई रकमसमेत लिई खाएको कुरा प्रमाणित भएकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ) बमोजिमको कसुरमा निज प्रतिवादी डिलमान तामाङलाई १० वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने र प्रतिवादीबाट पीडितालाई रू.३०,०००।- (तीस हजार) क्षतिपूर्तिबापत भराइदिने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/९/१८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/२/५ मा भएको फैसला मनासिब नै देखिने ।

अतः प्रतिवादी डिलमान तामाङले पीडितलाई संजय योञ्जनको जिम्मा लगाई कमिसन खाएको कुरा प्रमाणद्वारा पुष्टि भएको देखिँदा निज डिलमान तामाङले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ) बमोजिमको कसुर गरेको प्रमाणित भएकोले निजलाई सोही दफाबमोजिम १० (दश) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने तथा पीडितलाई प्रतिवादीबाट रू.३०,०००।- (तीस हजार) क्षतिपूर्ति भराइदिने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/०९/१८ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०२/०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-WO-०७२४, उत्प्रेषण, नागेश्वरलाल कर्णसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरू मिति २०६६।४।४ मा राष्ट्रसेवक कर्मचारीहरूको नयाँ तलबमान कायम गर्ने गरी भएको नेपाल सरकारको निर्णय हुनुभन्दा अगावै अवकाश भई निवृत्त भइसकेको भन्ने देखिन्छ । निजहरू अवकाश भएपछि निजहरूले आफ्नो खाइपाई आएको तलबको आधारमा पाउनु पर्ने सुविधा बुझी लिइसकेको र सोअनुसार नै पेन्सन पट्टासमेत बनाइसकेपछि नेपाल सरकारको नयाँ तलबमान मिति २०६६।४।१ देखि मात्र लागू भएको देखिने ।

नागरिकहरूका लागि रिट क्षेत्रबाट प्रदान गरिने उपचार विशिष्ट किसिमको हुन्छ । नागरिकको

मौलिक हकमा अतिक्रमण भएमा वा कानूनी हक प्रचलनको लागि उपचारको व्यवस्था नभएको वा उपचारको व्यवस्था भए पनि अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा रिटको माध्यमबाट उपचार प्रदान गरिन्छ । नागरिकलाई कानूनद्वारा प्रदान गरिएको हक हनन भएको अवस्थामा सोको प्रचलनको लागि कानूनद्वारा नै हदम्यादको व्यवस्था गरिएको हुन्छ । हकमा असर पर्ने पक्षले आफ्नो हक स्थापित गराउन कानूनले निर्दिष्ट गरेको म्यादभित्र उपचार खोज्नुपर्ने हुन्छ तर रिट निवेदनबाट दिइने उपचारको लागि हद म्याद नलाग्ने।

आफ्नो अतिक्रमण भएको हक प्रचलनको लागि निवेदकले उचित समयभित्र उपचारको माग गरेको हुनुपर्छ । उचित समय भन्ने कुरा विवादको विषय, निवेदकको अवस्था, आफ्नो हक हनन हुन गएको विषयको जानकारीसमेतका कुराहरूमा निर्भर हुने गर्दछ। मर्का परेको कुरा समयमै जानकारी हुँदाहुँदै पनि समयमा उपचारको पहल नगरी निदाएर बस्ने र अनुचित रूपमा विलम्ब गरी उपचारका लागि अदालत प्रवेश गरेको अवस्थामा विलम्बको सिद्धान्त आकर्षित हुन जाने।

विलम्ब गरी यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गर्ने निवेदकले विलम्ब हुनाको तथ्ययुक्त र मनासिब कारण निवेदनमा खुलाएको अवस्थामा मात्र त्यस्तो निवेदनउपर विचार हुन सक्ने हुन्छ, त्यस्तो तथ्ययुक्त कारण निवेदकले खुलाउन नसकेको अवस्थामा विलम्बको सिद्धान्त आकर्षित भई त्यस्तो निवेदनबाट उपचार प्राप्त हुन सक्ने नदेखिने।

निवेदनमा निवेदकहरूले विलम्ब हुनाको तथ्ययुक्त र मनासिब कारण उल्लेख गर्न सकेको देखिँदैन । तथ्ययुक्त र मनासिब कारणबिना विलम्ब गरी परेको निवेदनबाट उपचार प्राप्त हुन नसक्ने हुँदा प्रस्तुत निवेदनउपर विचार गरिरहनुपर्ने नदेखिने।

तसर्थ, विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तका आधारमा निवेदकमध्येका नागेश्वरलाल कर्ण (कायस्थ) मिति २०६१।६।३ मा, सुखचन्द्र सिंह राजपुत मिति २०६५।७।१८ मा, मुनेश्वर यादव मिति २०६६।३।७ मा र महेश कापर मिति २०६६।३।७ मा अवकाश भएको र मिति २०६६।४।४ मा राष्ट्रसेवक कर्मचारीहरूको नयाँ तलबमान कायम गर्ने गरी भएको नेपाल सरकारको निर्णय मिति २०६६।४।१ देखि लागु भएकोमा निवेदकहरूलाई मर्का परेको भए तत्काल उपचारका लागि अदालत आउनुपर्नेमा तत्काल उपचार माग नगरी विलम्ब गरी लामो समयपछि मिति २०७०।१२।३० मा मात्र प्रस्तुत रिट निवेदन गर्न आएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था विद्यमान देखिएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७५ साल मङ्सिर ३ गते रोज २ शुभम्।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७३-CR-०९४१, जबरजस्ती करणी, भुपुड्गे, भुपेस भन्ने राजेन्द्र फागो वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी भुपुङ्गे भन्ने भुपेस फागोले मैले पीडित परिवर्तित नाम "इलाम ध" लाई मातेर बेहोस भएको बेला जबरजस्ती करणी गरेछु । मैले मातेको बेलामा गल्ती गरेछु, सजाय भोग्न तयार छु भनी मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू अदालतसमक्ष बयान गरेका छन् भने भुपुङ्गे भन्ने भुपेस फागोले म उत्तानो सुतेको अवस्थामा मेरो दुवैखुट्टा फटाएको, मैले लगाएको भेष्ट, फ्रक, कट्टु खोली मलाई नाङ्गै पारेको चाल पाएँ। निज अभियुक्तले भेष्ट लगाएको कम्मरदेखि मुनि नाङ्गै थियो र ममाथि चढ्न लागेको बेला मैले थाहा पाई कराउन लाग्दा निजले मेरो मुख थुनिदिए, म कराउन सकिन र निज भुपेसले आफ्नो उत्तेजित लिङ्ग जबरजस्ती मेरो योनिमा छिराई बलजफ्ती ठेल्दै करणी गर्दै गरेको बेला

मलाई अत्यधिक पीडा भई म रोई चिच्याउँदा मेरो कान्छी काकी परिवर्तित नाम "फुलमाया" ले थाहा पाई टर्च बाली कराउँदै कोठाबाट बाहिर निस्कँदासमेत अभियुक्त भुपेस फागोले मलाई नछाडी जबरजस्ती करणी गरिरहेकोले काकीले छरछिमेकमा हल्ला खल्ला गरेपछि मात्र अभियुक्त भुपेस फागोले मलाई करणी गर्न छाडी भागेको हो । म एक्लै सुतेको मौका छोपी मलाई नियन्त्रणमा लिई करणी गरी मेरो कुमारित्व लुटेको हो भनी पीडित परिवर्तित नाम "इलाम ध" ले मौकामा गरेको घटना विवरण कागजलाई समर्थन हुने गरी सुरू अदालतमा आई बकपत्रसमेत गरेको देखिने ।

एक नाबालिगलाई उमेर पुगेको युवावस्थाको व्यक्तिले निदाएको अवस्थामा थाहा नपाउने गरी कपडा फुकाली चल्न उम्कन, बोल्न कराउनसमेत नदिई जबरजस्ती करणी गरेको भन्ने कुरा पीडितको शारीरिक परीक्षणबाट समेत देखिएको अवस्थामा प्रतिवाद गरेको चिह्न र शरीरका अन्य भागमा कुनै घाउचोट नलागेको भनी उन्मुक्ति दिन कानूनतः मिल्ने नदेखिने ।

पुनरावेदक प्रतिवादीको मौका र सुरू अदालतमा भएको साबिती बयानलाई पीडित परिवर्तित नाम "इलाम ध" को शारीरिक परीक्षण प्रतिवेदनमा hymen: ruptured, hymen of the victim is torn भनी उल्लेख भएबाट करणी भएको पुष्टि हुन आएको छ । यी पुनरावेदक प्रतिवादीले पीडित निदाएको अवस्थामा निजले थाहा नपाउने गरी कपडा फुकाली हातले मुख थुनी जबरजस्ती करणी गरेको अवस्थामा ९ वर्षकी नाबालिगले प्रतिवाद गर्न सक्ने अवस्था नै नहुने भएकाले प्रतिवाद गरेको चिह्न र शरीरका अन्य भागमा कुनै घाउचोट नलागेको भनी यी पुनरावेदक प्रतिवादीलाई उन्मुक्ति दिँदै जाने हो भने अपराधीले सधैँ उन्मुक्ति पाउने र पीडित सधैँ पीडित नै रही समाजमा आपराधिक प्रवृत्तिले प्रश्रय पाई समाजमा दण्डहीनता बढ्दै जाने ।

प्रतिवादीउपरको मौकाको किटानी जाहेरी दरखास्त र अदालतमा भएको बकपत्र, प्रत्यक्षदर्शी, घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूको मौकाको कागज र अदालतमा भएको बकपत्र, वस्तुस्थिति मुचुल्का, प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा गरेको साबिती बयान, पीडितको मौकाको कागज र अदालतमा भएको बकपत्र, hymen: ruptured, hymen of the victim is torn भनी उल्लेख भएको पीडित परिवर्तित नाम "इलाम ध" को शारीरिक परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न प्रमाण कागजातसमेतबाट प्रतिवादी भुपुङ्गे भुपेस भन्ने राजेन्द्र फागो लिम्बुले पीडित परिवर्तित नाम "इलाम ध" लाई जबरजस्ती करणी गरी अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं. अनुसारको कसुर गरेको पुष्टि हुन आउने ।

तसर्थ, विवेचित आधार, कारण, तथ्य, कानून र प्रतिपादित सिद्धान्तसमेतका आधारमा प्रतिवादी भुपुङ्गे भुपेस भन्ने राजेन्द्र फागो लिम्बुले अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं. अनुसारको कसुर गरेको पुष्टि हुन आएको हुँदा इलाम जिल्ला अदालतबाट मिति २०७२।३।२९।३ मा प्रतिवादी भुपुङ्गे भुपेस भन्ने राजेन्द्र फागो लिम्बुलाई सोही महलको ३(१) नं. बमोजिम १२(बाह्र) वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडितले सोही महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.३०,०००।– भराई लिन पाउने ठहऱ्याई भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७२।९।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवलाल पाण्डेय

इति संवत् २०७५ साल मंसिर ४ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७२-WO-०८७०, उत्प्रेषण /*

परमादेश, पार्वती तिमिल्सिना वि. भूमि सुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत

ट्रायल चेकसमेतबाट उक्त निवेदन दाबीको जग्गाको क्षेत्रफल यकिन गरी यी निवेदिकाको नाममा दर्ता हकभोग भएको जग्गाको सम्बन्धमा निर्णय गर्दा विपक्षीहरूले निज निवेदिकालाई सुनुवाइको मौकासमेत प्रदान गरेको मिसिलबाट देखिँदैन । कुनै पनि निर्णय गर्दा प्रतिवादीलाई प्रतिवादको मौका दिनु पर्दछ । प्रतिवादको मौका नै नदिई भए गरेका काम कारबाही प्राकृतिक न्यायको सिद्धान्तसमेतको विपरीत भई कानूनी मान्यता पाउन नसक्ने ।

प्रतिपादित कानूनी सिद्धान्तसमेतको प्रतिकूल हुने गरी निवेदिकालाई प्रतिवादको कुनै मौका नै नदिई निवेदन दाबीको ज.वि. ०-१७-८ जग्गा ट्रायल चेकसमेतबाट देखिएकोले यी निवेदिकाको नाममा दर्ता हक भोगमा रहेको उक्त जग्गाको सम्बन्धमा मालपोत कार्यालय, चितवनबाट मिति २०७१।९।४ मा भएको निर्णय बदर गरी उक्त निवेदन दाबीको जग्गाको क्षे.फ. साबिककै ज.वि. ०-१६-० कायम हुने ठहर गरी मिति २०७२।११।१४ मा गरेको निर्णयमा सो जग्गा सार्वजनिक हो भन्ने सम्बन्धमा कुनै वस्तुनिष्ठ आधार प्रमाणसमेतको विवेचना गरेको नदेखिँदा उक्त मालपोत कार्यालय, चितवनको मिति २०७२।११।१४ को निर्णय कानूनसम्मत रहेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

अतः विवेचित आधार र कारणसमेतबाट मालपोत कार्यालय, चितवनले यी निवेदिकाको नाममा दर्ता रहेको जग्गाको क्षेत्रफल कट्टा गर्नुभन्दा अगाडि सूचना दिई सुनुवाइको मौकासमेत प्रदान गरेको नदेखिएको र उक्त जग्गा सार्वजनिक हो भनी आफ्नो निर्णयमा कुनै निर्णयाधार उल्लेख गरेको पनि नपाइएकोले उत्प्रेषणको आदेशद्वारा मालपोत कार्यालय, चितवनको मिति २०७२।११।१४ को निर्णय बदर गरिदिएको छ । साथै यी निवेदिकालाई सुनुवाइको मौका प्रदान गरी जे जो बुझ्नुपर्छ बुझी आवश्यक निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CR-१०१७, अदालतको अवहेलना, अरूण शर्मा वि. मंगलनारायण मण्डलसमेत*

पुनरावेदक पक्ष अरूण शर्माले अदालतको अवहेलना मुद्दा दायर गर्नुअगावै पुनरावेदन अदालत विराटनगरमा नं. ०७१-WO-०२७६ को निषेधाज्ञाको निवेदन दर्ता गराएकोमा उक्त निवेदनउपरको कारबाहीले पछिल्लो मुद्दामा समेत केही फरक पार्ने अवस्थाको विद्यमानता रहने हुन्छ । उल्लिखित निषेधाज्ञाको निवेदन खारेज भएपश्चात् जुन आदेशको अवज्ञा भएको हो भनी अदालतको अवहेलना मुद्दा दायर भएको छ सो मुद्दाको औचित्य पनि समाप्त हुने हुन्छ । सोही आधारमा तत्कालीन पुनरावेदन अदालतबाट लिखित जवाफसमेत मगाउनु नपर्ने भनी फैसला भएको छ । यसै अदालतको लगाउको ०७२-CI-०९७४ नं. को निषेधाज्ञाको निवेदनउपरको पुनरावेदन आज यसै इजलासमा सुनुवाइको लागि पेस भएकोमा पुनरावेदन जिकिर पुग्न नसक्ने ठहरी तत्कालीन पुनरावेदन अदालत विराटनगरबाट भएको आदेश सदर भएको छ । यसरी जुन आदेशको अवज्ञा भयो भनी प्रस्तुत पुनरावेदन पर्न आएको हो, सो पुनरावेदन जिकिर पुग्न नसक्ने भएको अवस्थामा प्रस्तुत मुद्दामा अदालतको आदेशको अवहेलना गरेको भन्ने दाबी मनासिब नदेखिने ।

अत: उल्लिखित आधार र कारणबाट पुनरावेदन मागबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय हुन सक्ने अवस्था

देखिएन । अदालतको अवहेलना गरेको दाबी नपुग्ने ठहर गरी पुनरावेदन अदालत विराटनगरले मिति २०७२।०३।२७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल मङ्सिर १ गते रोज १ शुभम् ।

इजलास नं.९

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, *०६८-CR-०४८२, कर्तव्य ज्यान, नेपाल सरकार वि. श्यामनाथ उपाध्याय*

मृतक मिनबहादुर शाहीले वारदातको दिन अत्यधिक रक्सी सेवन गरेको भन्ने देखिएको छ । निजले रक्सी सेवन गरेको भन्ने तथ्य निजको भिसेरा परीक्षण प्रतिवेदनबाट देखिन आएको छ । जाडोको समयमा रक्सी खाई मृतक बाटोमा नै पल्टिएको अवस्था देखिएको छ । ज्यान जानेसम्मको घाउ चोटहरूसमेत निजको शरीरमा देखिएको छैन । मृत्युको कारण चोटपटक लागी भएको भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिन आएको छैन । मृत्युको कारण खुल्न पनि सकेको छैन । प्रतिवादी कसुरमा इन्कार रही बयान गरेको र सहअभियुक्त दलबहादुर रोकायले समेत यी प्रतिवादीलाई पोल गर्न सकेको देखिँदैन । प्रतिवादीउपर किटानी जाहेरी परे पनि स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन आएको देखिएन । वस्तुनिष्ठ प्रमाणहरूद्वारा समर्थन नभएको जाहेरी दरखास्तको प्रामाणिक मूल्यसमेत नरहने ।

फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा रहेको हुन्छ । प्रतिवादीउपरको अभियोग शंकारहित तवरले वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुन सक्नुपर्छ । वस्तुनिष्ठ प्रमाणद्वारा अभियोग प्रमाणित हुन नसकेमा यसको फाइदा अभियुक्तमा सर्दछ । फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउँछ । वादी नेपाल सरकारले प्रतिवादीउपरको कसुर वस्तुनिष्ठ प्रमाणद्वारा कसुर प्रमाणित गर्न सकेको नदेखिने ।

अतः उल्लिखित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको देखिन नआएकोले प्रतिवादी श्यामनाथ उपाध्यायलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत जुम्लाको मिति २०६८/३/२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७५-WO-०३२७, परमादेश, लक्ष्मण श्रेष्ठ वि. आन्तरिक राजस्व विभाग, अन्त:शुल्क शाखा लाजिम्पाटसमेत*

निवेदक कम्पनी कानूनबमोजिम इजाजत प्राप्त गरी यार्सागुम्बा, विभरेज सिलाजित ब्रान्डका मदिरा, यार्सागुम्बा एक्सट्राकर, विभिन्न हर्वल एक्सट्राकर उत्पादन, आयात, निकासी, बिक्री गर्दै आएको तथ्यमा विवाद रहेन । निवेदकले आ.व. २०७४/७५ सम्मको लागि नवीकरण गराई कारोबार गरी आएकोमा आ.व.२०७५/७६ को लागि इजाजतपत्र नवीकरण गर्न मिति २०७५/५/३ मा निवेदन गरेकोमा आलटाल गरी इजाजतपत्र नवीकरण गरी नदिएकोले कानूनबमोजिम नवीकरण गर्ने दायित्व विपक्षीहरूको रहेको हुँदा नवीकरण गरिदिनु भन्ने आदेश गरिपाउँ भनी निवेदक मिति २०७५।६।५ मा प्रस्तुत निवेदन लिई अदालतमा प्रवेश गरेको देखियो । आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, बालाजु काठमाडौंबाट निवेदक मागबमोजिमको आ.व.२०७५/०७६ को लागि मिति २०७६।३।३१ मा इजाजतपत्र नवीकरण

गरिसकेको भन्ने बहसको क्रममा निवेदकतर्फका विद्वान् कानून व्यवसायीले पेस गरेको इजाजतपत्र नवीकरणको प्रतिलिपिबाट देखियो । निवेदक जुन उपचार माग गरी अदालत प्रवेश गरेका हुन्, निवेदकले माग गरेबमोजिमकै सोही उपचार विपक्षी कार्यालयबाट निवेदक कम्पनीले प्राप्त गरिसकेको देखियो । निवेदकको मागबमोजिमको आ.व. २०७५/०७६ को लागि निवेदक कम्पनीको इजाजतपत्र नवीकरण भइसकेको देखिँदा प्रस्तुत निवेदनको औचित्य देखिन नआउने ।

अतः निवेदकले माग गरेको विषयको सम्बन्धमा विपक्षी कार्यालयबाट नै निवेदकको इजाजतपत्र नवीकरण भइसकेकोले निवेदनको औचित्य नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल भदौ ८ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७६-RC-००१४, कर्तव्य ज्यान, नेपाल सरकार वि. अबु महम्मद अन्सारी भन्ने अब्बु महम्मद अन्सारी*

मृतक मुस्तुफा अन्सारी र प्रतिवादी अबु महम्मद अन्सारी भन्ने अब्बु महम्मद अन्सारी दाजुभाइ नाताका रहेको र जग्गाको साँध सिमानालाई लिएर पहिलेदेखि नै झगडा, विवाद हुँदै आएको र वारदातको दिनसमेत दिउँसो ३.०० बजेको समयमा वादविवाद र झगडा भएको देखिन्छ । झगडा हुँदा प्रतिवादीले आफ्नो माइलो दाजु मुस्तुफा अन्सारीको टाउकोमा ४ फिट २ इन्च लामो र ५ ईन्च मोटो सपेताको लाठीले प्रहार गरेको देखिन्छ । घटनास्थल लासजाँच मुचुल्काबाट मृतक शरीरमा घाउचोट रहेको भन्ने देखियो, पोष्टमार्टम रिपोर्टमा टाउकोको हड्डी Fracture भएको भन्ने देखिन्छ । मृतक र प्रतिवादीका बिच जग्गासम्बन्धी विवाद भई रिसइवी रहेको भन्ने पनि देखिन्छ । जग्गासम्बन्धीको विवाद मिलाउन पहिले पनि गाउँ समाज छलफलमा बसेको भन्ने देखिएको छ । प्रतिवादीले लाठीले मृतकको टाउकोको हड्डीसमेत Fracture हुने गरी प्रहार गरेको र सोही चोटका कारणले मृतकको मृत्यु हुन गएको पुष्टि भएको छ, अतः प्रतिवादी अबु महम्मद अन्सारी भन्ने अब्बु महम्मद अन्सारीलाइ साबिक मुलुकी ऐन, २०२० ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७२।३।३० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्वको सजाय खारेज गरी जन्मकैद मात्र गर्ने व्यवस्था गरेको हुँदा उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने देखिने ।

प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्ने राय कायम गरेको सुरू जिल्ला अदालतको रायलाई सदर गरेको पुनरावेदन अदालत जनकपुरको राय सम्बन्धमा हेर्दा प्रतिवादीले वारदात मिति समयमा आफ्नो नाममा रहेको धानखेतमा दाजु मुस्तुफा अन्सारीले रोपाइँ गरिरहेकोले जग्गा मेरो भागमा पर्छ, तपाइँले धान नरोप्नु भन्दा दुवै दाजुभाइमा गाली गलौज, तानातान, वादविवाद, झै-झगडा भएको र धकेलाधकेल हुँदा प्रतिवादी खाल्टोमा परेकोले प्रतिकारको रूपमा लाठीले प्रहार गरेको भनी मौकामा र अदालतमा समेत बयान गरेको छ, मृतककै कारणबाट प्रतिवादीले लाठीले मृतकलाई प्रहार गर्नुपर्ने स्थिति देखापरेको छ । मृतक र प्रतिवादी आफ्नै दाजुभाइ नाताको भई जग्गासम्बन्धी विवादमा पहिले पनि विवाद झगडा हुँदै आएको र वारदातको दिन पनि सोही विषयमा विवाद भई एकापसमा तानातान,

धकेलाधकेल भई कुटपिट हुन गएको घटना परिस्थिति देखिन्छ । वारदात दिउँसोको समयमा भएको र बाटो गौंडा छेकी थुनी एकान्तस्थानमा भएको भन्ने देखिँदैन। वारदातमा जोखिमी हातहतियारको प्रयोग भएकोसमेत देखिँदैन । घटनाको वास्तविकता दर्साई प्रतिवादीले अदालतमा समेत साबिती भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको देखिन्छ, तसर्थ कसुरदारले कसुर गर्दाको अवस्था र परिस्थितिलाई मनन गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट व्यक्त भएको राय घटना परिस्थितिअनुकूल भएको नदेखिँदा सो रायलाई समर्थन गर्न नमिली साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई ७ (सात) वर्ष कैदको सजाय गर्नु मुनासिब देखिँदा प्रतिवादीलाई ७ (सात) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम्।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-WO-०६५१, उत्प्रेषण, कमलप्रकाश पनेरू वि. पुनरावेदन अदालत पाटनसमेत*

वादी आत्माप्रकाश पनेरू प्रतिवादी कमलप्रकाश पनेरू भएको सार्वजनिक बाटो कायम गरिपाउँ भन्ने मुद्दामा वादीको कि.नं. ४३४७ र २४२१ को घर जग्गामा आवत जावत गर्न प्रतिवादीको कि.नं. ४३४८ को जग्गाबाट वादीले बाटो निकास पाउने र प्रतिवादीको कि.नं. ४३४८ को जग्गालाई सार्वजनिक बाटो कायम गरिपाउँ भन्ने हदसम्मको वादी दाबी पुग्न नसक्ने भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६९/९/९ मा भएको फैसला पुनरावेदन अदालत पाटनबाट मिति २०७१/२/१९ मा सदर भई अन्तिम भएको देखिन्छ । सो फैसलाअनुसार चलन चलाई पाउँ भनी परेको निवेदनअनुसार मिति २०७२/३/७ मा भई आएको चलन मुचुल्का बदर गरिपाउँ भनी यी रिट निवेदक कमलप्रसाद पनेरूको मुलुकी ऐन, द.स.को ६१ नं. बमोजिम निवेदन परी इजलाससमक्ष पेस हुँदा फैसलाअनुसार चलन चलाउन प्रतिवादीलाई मिति २०७२/३/७ गते डोरको तारेख तोकी चलन चलाएको अवस्था देखिँदा त्यसरी चलन चलाएको मुचुल्का निवेदक प्रतिवादीको निवेदन दाबीअनुसार बेरितको देखिन आएन । सो मुचुल्का रीतपूर्वककै देखिँदा कानूनबमोजिम गर्नु भन्ने मिति २०७२/६/२२ मा आदेश भएको देखियो । सो आदेशउपर प्रतिवादी कमलप्रकाश पनेरूको पुनरावेदन अदालत पाटनमा परेको मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको निवेदनमा समेत उक्त चलन मुचुल्का सदर गर्ने गरी मिति २०७२/११/१४ मा पुनरावेदन अदालत पाटनबाट आदेश भएको पाइयो । यसरी तहतहबाट उक्त चलन मुचुल्का परीक्षण भइसकेको देखिने।

फैसला कार्यान्वयन सम्बन्धमा तहसिलदारको काम कारबाहीमा चित्त नबुझे जिल्ला न्यायाधीशसमक्ष र जिल्ला न्यायाधीशले गरेको आदेशउपर चित्त नबुझे पुनरावेदन अदालतमा निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी पुनरावेदन अदालतसमेतबाट चलन चलाउने कार्य परीक्षण भइसकेको अवस्था छ । यसरी कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत अदालत प्रवेश गरेको पाइयो । अदालतबाट भएको अन्तिम निर्णयको कार्यान्वयनमा निवेदक आफैँले सहयोग नपुऱ्याई असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको देखियो। सो चलन मुचुल्काबाट के कसरी कुन आधारबाट वादीको हक अधिकारमा आघात पुग्न गएको हो ? निवेदकले प्रस्ट पार्न सकेको नपाइने।

अतः विवेचित आधार प्रमाणबाट मिति

२०७२/३/७ मा फैसलाबमोजिम निकास बाटो चलन मुचुल्का गैरकानूनी देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-WO-१०३५, उत्प्रेषण, हिराकुमारी चौधरीसमेत वि. पुनरावेदन अदालत बुटवलसमेत*

वादी महेश्वरप्रसाद चौधरी प्रतिवादी शान्तिदेवी चौधरीसमेत भएको घर जग्गा खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०६५/२/३० मा भएको अन्तिम फैसलाबमोजिम चलन चलाउन वादीको दरखास्त परी अदालतको फैसलाबमोजिम चलन चलाई पाउने ठहरेको घर जग्गा घरसारमै प्रतिवादीले चलन छाडी वादीले चलन पाएको भनी दुवै पक्षको मिति २०६८/१२/१४ मा निवेदन परी दरखास्त तामेलीमा रहेकोमा पुनः प्रतिवादीले उक्त घर जग्गा खिचोला गरेको हुँदा पुनः चलन चलाई पाउँ भनी वादी महेश्वरप्रसाद चौधरीले मिति २०७१/३/४ मा निवेदन दिएको देखिन्छ । मिति २०७२/२/२६ मा फैसलाअनुसार वादीले चलन चलाई पाउने ठहरेको घर जग्गा पुनः चलन चलाइदिने भनी तहसिलदारबाट आदेश भएको रहेछ । तहसिलदारको उक्त आदेश बदर गरिपाउँ भनी द.स. ६१ नं. अनुसार हिराकुमारी यादवसमेतले अदालतसमक्ष उजुरी दिएकोमा अदालतबाट मिति २०७२/४/२९ मा तहसिलदारको आदेशलाई सदर गरेको देखियो। अदालतको मिति २०७२/४/२९ को आदेश बदर गरिपाउँ भनी हिराकुमारी चौधरीसमेतले अ.बं.१७ नं. बमोजिम पुनरावेदन अदालत बुटवलमा निवेदन दिएकोमा रूपन्देही जिल्ला अदालतको मिति २०७२/४/२९ को आदेशलाई मिति २०७२/९/२ मा सदर गरेको देखिने।

फैसला कार्यान्वयन सम्बन्धमा तहसिलदारको काम कारबाहीमा चित्त नबुझे जिल्ला न्यायाधीशसमक्ष र जिल्ला न्यायाधीशले गरेको आदेशउपर चित्त नबुझे पुनरावेदन अदालतमा निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी पुनरावेदन अदालत बुटवलसमेतबाट चलन चलाउने कार्य परीक्षण भइसकेको पाइन्छ । कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा त्यसको परिणामलाई विचार गरी सोही विषयलाई असाधारण अधिकार क्षेत्रअन्तर्गतबाट पुनः उठाउने उद्देश्यले प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो । अदालतबाट अन्तिम भएको फैसला अन्यथा नभएसम्म सो फैसलाबाट ठहर भएको विषयहरू कार्यान्वयन हुनै पर्ने हुन्छ । प्रस्तुत मुद्दामा दुवै पक्षको सहमतिबाट फैसलाअनुसार चलन चलाई पाएको भनी एकपटक अदालतमा दर्खास्त परिसकेको देखिन्छ । यसप्रकार एकपटक चलन पाइसकेकोमा सो चलनमा हटक गरेको स्थितिमा अब मूल फैसलालाई अन्यथा हो भनी अहिले लिखित जवाफमा विपक्षीले लिएको जिकिर कानूनसङ्गत रहेको पाइएन । अतः फैसलाबमोजिम एकपटक चलन चलाई पाएको विषयमा विपक्षीबाट अवरोध भएमा पुनः चलन चलाई दिनुपर्ने कानूनी व्यवस्थाअनुसार भएका कार्यहरू गैरकानूनी देखिन आएको नपाइने।

अतः चलन चलाउने कार्य रोक्नुपर्नेसम्मको अवस्था देखिएन । फैसला बदर र चार किल्ला बदर गरिपाउँ भन्ने मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा अदालतबाट अन्तिम भएको फैसलालाई कार्यान्वयन गर्नबाट रोक्न मनासिब देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७४-WO-०३०५, उत्प्रेषण, दिपक पहारी वि. उच्च अदालत पोखरासमेत*

वादी उषा थापा पहारी प्रतिवादी भिमप्रसाद पहारीसमेत भएको अंशबन्डा पत्र लिखत बदर (दे. नं. ५०७/०७३-CP-००४५) र जालसाजी (दु. फौ. २८४/०७३-PC-००४९) मुद्दा कास्की जिल्ला अदालतमा विचाराधीन रहेको देखियो । उषा थापा पहारी वादी महेन्द्र पहारी प्रतिवादी भएको अंशसहितको सम्बन्ध विच्छेद (२०७२ सालको दु.दे.नं. १०१०) मुद्दामा अ.बं. १३९ नं. अनुसार निवेदकलाई प्रतिवादी कायम गराई निजसँग तायदाती फाँटवारी मिति २०७४/५/४ मा माग्ने आदेश कास्की जिल्ला अदालतबाट भएको देखियो । उक्त तायदाती फाँटवारी माग्ने आदेश बदर गरी विपक्षीको पतिसँग मात्र तायदाती फाँटवारी माग गर्ने आदेश गरिपाउँ भनी अ.बं. १७ नं. अनुसार यी निवेदकले उच्च अदालत पोखरामा निवेदन दिएकोमा उच्च अदालत पोखराबाट कास्की जिल्ला अदालतको मिति २०७४/५/४ को आदेशलाई नै मिति २०७४/६/२६ मा सदर गरेको देखियो । सुरू कास्की जिल्ला अदालतबाट मिति २०७४/५/४ मा तायदाती फाँटवारी माग्ने आदेशउपर चित्त नबुझेमा उच्च अदालत पोखरामा अ.बं. १७ नं. बमोजिम यी रिट निवेदकले निवेदन दिन सक्ने कानूनी व्यवस्था अवलम्बन गरी उच्च अदालत पोखराबाट उक्त तायदाती फाँटवारी माग्ने आदेश परीक्षण भइसकेको अवस्था देखियो । यसरी कानूनले निर्देशन गरेको मार्ग अवलम्बन गरिसकेको अवस्थामा पुनः सोही विषयमा सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत अदालत प्रवेश गरेको पाइयो । जिल्ला अदालतमा दायर रहेको उक्त मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट क्षेत्रबाट अदालतको विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट क्षेत्रबाट निर्णय गर्न मिल्ने पनि देखिँदैन । जिल्ला अदालतमा विचाराधीन उपरोक्तानुसारका मुद्दाहरू तथा अंशसहितको सम्बन्ध विच्छेद मुद्दाबाट नै कानूनबमोजिम हुने अवस्था रहेकै देखिने ।

अतः मातहत अदालतमा विचाराधीन रहेका मुद्दाको काम कारबाहीको सिलसिलामा भएको आदेशलाई ठोस प्रमाणबिना असाधारण अधिकारक्षेत्र ग्रहण गरी बदर गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार १२ गते रोज ४ शुभम् ।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-१३३०, उत्प्रेषण, विन्देश्वर झा वि. उच्च अदालत जनकपुरसमेत*

जालसाजी मुद्दाको नालिस दर्ता गरी कारबाही तथा निर्णय गर्ने अधिकार कानूनबमोजिमको सम्बन्धित जिल्ला अदालतकै हुन्छ । दर्ता भएको फिराद दाबीबमोजिमको हक अधिकार र सरोकारको विषय रहे नरहेको र फिराद कानूनको रीत पुगी दर्ता भए नभएको तथा प्रत्यर्थी वादीलाई निवेदक प्रतिवादीसमेतको विरूद्धमा जालसाजी मुद्दा दायर गर्ने हकदैया रहे नरहेको भन्नेसमेतको विषयहरूमा प्रतिउत्तर जिकिरसमेत हेरी मुद्दाको तथ्य कानून र सबुद प्रमाणहरूका आधारमा न्यायिक निर्णय गर्ने अधिकारप्राप्त अदालतको न्यायिक अधिकारी जिल्ला न्यायाधीशले मुद्दा टुंगो लगाउने अवस्थामा न्याय निरूपण गर्दा विवेचना हुन सक्ने विषय हो । सामान्यतयाः यस अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी अधिकारप्राप्त अदालतमा विचाराधीन मुद्दा किनारा गर्ने अधिकारमा हस्तक्षेप

गर्न न्यायसङ्गत नहुने भनी यस अदालतबाट ने.का.प.२०५८, अङ्क ७, नि.नं.७०१६ मा निवेदक तारादेवी पौडेल विरूद्ध मन्त्रिपरिषद् सचिवालय, काठमाडौंसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा सिद्धान्तसमेत प्रतिपादित भएको देखिने।

बेपत्ता भएका अंशियार भाइ परमेश्वर झाको हकमा रहेको सम्पत्तिको सम्बन्धमा अंशियारमध्येका दाजु चतुर्भुज झाले कानूनी प्रक्रिया अपनाई निजको अंश हक सुरक्षित राख्ने उद्देश्यले साबिक मुलुकी ऐन, अ.बं. ८३ नं. बमोजिम बेपत्ता भएका भाइ परमेश्वर झाको हकमा जालसाजी मुद्दा दर्ता गर्न धनुषा जिल्ला अदालतबाट मिति २०७३।७।५ मा अनुमति लिई जालसाजी मुद्दा दर्ता गरेको देखिएको हुँदा सो अनुमति प्राप्त गरी दर्ता गरेको मुद्दाको फिराद पत्र कानूनको रीत पुगी दर्ता भए नभएको र परमेश्वर झाको हकमा मुद्दा दायर गर्ने हकदैया प्रत्यर्थी वादी चतुर्भुज झालाई भए नभएको भन्ने विषयमा मुद्दाको तथ्य, सम्बद्ध कानून र सबुद प्रमाणहरूको विवेचना गरी न्यायिक निर्णय गर्ने अधिकार धनुषा जिल्ला अदालतलाई नै भएको र सो मुद्दाबाट यी निवेदकले कानूनी उपचार प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहेकै देखिन आएको अवस्थामा सो मुद्दाको परिणामलाई असर गर्ने गरी अहिले नै यस अदालतले रिटको माध्यमबाट असाधारण अधिकारक्षेत्रको प्रयोग गरी जिल्ला अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्न मिल्नेसमेत देखिन नआउने।

तसर्थः विवेचित आधार, कारणहरूसमेतबाट परमेश्वर झाको हकमा जालसाजी मुद्दा दर्ता गर्न प्रत्यर्थी वादी चतुर्भुज झालाई मुलुकी ऐन, अ.बं.८३ नं. बमोजिम अनुमति प्रदान गर्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०७३।७।५ मा भएको आदेश सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७४।२।१२ मा भएको आदेश कानूनविपरीतको नदेखिएको हुँदा उक्त आदेशले निवेदकको हक अधिकारमा आघात पुगेको भन्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०७३-WO-१३३१, उत्प्रेषण, विन्देश्वर झा वि. उच्च अदालत जनकपुरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना, *०७६-WH-००४०, बन्दीप्रत्यक्षीकरण, योगेन्द्र कुमालसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

मिति २०७६।४।२३ का दिन वादी नेपाल सरकार प्रतिवादी यी निवेदकसमेत भएको सार्वजनिक स्थानमा अभद्र व्यवहार मुद्दामा कारागार कार्यालय कास्कीमा थुनामा रहेकोमा जिल्ला प्रशासन कार्यालयको च.नं.१२२ मिति २०७६।४।२२ को पत्रानुसार मिति २०७६।४।२३ मा कारागारबाट मुक्त गरिएको भन्ने देखिन्छ। निवेदकहरू कारागार कार्यालय कास्कीबाट मुक्त भएकै दिन मिति २०७६।४।२३ का दिन जिल्ला प्रहरी कार्यालय स्याङ्जामा कार्यरत प्र. ना.नि. जनक रेग्मीसमेतको टोलीले गस्तीमा खटिएको प्रहरी टोलीलाई अपशब्द प्रयोग गरी गाली गलौज, हो-हल्ला, अशान्ति गर्नुको साथै अभद्र व्यवहार गरेको हुँदा प्रक्राउ गरी दाखिला गरेको छु भनी प्रतिवेदन गरी जरूरी प्रक्राउ पुर्जी जारी गरेको देखिन्छ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट प्रक्राउ स्वीकृति प्राप्त गरी निवेदकहरूलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा राख्नुपर्ने भनी थुनुवा पुर्जी दिएको देखियो । जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट मिति २०७६।४।२३ बाट लागु हुने गरी पहिलो पटक ७ दिनको र मिति २०७६।४।३०

बाट लागु हुने गरी दोस्रो पटक ७ दिनको र मिति २०७५।५।५ देखि लागु हुने गरी तेस्रो पटक ५ दिनको र मिति २०७६।५।१० बाट लागु हुने गरी चौथोपटक ६ दिनको म्याद थप गरिदिएको देखिने।

निवेदकहरू मिति २०७६।१।२२ मा गोर्खा जिल्लाबाट प्रक्राउ परेको देखियो । निवेदकहरू गोर्खामा राजद्रोह, तनहुँमा अभद्र व्यवहारको, कास्कीमा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरमा र हाल स्याङ्जामा समेत सोही कसुरमा प्रक्राउ परी विभिन्न मुद्दाहरूमा निरन्तर थुनामा रहेका भन्ने निवेदनबाट देखिन्छ । निवेदकहरूले विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीमा आबद्ध रही फरक विचार र आस्था राखेको कारण प्रवृत्त भावनाले बदनियतपूर्वक पटकपटक पक्राउ गरी मुद्दा लगाउने, गैरकानूनी थुनामा राखेको भन्ने दाबी लिएको छ। निवेदकहरूउपर परेको पछिल्लो मुद्दामा अनुसन्धानको कार्य बाँकी रहेको हुँदा म्याद थप गरिपाउँ भन्ने अनुसन्धान गर्ने निकायले निवेदन गर्ने र निवेदकहरूलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न मनासिब देखिएको भनी मुद्दा हेर्ने निकायले म्याद थप गरेको देखिन्छ। के, कुन आधार प्रमाणहरूबाट थुनामा राखी अनुसन्धान गर्न मनासिब रहेको हो, सो उल्लेख गरेको नदेखिने।

बन्दीप्रत्यक्षीकरणको निवेदनमार्फत व्यक्तिगत स्वतन्त्रता संरक्षण गर्ने गरिन्छ। यो हरेक किसिमको अनधिकृत र गैरकानूनी थुनामा राख्ने न्यायिक वा अर्धन्यायिक निकाय वा पदाधिकारीका विरूद्धमा जारी हुन्छ । व्यक्तिगत स्वतन्त्रता संविधानबाट संरक्षित छ। संविधानले नागरिकको व्यक्तिगत स्वतन्त्रतालाई मौलिक हक अधिकारअन्तर्गत राखेको छ। सार्वजनिक अधिकारको प्रयोग गर्ने निकाय वा अधिकारीले आफूलाई प्राप्त अधिकार कानूनबमोजिम प्रयोग गर्नुपर्ने हुन्छ । कानूनबमोजिम बाहेक कुनै नागरिक कैद वा थुनामा रहनु न्यायोचित हुँदैन। कानूनविपरीत थुनामा राखिएको भएमा वा गलत वा दूषित मनसाय बनाई बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको देखिएमा, व्यक्तिको संविधान प्रदत्त हकमा आघात परेको देखिएमा त्यस्तो हकको प्रचलनको लागि वा थुनामा परेको व्यक्तिलाई थुनामुक्त गर्ने प्रयोजनको लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था हुने।

प्रस्तुत विवादमा निवेदकहरूलाई गलत वा दूषित मनसाय लिई प्रक्राउ गरी विभिन्न मुद्दाहरू लगाई जसरी भए पनि थुनामा राख्ने उद्देश्यले प्रवृत्त धारणा बनाई प्रक्राउ गरी निरन्तर थुनामा राखेको देखिन्छ । मिसिल संलग्न कागजात र तथ्यहरूको आधारमा निवेदकहरूको थुना कानूनसम्मत मान्न मिलेन । निवेदकहरू गैरकानूनी थुनामा रहेको भन्ने देखिने।

अतः निवेदकहरूलाई विपक्षीहरूबाट थुनामा राख्ने गरी भएको कार्य गैरकानूनी देखिँदा निवेदकहरू योगेन्द्र कुमाल र कपिल भट्टलाई स्याङ्जा जिल्ला अदालतको स्रेस्तेदारको रोहवरमा तुरून्त थुनामुक्त गरिदिनु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, स्याङ्जा र जिल्ला प्रहरी कार्यालय, स्याङ्जासमेतका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः मदनप्रसाद पराजुली
कम्प्युटर : देवीमाया खतिवडा (देविना)
इति संवत् २०७६ साल भदौ १२ गते रोज ५ शुभम्।

इजलास नं.१०

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *०६९-WO-१०४३, उत्प्रेषण / परमादेश, दामोदरप्रसाद जोशी वि. नापी कार्यालय महेन्द्रनगरसमेत*

क्षेत्रफल मिलान गर्न सम्बन्धित निकायको

आदेश आवश्यक हुने र आदेश प्राप्त नभएको अवस्थामा फैसला कार्यान्वयन गर्न नसकिने भन्ने विपक्षी नापी कार्यालयको भनाइ रहेको देखियो । मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने छ भन्ने संवैधानिक प्रावधान रहेको छ । यस्तो संवैधानिक प्रावधानको पालना सबैले अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ । यो वा त्यो बहानामा अदालतले दिएको आदेश वा निर्णयको पालना नगर्नु संवैधानिक एवं न्यायिक दृष्टिकोणबाट समेत किमार्थ स्वीकार्य हुँदैन । अदालतको फैसला हरहालतमा कार्यान्वयन हुनु पर्दछ । अदालतको फैसलाको कार्यान्वयन गर्ने कर्तव्य विपक्षी नापी कार्यालयले पालना गरेको देखिएन ।

अदालतको फैसला कार्यान्वयन गर्न अदालतको फैसला मात्र स्वयम्मा पर्याप्त हुन्छ । अदालतको फैसला कार्यान्वयन गर्न कुनै अन्य निकायको थप आदेशको आवश्यकता रहँदैन । यदि अन्य प्रशासनिक तहको आदेशको आड लिइन्छ भने त्यसलाई स्वेच्छाचारिताको नकारात्मक प्रवृत्ति मान्नु पर्दछ । अदालतको फैसला कुनै पनि तवरबाट प्रशासनिक पुनरावलोकनको विषय बन्न सक्तैन । अदालतको फैसला वा आदेशलाई नै अन्तिम आदेशको रूपमा मान्नुपर्ने हुन्छ । पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसला अन्तिम भइरहेको अवस्थामा सो फैसला कार्यान्वयन गर्न सम्बन्धित निकायको आदेश नभएकोले फैसला कार्यान्वयन गर्न नसकिने भन्ने विपक्षी नापी कार्यालयको भनाइबाट अदालतको फैसला कार्यान्वयन गर्नमा बहानाबाजी गरेको मान्नुपर्ने देखिएको छ ।

अतः पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०६३/१२/१९ र मिति २०६७/१२/१६ को फैसलाबमोजिम रिट निवेदकको कि.नं.३८८ को ०३०४.५ वर्ग मिटर जग्गाको नक्सा अद्यावधिक गर्नु गराउनु, कित्ताकाट गर्नेलगायत जे जो रीत प्रक्रिया पूरा गर्नुपर्छ पूरा गरी स्रेस्ता पुर्जा खडा गरी गराई कि.नं.३८८ को ०३०४.५ वर्ग मिटर जग्गामा निवेदकलाई चलनसमेत चलाइदिनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई, *०७३-WO-००६४, उत्प्रेषण / परमादेश, प्रा.डा.बिमलकुमार सिन्हासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

निवेदकहरूलाई त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रारबाट मिति २०७३/०३/०७ मा लेखिएको पत्र र स्पष्टीकरण पेस गरेपछि पुनः मिति २०७३/०४/१६ मा लेखिएको पत्रहरू हेर्दा सो पत्रहरू त्रिभुवन विश्वविद्यालयबाट स्वतन्त्र रूपमा लेखिएको नभई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७३/०२/०६ को पत्रबमोजिम लेखिएको भन्ने देखियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(१) अन्तर्गत अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई "अनुचित कार्य वा भ्रष्टाचार" मा अनुसन्धान गर्न पाउने क्षेत्राधिकार रहेकोमा २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा २३९(१) मा भ्रष्टाचारको कसुरमा सम्म अनुसन्धान गर्न पाउने क्षेत्राधिकार आयोगलाई प्रदान गरेको रहेछ अर्थात् नयाँ संविधान जारी भएपछि आयोगलाई "अनुचित कार्य" मा अनुसन्धान र कारबाहीको सिफारिस गर्ने क्षेत्राधिकार कायम रहेको देखिएन । यसबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिच्छेद ३ को व्यवस्था नै नयाँ संविधानअनुकूल रहे भएको पाइएन । सोही परिच्छेदअन्तर्गत दफा १२(क) को व्यवस्था रहेकोबाट सो व्यवस्थाको अस्तित्वमा पनि प्रश्न चिह्न उत्पन्न हुन आएको पाइयो । २०७२ सालमा नेपालको संविधान जारी भइसकेको अवस्थामा

आयोगले संविधान प्रदत्त क्षेत्राधिकारमा सीमित रहनुपर्ने हुन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा सोमा कायम नरही ऐनको दफा १२(क) को प्रयोग गरिएबाट क्षेत्राधिकारको प्रयोग विवादास्पद बन्न पुगेको पाइयो । कानूनद्वारा स्थापित कुनै पनि निकायको लागि क्षेत्राधिकारको प्रश्न प्रमुख प्रश्न हुन्छ । संविधान वा ऐनको संशोधन वा नयाँ संविधान वा ऐनको निर्माण हुँदा क्षेत्राधिकारमा थप घट भएको छ भने त्यसरी थप घट भएको क्षेत्राधिकार तत्कालै थप घट वा परिवर्तन भएको मान्नुपर्ने । साबिकमा अन्तरिम संविधानअन्तर्गत कायम रहेको क्षेत्राधिकार नयाँ संविधानमा रहेन भने ऐनमा संशोधन नभएको कारण अझै पनि अनुचित कार्यबारेको क्षेत्राधिकार कायमै छ भनी सम्झन नमिल्ने ।

कार्यकारी परिषद् वा परिषद्को निर्णयबमोजिम भनी स्पष्टीकरण सोध्ने रजिस्ट्रार कसैले पनि स्वतन्त्रपूर्वक निर्णय नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय तथा पत्राचारलाई नै सिरानी हाली निर्णय र पत्राचार गरेको पाइन्छ । यथार्थमा परिषद् वा रजिस्ट्रार कसैले पनि त्रि.वि. कानूनद्वारा संस्थापित स्वायत्त निकाय हो भन्ने कुरा बिर्सेको देखियो । अन्यथा चिकित्साशास्त्र अध्ययन संस्थानका डिनद्वारा केवल अनुगमन गरी प्रतिवेदन दिने मात्र अधिकार रहेको गठित अनुगमन समितिलाई अमुक मेडिकल कलेजलाई सिट बढाएको आरोप लाग्ने थिएन । स्पष्टीकरण सोधिएको स्थिति हेर्दा मेडिकल कलेजहरूको सिट संख्याबारे निर्णय गर्ने निकाय अर्थात् त्रि.वि सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १३६(न) बमोजिमको "विश्वविद्यालयको विद्यापरिषद्" हो भन्ने कुराको हेक्का नराखी डिनसमक्ष पेस गरेको प्रतिवेदनलाई कारबाहीको विषय बनाएकोबाट सो कार्यहरू क्षेत्राधिकारविहीन र दूषित मनसाय राखी गरिएकोसमेत देखिने ।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट नेपालको संविधानमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अनुचित कार्यको विषयमा कारबाही गर्ने अधिकार दिएको नदेखिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७३/०१/२३ को निर्णय, सोबमोजिम त्रिभुवन विश्वविद्यालयलाई पठाइएको मिति २०७३/०२/०६ को पत्र, त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०७३/०३/०२ को निर्णय, सो निर्णयानुसार मिति २०७३/०३/०७ मा माग गरिएको पहिलो स्पष्टीकरण पत्र र हाल पुनः मिति २०७३/०४/१६ मा माग गरिएको दोस्रो स्पष्टीकरण पत्रसमेत सो विषयसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू क्षेत्राधिकारविहीन र दूषित मनसाययुक्तसमेत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निज निवेदकहरूउपर गरिएको निर्णय तथा त्रि.वि. रजिस्ट्रारको कार्यालयबाट सोधिएको स्पष्टीकरण पत्रबमोजिम कुनै पनि किसिमको कारबाही नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, *०७२-CR-११३३, जबरजस्ती करणी, साने भन्ने संगम सार्की वि. नेपाल सरकार*

जबरजस्ती करणी मुद्दामा वारदात स्थापित गर्ने विषयमा जाहेरवाला, पीडित तथा अन्य व्यक्तिको भनाइ महत्त्वपूर्ण हुन्छ । प्रस्तुत वारदातको सम्बन्धमा पीडितको मौकाको बयान, किटानी जाहेरी, पीडितको स्वास्थ्य परीक्षण, घटनास्थल मुचुल्का, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयान तथा घटना सम्बन्धमा अन्य व्यक्तिले गरिदिएको कागजबाट जबरजस्ती करणी पुष्टि भइरहेको अवस्थामा पछि

अदालतमा आएर जबरजस्ती करणी भएको होइन भनी प्रतिवादी, जाहेरवाला तथा स्वयं पीडितसमेतले बयान बकपत्र गर्दैमा जबरजस्ती करणी भएको होइन भनी निष्कर्षमा पुग्न सकिँदैन । फौजदारी मुद्दामा कहिलेकाहीँ पीडित, जाहेरवाला तथा अन्य व्यक्तिले विभिन्न कारणले आफूले गरेको बयान कागजको प्रतिकूल हुने गरी प्रतिवादीलाई बचाउने हेतु बयान बकपत्र गर्ने गरेको पाइन्छ । अन्य प्रमाणबाट कसुर पुष्टि भइरहेको अवस्थामा जाहेरवाला, पीडित तथा अन्य व्यक्तिले अनुसन्धानको क्रममा आफूले भनेको भनाइविपरीत हुने गरी अदालतमा गरेको बयान बकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिनु न्यायको दृष्टिले न्यायोचित नहुने ।

अत: माथि उल्लिखित आधार कारणहरूबाट प्रतिवादी साने भन्ने संगम सार्कीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १२ वर्ष कैद र ऐ. १० नं. बमोजिम पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.८५,०००/- भराइदिने गरेको उदयपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।१२।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत्र ५ गते रोज ३ शुभम् ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री तेजबहादुर के.सी., ०७०-CR-०३६५, १४६२, भ्रष्टाचार, *केशवप्रसाद भट्टराई वि. रामचन्द्र सिलवालसमेत, रामचन्द्र सिलवाल वि. नेपाल सरकार*

सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरूपयोग गरेको कुरा कार्य वा व्यवहारबाट देखिने हुन्छ । व्यवहार एवं कार्यतत्त्वले नै बदनियत, मनसाय पत्ता लाग्दछ । प्रस्तुत विवादमा प्रतिवादीहरूको कार्य हेर्दा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छपाई कागज खरिदको लागि खोलिएको बोलपत्रको सम्पूर्ण प्रक्रिया सञ्चालक समितिको बैठक नं. ९०९ मिति २०६६।११।२९ को निर्णयले रद्द गरेपछि केन्द्रलाई तत्काल छपाई गर्नुपर्ने, ३३ लाख थान पाठ्यपुस्तकका लागि छपाई कागजको आवश्यक परेको, तत्काल कागज आपूर्ति नगर्दा केन्द्रलाई थप हानि हुने अवस्था देखिएको, केन्द्रमा छपाई गर्नुपर्ने कागजको मौज्दात अत्यन्त न्यून रहेको, सञ्चालक समितिको बैठक नं. ९०९ मिति २०६६।११।२९ को निर्णयले प्राविधिक परीक्षणबाट योग्य देखिएका आपूर्तिकर्ताहरूबाट वार्ता गरी घटाघटसमेत गराई कागज खरिद गरी तत्कालको कागजको सङ्कटलाई अल्पकालीन रूपमा समाधान गर्नेसमेत निर्णय गरेको देखिने ।

घटाघटद्वारा कागज आपूर्तिको लागि केन्द्रद्वारा चालिएको प्रक्रियामा समावेश भएका कागज आपूर्तिकर्ताहरूमध्ये स्वदेशी आपूर्तिकर्ता एभरेष्ट पेपर र भृकुटी पेपरबाहेक अन्य कोटेसनदाताहरूको मुख्य कम्पनी विदेशी भएको, ती आपूर्तिकर्ताहरूले घटी मूल्यमा कागज आपूर्ति गर्न टेन्डर पेस गर्दा मूल्य, आपूर्ति समय, कमिसन आदि विविध पक्षमा सर्त राखी कोटेसन पेस गरेको पाइयो । एभरेष्ट पेपर र भृकुटी पेपरबाट रू. ८०,८००।– प्रति मेट्रिक टनमा कागज खरिद गर्ने भनी बैठक नं. ८८४ मिति २०६५।९।२१ मा सञ्चालक समितिले निर्णय गरेको देखिन्छ । एभरेष्ट पेपर र भृकुटी पेपरले उक्त घटाघटको प्रक्रियामा सहभागी भई रू.८०,८००।– प्रति मेट्रिक टन पहिलेको मूल्यमा कागज दिने मन्जुर भएपछि जनक शिक्षा सामग्री केन्द्रले तत्काल कागजको आपूर्तिलाई कम गर्न उक्त दुई स्वदेशी कम्पनीबाट कागज खरिद गरेको देखियो । उक्त दुई कम्पनीबाट खरिद गरेको कागजबाट पाठ्यपुस्तक छपाई गरी विद्यालयहरूमा समयमा पुऱ्याएको देखियो । पाठ्यपुस्तक छपाई र

बिक्रीबाट केन्द्रलाई नोक्सान भएको देखिएन। छपाई कागज आपूर्तिकर्ता एभरेष्ट पेपर र भृकुटी पेपर दुवै कम्पनीहरूलाई अन्तिम भुक्तानी नदिई पेस्की स्वरूप मात्र रकम भुक्तानी भएको देखिएबाट प्रतिवादीहरूले गरेको उल्लिखित कार्यबाट प्रतिवादीहरूले आफूलाई गैरकानूनी आर्थिक लाभ र सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याउन बदनियतले कार्य गरेको भन्ने कुरा मिसिल प्रमाणबाट समर्थित भएको नदेखिने।

सञ्चालक समितिको बैठक नं. ९०९ मिति २०६६।११।२९ को निर्णयले केन्द्रको लागि प्रकाशित बोलपत्रको सम्पूर्ण प्रक्रिया नै रद्द गरी प्राविधिक परीक्षणबाट योग्य देखिएका आपूर्तिकर्ताहरूबाट वार्ता गरी घटाघटसमेत गराई कागज खरिद गरी तत्कालको कागज सङ्कटलाई अल्पकालीन रूपमा समाधान गर्ने गरी प्रबन्ध सञ्चालकलाई दिएको अख्तियारीबमोजिम र नपुग केही कागज प्रबन्ध सञ्चालकको आदेशबमोजिम कागज खरिद गरेको र पछि सञ्चालक समितिको निर्णयबाट अनुमोदन / समर्थनसमेत भएको देखिन्छ। कागज खरिद गर्दा सञ्चालक समितिको आदेशबिना प्रतिवादीहरूले कागज खरिद गरेको देखिँदैन। जनक शिक्षा सामग्री केन्द्रको लागि खरिद गरिएको छपाई कागजमा भ्रष्टाचार भएको भए त्यसरी कागज खरिद गर्न आदेश दिने वा अनुमोदनको निर्णय गर्ने सञ्चालक समितिका सदस्यहरूउपर समेत कारबाही चलाउनुपर्ने थियो। तर सञ्चालक समितिका पदाधिकारीउपर कुनै कारबाही चलाइएको नदेखिने।

आवास ट्रेड लिङ्कले पेस गरेको दरभाउ पत्रमा प्रतिमेट्रिक टन रू.७४,५९८/१४ र भृकुटी पेपर र एभरेष्ट पेपरबाट प्रतिमेट्रिक टन रू.८०,८००।– खरिद गरेको मूल्यमा देखिएको फरकलाई र कम गुणस्तरको कागज आपूर्ति भएको प्रतिमेट्रिक टनमा फरक हुने मूल्यलाई आधार मानी सोही आधारमा बिगो कायम गरी अभियोग दाबी पेस गरेको देखियो। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको छपाई कागज खरिदको लागि घटाघटमा सहभागी भएका विभिन्न बोलपत्रदातामध्ये हिमाल इम्पेक्सले बैंक ग्यारेन्टी नै कम राखेको, बुद्ध स्तुपाले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पूरा गर्न नसकिने विभिन्न सर्तहरू राखेको, आवास ट्रेड लिङ्कले रू.७४,५९८/१४ प्रतिमेट्रिक टन राखेको र मिति २०६६।१२।२९ मा उक्त आवास ट्रेड लिङ्कले कोटेसन रद्द गर्ने गरी निवेदन दिएको देखियो। एभरेष्ट पेपर र भृकुटी पेपरले बोलपत्रमा रू. ८२,३९९/५० प्रतिमेट्रिक टन मूल्य उल्लेख गरे पनि दरभाउपत्र पेस गर्दा रू. ८०,८००।– प्रतिमेट्रिक टन भनी दाखिला गरेकोले उक्त मूल्यमा नै कागज आपूर्ति गरेको पाइयो। केन्द्रको सञ्चालक समितिको बैठक नं. ८८४ मिति २०६५।९।२१ मा नै रू.८०,८००।– मा प्रति मेट्रिक टन कागज खरिद गर्ने निर्णय गरेको देखिएको तथा मिति २०६६।११।१९ बैठक नं. ९०९ को सञ्चालक समितिको बोलपत्र रद्द गर्ने निर्णयपछि उत्पन्न परिस्थितिपश्चात् केन्द्रले एभरेष्ट पेपर र भृकुटी पेपरबाट घटाघटमा रू. ८०,८००।– मा (पहिलेकै मूल्यमा) छपाई कागज खरिद गरेको देखियो। बढी मूल्यमा कागज खरिद गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिँदैन। घटाघटमा खरिद गरेको कागजको गुणस्तरसमेत फरक परी गुणस्तरमा फरक भएको मूल्य कायम गरी बिगो कायम गर्न खोजिए पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गुणस्तर परीक्षणको लागि नेपाल गुणस्तर कार्यालयबाट निर्धारित निर्देशिकाबमोजिम कम्तीमा १०/१० ताउ कागज नमुना सङ्कलन गर्नुपर्नेमा २/२ ताउ कागज नमुना सङ्कलन गरी परीक्षण गरेको देखियो। गुणस्तर सम्बन्धमा माथि विवेचना गरिएअनुरूप प्रक्रिया पुऱ्याई जाँच गरेको पाइएन। आपूर्ति भएका कागजहरूको पूरा भुक्तानी नभई आंशिक रूपमा पेस्कीसम्म भुक्तानी भई अन्तिम हिसाब हुन बाँकी रहेको अवस्थामा यति

नै रकम बिगो नोक्सानी भएको भन्न सकिने अवस्था नरहेकोले अभियोग दाबीबमोजिम बिगो कायम गरी प्रतिवादीमध्येका रामचन्द्र सिलवाललाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रतिवादीहरूमध्येका अर्जुन विलास पन्त, मनोहर लामिछाने, उद्धवप्रसाद गौतम, तिलबहादुर अधिकारी, कपिलदेव पोखरेल, बालमुकुन्द खनाल, गिरीराज रजौरेसमेतका प्रतिवादीहरूले अनुसन्धान अधिकारी तथा अदालतमा बयान गर्दा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सञ्चालक समितिको निर्णय र सो केन्द्रको प्रबन्ध सञ्चालक रामचन्द्र सिलवालको मौखिक आदेशबमोजिम आ-आफ्नो पदीय जिम्मेवारीसम्म निर्वाह गरेको हो। आफूहरू निर्णय गर्ने हैसियतका कर्मचारी नभएकोले आ-आफ्नो जिम्मेवारीअनुसार छपाई कागज खरिद गर्ने, कबुलियतनामा सही गर्ने, गोदाम दाखिला गर्ने, कागज आपूर्तिकर्ताहरूलाई पेस्की स्वरूप रकम भुक्तानी दिने कार्यसम्म गरेको अवस्था हो। अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी कसुरमा इन्कार रही बयान गरेको पाइने।

केन्द्रमा आएका विवादित कागजहरू खरिद गर्ने क्रममा यी प्रतिवादीहरूको स्पष्ट र निर्णायक भूमिका रहेको पनि देखिएन। प्रतिवादीमध्येका तिलबहादुर अधिकारी र मनोहर लामिछानेले केन्द्रको आर्थिक प्रशासन विनियमावली संशोधन गरी नयाँ विनियमावली बनाई नयाँ बोलपत्र माग गर्दा लामो समय लाग्ने र उक्त अवधिभित्र केन्द्रले अन्य आवश्यक कच्चा पदार्थलगायत कागज खरिद गर्न कठिनाई हुन गई शैक्षिक सत्रमा आवश्यक पर्ने पाठ्यपुस्तक छाप्न नसकिने हुँदा प्रस्तुत बोलपत्रबाटै खरिदसम्बन्धी निर्णय हुन उपयुक्त देखिएको भनी भिन्न राय उल्लेख गरी मिति २०६६।११।१४ मा सञ्चालक समितिसमक्ष प्रतिवेदन पेस गरेकोसमेत देखियो। निर्णय गर्ने सञ्चालक समिति, लाभ प्राप्त गर्ने भनिएका कागज आपूर्तिकर्तालाई मुद्दा नै चलाएको देखिँदैन। किताब बिक्रीबाट केन्द्रलाई हानि नोक्सानी नभई समग्रमा नाफा नै भएको देखिन्छ। केन्द्रमा प्राप्त भएको कागजको पूरा भुक्तानी नभई पेस्कीसम्म केही रकम भुक्तानी गरी अन्तिम भुक्तानी हुन नै बाँकी रहेको अवस्थामा यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको विशेष अदालत काठमाडौंको मिति २०७०।२।३ को फैसला मनासिब नै देखिने।

अतः विवादित कागज खरिदका दररेट सम्बन्धमा जनक शिक्षा सामग्री केन्द्रका सञ्चालक समितिको मिति २०६५।९।२१ को बैठक नं.८८४ बाट नै स्वीकृति जनाइसकेको, नेपाल गुणस्तर कार्यालयबाट निर्धारित गुणस्तरबमोजिम गुणस्तर परीक्षण नभएको, विवादित कागज खरिदको मूल्य अन्तिम भुक्तानी भई नसकेको, निर्णय गर्ने सञ्चालक समितिका पदाधिकारीहरू र लाभ प्राप्त गर्ने भनिएका कागज आपूर्तिकर्तालाई मुद्दा नचलाइएको, प्रतिवादीहरूले गैरकानूनी लाभ लिई केन्द्रलाई हानि नोक्सानी पुऱ्याएको रकम नै स्थापित नभएको तथा किताब बिक्रीबाट समग्रमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई नाफा नै भएको अवस्थामा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने यी पुनरावेदक प्रतिवादी रामचन्द्र सिलवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम १ वर्ष कैद र ऐ. २४ नं. बमोजिम ६ महिनासमेत थप गरी जम्मा १ वर्ष ६ महिला कैद र रू.५०,०००।– जरिवाना हुने ठहर गरेको विशेष अदालतको फैसला मनासिब नदेखिएकोले उल्टी भई प्रतिवादी रामचन्द्र सिलवालले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। प्रतिवादीहरूमध्येका अर्जुन विलास पन्त, मनोहर लामिछाने, उद्धवप्रसाद गौतम, तिलबहादुर अधिकारी, कपिलदेव पोखरेल, बालमुकुन्द खनाल, गिरीराज रजौरेलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको विशेष अदालत

काठमाडौंको मिति २०७०।२।३ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पौष ८ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७४-CR-०२४४, जबरजस्ती करणी, प्रताप खत्री वि. नेपाल सरकार*

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ९ मा "दफा ८ बमोजिम कसुरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गरी निर्धारण गर्नुपर्ने छ" तर तीन वर्षसम्म कैद वा तीस हजार रूपैयाँसम्म जरिवाना हुने कसुरको कसुरदारलाई सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्नुपर्ने छैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रतिवादी प्रताप खत्रीलाई सजायको लागि मागदाबी लिइएको मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. मा जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुने छ भन्ने व्यवस्था रही उक्त दफाको ३(३) मा "चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म" कैद सजाय हुने भन्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार मुद्दा हेर्ने अधिकारी र अदालतलाई न्यूनतम छ वर्ष र अधिकतम दश वर्षसम्म कैद सजाय गर्न सक्ने गरी न्यायिक तजबिजी अधिकार प्रदान गरेको पाइन्छ । वारदात मितिमा पीडितको जन्ममिति २०५७।२।१८ मा भएको भन्ने मिसिल सामेल रहेको पीडितको जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपिबाट देखिन्छ । उक्त जन्ममितिका हिसाबले वारदातको समयमा पीडित सोह्र वर्षभन्दा कम उमेरकी बालिका रहेको भन्ने देखिने ।

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ४ मा कसुरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाको सम्बन्धमा व्यवस्था भएको देखिन्छ । उक्त संहिताको दफा ३८ मा कसुर बढाउने र दफा ३९ मा कसुर घटाउन सकिने अवस्थाको बारेमा उल्लेख भएको पाइन्छ । कसुरदारको उमेर अठार वर्षभन्दा कम वा पचहत्तर वर्षभन्दा माथि भएको, कसुरदारको कसुर गर्ने नियत नभएको, जुन व्यक्तिको विरूद्ध कसुर भएको छ त्यस्तो व्यक्तिलाई कसुरदारलाई कसुर हुनुभन्दा तत्कालअघि उत्तेजित गरेको, कसुरदारले स्वेच्छाले कसुर स्वीकार गरेको वा त्यस्तो कसुर गरेबापत पश्चाताप गरेको, शारीरिक, मानसिक तथा अपाङ्गताको कारणले गर्दा कसुरदारको क्षमता ह्रास भएको, कसुर स्वीकार गरी भविष्यमा फौजदारी कसुर नगर्ने प्रतिबद्धता व्यक्त गरेको लगायतको अवस्थामा कसुरको गम्भीरता घटाउन सकिने भनी उल्लेख भएको पाइन्छ । करणीसम्बन्धी कसुरमा कसुरदार ठहर भएको प्रतिवादीलाई सजाय निर्धारण गर्ने प्रयोजनका लागि यस अदालतबाट तयार भएको करणीसम्बन्धी कसुरको सजाय निर्धारणसम्बन्धी सामान्य मार्गदर्शनमा अपराध संहिताको दफा ३८ बमोजिम कसुरको गम्भीरता बढाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधार विन्दुबाट कसुरको वर्गमा उल्लिखित अधिकतम सजायको हदमा नबढ्ने गरी बढाउन सकिने गरी तथा अपराध संहिताको दफा ३९ बमोजिम कसुरको गम्भीरता घटाउने अवस्था मुद्दामा विद्यमान भएमा सजायको आधारविन्दुबाट ऐनमा उल्लिखित न्यूनतम सजायको हदमा नघट्ने गरी सजायको मात्रा घटाउन सकिने गरी सजाय निर्धारण विधि तय गरिएको देखिन्छ । पीडित वारदात हुँदाका अवस्थामा नाबालिक भन्ने देखिन आएको र नाबालिक पीडितको कन्याजाली च्यातिन गएको देखिएको, प्रतिवादी प्रताप खत्रीले जाहेरवालीलाई करणी गर्न नियोजित रूपमा अस्थायी साधन (कण्डम) समेत साथमा लिई गएको, करणी गरेको हुँ भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेका र पीडितले जाहेरी

दिँदा र सुरू अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीले जबरजस्ती करणी गरेको भनी किटानी रूपमा उल्लेख गरेकोसमेतका आधार र कारणबाट प्रस्तुत मुद्दामा कसुरको गम्भीरता घटाउनुपर्ने अवस्थाको विद्यमानता देखिन आएन। मुद्दाको तथ्य, कसुरदार एवम् पीडितको अवस्था र परिस्थितिलाई समेतलाई विचार गर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम प्रतिवादीलाई “छ वर्षदेखि दश वर्षसम्म” कैद हुनेमा सोलाई आधारविन्दु मानी निजलाई आठ वर्ष कैद हुने गरी भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी प्रताप खत्रीले अनुसन्धानको सिलसिलामा तथा सुरू अदालतमा बयान गर्दा आफू १८ वर्षको भएको कुरा लेखाएको देखिन्छ। मिसिल सामेल रहेको प्रतिवादी प्रताप खत्रीको नामको प्रवेशिका परीक्षाको प्रमाण-पत्र तथा चारित्रिक प्रमाण-पत्रको प्रतिलिपिमा निजको जन्ममिति २०५५।९।२७ उल्लेख भएको देखिन्छ। यस हिसाबले प्रस्तुत मुद्दाको वारदात भएको मिति २०७२।१२।१० मा प्रतिवादी प्रताप खत्रीको उमेर १७ वर्ष २ महिना १३ दिन भन्ने देखिन्छ। तत्कालीन अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ ले सोह्र वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेकोमा हालको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २(ञ) ले “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ भनी उल्लेख भएको पाइन्छ। कसुर गर्दाको अवस्थामा पुनरावेदक प्रतिवादी प्रताप खत्रीको उमेर अठार वर्ष पूरा भएको अवस्था देखिन नआएकोले उल्लिखित कानूनी व्यवस्थाको आधारमा वारदातको समयमा निज प्रतिवादी प्रताप खत्री नाबालक नै रहेको देखिन आउने।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्दछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी फौजदारी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो। यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा "सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ" भनी बालबालिकालाई हुने सजायको सम्बन्धमा कानूनी व्यवस्था रहेको पाइयो। उल्लिखित कानूनी व्यवस्थाअनुसार माथि प्रकरण नं. २८ मा उल्लिखित आधार र कारणबाट प्रतिवादी प्रताप खत्री वारदातको समयमा अठार वर्ष उमेर पूरा नभएको नाबालक नै देखिएको र निजलाई उमेर पुगेको कसुरदार कायम गरी सोहीबमोजिम सजाय गर्नु कानूनको रोहमा न्यायोचित नदेखिने।

अतः उल्लिखित आधार, कारणबाट पुनरावेदक प्रतिवादी प्रताप खत्री वारदातको समयमा नाबालक देखिएकोले निजलाई बालबालिकालाई हुने सजायको आधारमा सजाय निर्धारण गर्नुपर्नेमा सो नगरी अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती

करणीको महलको १ र ३(३) नं. को कसुर अपराधमा सोही महलको ३(३) नं. बमोजिम ८(आठ) वर्ष कैद सजाय गरी ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराउने ठहर गरी सुरू बाँके जिल्ला अदालतबाट मिति २०७३।५।५ मा भएको फैसला सदर गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७३।११।२३ मा भएको फैसला सो हदसम्म (कैदको हदसम्म) मिलेको नदेखिँदा केही उल्टी भई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ८(आठ) वर्ष कैद सजाय (उमेर पुगेको व्यक्तिलाई) हुनेमा कसुर हुँदाका अवस्थामा प्रतिवादी प्रताप खत्रीको उमेर सोह्र वर्षभन्दा बढी अठार वर्ष पूरा नभएको अवस्था देखिँदा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) तथा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम ८(आठ) वर्षको २।३ (दुई तिहाई) हुने ५ (पाँच) वर्ष ४ (चार) महिना कैद सजाय भई पीडितलाई रू.५०,०००।- (पचास हजार) क्षतिपूर्ति भराइदिने।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असोज ३० गते रोज ५ शुभम्।

इजलास नं.११

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-RB-०२७५, आयकर (२०६०।०६१), आनन्दराज ढकाल वि. श्रीनिवास शारडा*

प्रत्यर्थी प्रिमियर वायर्स प्रा.लि.ले बैंक ब्याज खर्च रू.२,०७,५१८।४४ तथा निर्यात खर्च २२,२७,८७०।५४ खर्च कट्टी पाउने भनी करयोग्य आय रू.१,२६,८७,००२।४४ कायम गरी मिति २०६१।०९।२१ मा आ.व. २०६०।२०६१ को आय विवरण पेस गरेको देखिन्छ। निजले खर्च कट्टी पाउने भनी पेस भएको ब्याज खर्च र निर्यात खर्चमध्ये निर्यात खर्च कट्टी नपाउने करयोग्य आयमा समावेश हुने भनी ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागबाट भएको फैसला राजस्व न्यायाधिकरण काठमाडौंबाट सदर भएउपर करदाताको यस अदालतमा पुनरावेदन परेको नदेखिँदा सोतर्फ केही बोलिरहनु परेन। ब्याज खर्च कटौती नपाउने करयोग्य आएमा समावेश हुने भनी ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागबाट भएको फैसला सो हदसम्म केही उल्टी हुने ठहरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसलाउपर ठुला करदाता कार्यालयको पुनरावेदन परेको हुँदा ब्याज खर्च कट्टी गरेतर्फ मिले नमिलेको के हो भनी हेर्नुपर्ने देखिएको छ। यी करदाता प्रिमियर वायर्स प्रा.लि.ले आ.व.२०६०/०६१ को ब्याज खर्च सो आ.व.मा नबुझाई अनुसूची ११ मा Provision गरी आय विवरण बुझाएको देखिन्छ । अघिल्लो आ.व.को ब्याज खर्च अर्को आ.व.को सुरूमै अर्थात् २०६२।०४।०१ मा नै बुझाएको भन्ने देखिन्छ। सो खर्च बुझाएको भन्ने तथ्यका विषयमा ठुला करदाता कार्यालयका तर्फबाट पुनरावेदनमा विवाद गरिएको पाइँदैन । अघिल्लो वर्षको खर्च लेख्ने क्रममा नै बासलात देखाएको र अर्को आ.व.को सुरूवातमा नै ब्याज रकम भुक्तान गरिसकेको भन्ने देखिएको यस अवस्थामा करदाताले खर्च कट्टी माग गरेको ब्याज खर्च रू.२,०७,५१८।४४ समेत करयोग्य आयमा समावेश गर्नु न्यायोचित देखिन आएन। तसर्थ ब्याज खर्चलाई समेत करयोग्य आयमा समावेश गर्ने गरेको ठुला करदाता कार्यालय र आन्तरिक राजस्व विभागको निर्णय ब्याजलाई आयमा समावेश गरेको हदसम्म उल्टी गरी उल्लिखित ब्याज रकमको खर्च कट्टी पाउने ठहर गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।०९।११ मा भएको फैसलालाई अन्याथा

गर्नुपर्ने स्थिति देखिएन । राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।०९।११ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम्।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ, *०७४-CR-१६५१, सिर्जनशील महिला सहकारी भवन निर्माण कार्यमा अनियमितता गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. गीता महतसमेत*

विशेष अदालत, काठमाडौंको फैसलाउपर प्रतिवादी गीता महत र प्रेमलाल जैसवालको हकमा मात्र वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखिँदा अन्य प्रतिवादीहरूको हकमा प्रस्तुत मुद्दाबाट केही बोलिरहन परेन । प्रतिवादी गीता महत र प्रेमलाल जैसवालको हकमा परेको नेपाल सरकारको पुनरावेदन सम्बन्धमा विचार गर्दा, प्रतिवादी गीता महतले बाजुरा जिल्लाको महिला तथा बालबालिका कार्यालयमा महिला विकास अधिकृतको रूपमा २०६६ देखि २०६९ सम्म कार्य गरेकी हुँ। बाजुरा जिल्लाको साम्पाटा गा.वि.स. वडा नं.६ मा सिर्जनशील महिला सहकारी भवन निर्माण गर्नको लागि म जानुभन्दा पहिला नै कार्यक्रम सम्झौता भइसकेको थियो, मेरो कार्यकालमा ३ किस्ता गरी उपभोक्ता समितिको खातामा रू.११,४०,०००/- रकम निकासा गरी दिएको हो। भवन निर्माणस्थल सदरमुकामबाट बिकटमा रहेको र मेरो खुट्टाको हड्डी मक्किएको कारण म भवनस्थलमा निरीक्षण गर्न जान सकिन, प्राविधिक कर्मचारीले तयार गरेको प्रतिवेदनको आधारमा आफूले रकम निकासा गरी दिएको हो भनी बयान गरेको पाइन्छ भने अर्का प्रतिवादी यज्ञप्रसाद ढुंगानाले भवन निर्माण सम्पन्न भई बिल मैले तयार गरेको हुँ भनी अनुसन्धानको क्रममा उल्लेख गरेको देखिन्छ । त्यसैगरी निजले कार्यालय सहयोगी नैना जोशीमार्फत रू.४०,०००/- लिई खाएको भन्ने अभियोगका सम्बन्धमा विचार गर्दा नैना जोशीले अनुसन्धानको क्रममा कागज गर्दा सबइन्जिनियर यज्ञप्रसाद ढुंगानाले उपभोक्ता समितिका अध्यक्षसँग रकम मागेको भनी आफूले सुनेको हो तर मैले कार्यालय प्रमुखलाई उपभोक्ता समितिका अध्यक्षबाट मागी रू.४०,०००/- दिएको भन्ने कुरा झुट्ठा हो भन्ने उल्लेख गरेको र निज विशेष अदालतमा समेत उपस्थित भई आफ्नो भनाइलाई पुष्टि हुने गरी बकपत्रसमेत गरेको देखिएबाट प्रतिवादी गीता महतले आफ्नो पदीय कर्तव्य पालना नगरी उपभोक्ता समितिसँग मिलोमतो गरी भवन निर्माण कार्य सम्पन्न नहुँदै रकम निकासा गरेको र कार्यालय सहयोगी नैना जोशीमार्फत रू.४०,०००/- रिसवत लिएको भन्नेसमेत बेहोराको आरोप वस्तुनिष्ठ प्रमाणको अभावमा पुष्टि हुन सकेको देखिन आएन। जहाँसम्म रकम भुक्तानी गरेको प्रश्न छ, उल्लिखित भवन महिला तथा बालबालिका कार्यालयको प्रत्यक्ष संलग्नता वा निगरानीमा निर्माण गरिने भवन नभई उपभोक्ता समितिमार्फत निर्माण हुने भवन देखिन्छ । भवन निर्माणको लागि निकासा भएको रकम पनि उपभोक्ता समितिकै खातामा गएको देखिन्छ । वास्तविक उपभोक्ताका प्रतिनिधिहरू र फिल्डमा खटिने कर्मचारीले प्रतिवेदन दिएकोमा निर्माण कार्यमा संलग्न रही भ्रष्टाचार गर्नेहरूलाई सजाय भएको अवस्था छँदैछ। जिल्लाको विकट गाउँमा बनेको भवन भौतिक रूपमा निरीक्षण गर्न सधैँ सम्भव पनि हुँदैन र निरीक्षण गर्नुपर्नेमा नगरेको भन्ने अभियोग दाबी पनि देखिँदैन। प्रतिवादी गीता महत निजले प्रत्यक्ष रूपमा रकम मागेको लिए खाएको वा भ्रष्टाचारमा संलग्न रहेको भन्ने कुरा कतैबाट स्थापित नभएको अवस्थामा कार्यालय प्रमुख रहेको भन्नेसम्म आधारमा सजाय गर्न प्रस्तुत मुद्दाको रोहमा न्यायपूर्ण हुने नदेखिँदा अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको विशेष अदालतको फैसलालाई अन्यथा भन्नुपर्ने नदेखिने।

प्रतिवादी प्रेमलाल जैसवाल उक्त भवन निर्माणको कार्यको फरफारक गर्ने सम्बन्धमा उपभोक्ता समितिका अध्यक्षबाट रकम लिई खाएको भन्ने आरोपको सम्बन्धमा विचार गर्दा, निज प्रतिवादी बाजुराको महिला तथा बालबालिका कार्यालय बाजुरामा मिति २०६८/०९/०९ देखि २०६९/३/१६ सम्ममात्र सो कार्यालयमा सबइन्जिनियरको रूपमा कार्यरत रहेको देखिन्छ । तर बाजुरा जिल्लाको साम्पाटा गा.वि.स. वडा नं.६ मा निर्माण भएको सिर्जनशील महिला सहकारी भवन आ.व.२०६७/२०६८ को योजना भई मिति २०६८/०३/३० मा नै अन्तिम किस्ता रकम भुक्तानी भइसकेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ । यसरी निज प्रतिवादी प्रस्तुत वारदातको समयमा सो कार्यालयमा सेवामा नै नभएको अवस्थाको कार्यको लागि दोषी हो भन्न मिल्ने देखिएन । प्रतिवादी प्रेमलाल जैसवाललाई निज सेवामा नै नभएको अवधिमा भएको कसुरका लागि निजलाई जिम्मेवार ठहऱ्याई अभियोग लगाउनु प्राकृतिक न्याय तथा फौजदारी न्यायको सिद्धान्तसमेतको विरूद्ध देखिँदा निजलाई लगाएको आरोप पुष्टि हुन सक्ने नदेखिने ।

प्रतिवादी गीता महत र प्रेमलाल जैसवालको हकमा निजहरूले अभियोग दाबीअनुसारको कसुर गरेको भन्ने आरोपका सम्बन्धमा वस्तुनिष्ठ प्रमाणको अभावमा आरोपित कसुर पुष्टि हुन सकेको नहुँदा निजहरूलाई दोषी कायम गर्न मिलेन । यी प्रतिवादीको हकमा आरोपित दाबीबाट निज प्रतिवादीहरूले सफाइ पाउने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७४/०९/१९ भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७७ साल असार २ गते रोज ३ शुभम् ।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-०१११, उत्प्रेषण / परमादेश, युवराज कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकहरूले चुनौती दिएको विपक्षी नेपाल सरकारको मिति २०७३।४।२१ को निर्णय हेर्दा परराष्ट्र मन्त्रालयको नं. ११/३१-०७३।४।२१ को प्रस्ताव म.प.बै.सं. २४।०७३ मिति २०७३।४।२१ को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा विभिन्न मुलुक / स्थानका लागि राजदूत / स्थायी प्रतिनिधि पदमा सिफारिस भएका व्यक्तिहरूमध्ये राजनीतिक नियुक्तिको रूपमा राजदूत पदको लागि सिफारिस भएका चीन, जापान, श्रीलंका, इजराइल, साउदी अरेबिया, गणतन्त्र कोरिया, डेनमार्क, कतार, बहराइन, अष्ट्रेलिया, बंगलादेश र संयुक्त अरब इमिरेट्सका लागि सिफारिस गरिएका १४ (चौध) जना व्यक्तिहरूको सिफारिस फिर्ता लिने र यससम्बन्धी सूचना व्यवस्थापिका-संसद्, संसदीय सुनुवाइ विशेष समितिलाई दिने निर्णय भएको हो भन्ने उल्लेख भएको पाइन्छ । राजदूत राष्ट्रको प्रतिनिधि भए पनि उनीहरूले राजदूतको पदमा निर्वाह गर्नुपर्ने कार्यको प्रकृति हेर्दा उसले तत्काल कायम रहेको सरकारको प्रतिनिधिको रूपमा कार्य गर्ने हो । यही कार्यको प्रकृतिले गर्दा आफ्नो विचारको राजदूतले सही प्रतिनिधित्व गरेको छैन भन्ने लागेमा सरकारले उसलाई फिर्ता पनि गर्न सक्छ । राजदूत पदमा गरिएको सिफारिस र सिफारिस फिर्ता लिने निर्णय पनि त्यही प्रकृतिको कार्य हुन भनी बुझ्नुपर्ने हुन्छ । यहाँ सिफारिसपश्चात् सरकार बदलिएको र पछि बनेको सरकारले सिफारिस फिर्ता देखिएको अवस्था पनि देखिने ।

निवेदकहरूलाई विभिन्न देशको लागि राजदूतमा सिफारिस गर्ने मिति २०७३/०१/०७ को

मन्त्रिपरिषद्मा पेस भएको परराष्ट्र मन्त्रालयको प्रस्ताव हेर्दा नेपाल सरकार, मन्त्रिपरिषद्को पस्ताव हेर्दा, निज निवेदकहरूलाई सम्भाव्य उम्मेदवारमा सिफारिस गर्ने भन्ने बेहोरा उल्लेख भएको देखियो । यसरी सिफारिस भएका व्यक्तिहरू संसदीय सुनुवाइपश्चात् सम्बन्धित देशहरूबाट सहमति प्राप्त भएपछि मात्र नेपालको संविधानको धारा २८२ बमोजिम राष्ट्रपतिबाट उक्त राजदूत पदमा नियुक्ति हुन सक्ने देखिन्छ । यसरी रिट निवेदकहरूलाई राजदूत पदमा सम्भाव्य उम्मेदवारको रूपमा मात्रै सिफारिस गरिएको हुँदा निजहरूको राजदूत पदमा हक सिर्जना भइसकेको भन्ने देखिँदैन । यस्तो हक नै सिर्जना नभएको विषयमा अदालतबाट हक प्राप्त भएको मानी प्रचलन गराउन मिल्ने नदेखिने ।

अतः उपर्युक्त कारणहरूबाट उक्त सिफारिस भएको पदको प्रकृति हेर्दा अन्य कुनै संवैधानिक निकायको निम्ति सिफारिस गरेको पद नभई कार्यपालिकीय निकायबाट राष्ट्रको प्रतिनिधित्व गर्न पठाउने राज्यको कार्यपालिकाको नियन्त्रण र निर्देशनमा रही काम गर्नुपर्ने प्रकृतिको पद रहेको देखिएकोले र सो सिफारिस फिर्ता भइसकेको सन्दर्भमा अब रिट निवेदकहरूको मागदाबीको सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन मागदाबीबमोजिम आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल कार्तिक २७ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७३-WO-०१३९, उत्प्रेषण, निरन्जन कुमार थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७३-WO-०७८९, उत्प्रेषण / परमादेश, शंकर गौतमसमेत वि. त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुरसमेत*

त्रि.वि. स्वयत्त संस्था हो । त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४५ को उपनियम (४) २०६९/१२/२३ मा संशोधन भई स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा कार्य समितिमा उम्मेदवार दिन चाहने विद्यार्थीको उम्मेदवारी दर्ता गर्ने अन्तिम मितिसम्म २८ वर्ष ननाघेको हुनुपर्ने भन्ने देखिन्छ । निवेदनमा उठाएको विषयवस्तुसँग सम्बन्धित यस अदालतमा रिट नं. २०६९-WS-००७९ को रिट परी उक्त निवेदनमा, मतदाता हुने हक, उम्मेदवारी हुने हक ऐनले सिर्जना गरेको कानूनी हकअन्तर्गत पर्न आउने, स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा उम्मेदवारी हुने नहुने भन्ने कुरा सम्बन्धित विद्यार्थीको चाहना वा इच्छामा भर पर्ने विषय भएको हुँदा यसलाई अनिवार्य विषय हो भनी मान्न मिल्दैन । सम्बन्धित क्याम्पसको विद्यार्थी हुनेवित्तिकै स्वतः स्व.वि.यु. निर्वाचनको लागि उम्मेदवार हुने भन्न मिल्दैन । विद्यार्थी हुनेवित्तिकै उम्मेदवार पनि स्वतः बन्न पाउनु पर्छ, उमेर हद पनि हुनु हुँदैन, एउटै मापदण्ड लागु हुनुपर्छ । उक्त नियमको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको, मौलिक हकमा अनुचित बन्देज लगाउने गरी नियम संशोधन भएको रहेछ भनी अर्थ गर्न मिल्ने अवस्था विद्यमान नदेखिने भनी रिट निवेदन विशेष इजलासबाट मिति २०७१/०२/२९ मा रिट निवेदन खारेज भई २८ वर्ष उमेरको विवादको बारेमा विस्तृत विवेचना भई उक्त विषयको न्याय निरूपण भइसकेको पाइने ।

यसरी निवेदकले उल्लेख गरेको विषयको निरूपण विशेष इजलासबाट भइसकेको पाइएको र स्व.वि.यु. निर्वाचनको मिति २०७३/११/१४ मा तोकिएकोमा सो समय व्यतीत भइसकेको देखिएकोले रिट निवेदकहरूको मागदाबीको सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन मागदाबीबमोजिम

आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

५

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा, *०६८-CI-०११९, ०२१३, ०५१५, लिखत दर्ता बदर दर्तासमेत, हेमन्त शर्मा वि. रिया बस्नेतसमेत, अन्जनी संग्रौला वि. रिया बस्नेतसमेत, रिया बस्नेतसमेत वि. आशुतोष आवास कम्पनी प्रा. लि.समेत*

विवादित जग्गा बिक्री गर्दाको अवस्थामा पुनरावेदक वादीहरूमध्ये रिया बस्नेत र रोहन बस्नेत नाबालक हुन् भन्नेमा विवाद छैन र प्रतिवादी गणेश बस्नेत यो परिवारको घर व्यवहार चलाउने मुख्य व्यक्ति वा घरमूली हुन् भन्ने पनि देखिन्छ । विवादित कि.नं.१११ को ०-१६-०-० जग्गा प्रतिवादी गणेश बस्नेतले आमा भुवनेश्वरीबाट हालैको बकसपत्र गरी र.नं. १२४६ बाट मिति २०५८।६।५ मा प्राप्त गरेको देखिए पनि आमाबाट पाएको उक्त जग्गा निजका पिता पुर्खाका पालाको अचल सम्पत्ति नै रहेको र उक्त जग्गा घर व्यवहार चलाउनलाई स्वास्नी, छोरा अविवाहित छोरीको मन्जुरी वा स्वीकृति नभए पनि आफूखुस गर्न पाउने प्रकृतिको हो भन्ने देखिएको छैन। यस स्थितिमा उक्त जग्गा बिक्री व्यवहार गर्दा उमेर पुगेकी निजको पत्नी सबिता बस्नेतको स्वीकृति वा मन्जुरी नलिई बिक्री व्यवहार गर्न सक्ने प्रकृतिको जग्गा हो भन्न सक्ने अवस्था देखिएन । निज दाताको नाममा आधाभन्दा बढी जग्गा बाँकी रहेको भन्ने जिकिर सम्बन्धमा हेर्दा जग्गाको क्षेत्रफलभन्दा पनि मूल्यको आधारमा जग्गाको आर्थिक मूल्याङ्कन गरिनुपर्ने हुँदा कित्तैपिच्छे लिखत बदर हुने हो वा होइन, सोतर्फ हेरिनुपर्ने।

विवादित जग्गा बिक्री व्यवहार गर्दाको अवस्थामा पुनरावेदक वादीहरूमध्ये रिया बस्नेत र रोहन बस्नेत नाबालक रहेको र निज नाबालकहरूको अहित हुने वा निजहरूको सम्पत्ति नास्ने खाने प्रकृतिका कुनै पनि काम कारबाही यो परिवारको घर व्यवहार चलाउने मुख्य व्यक्ति वा घरमूली निजहरूका पिता प्रतिवादी गणेश बस्नेतबाट भए गरिएको भन्ने निजहरूको दाबी वा अन्य व्यवहार प्रमाणबाट देखिएको अवस्था पनि छैन। सो परिवारको घर व्यवहार चलाउने मुख्य व्यक्ति वा घरमूली निज नाबालकहरूका पिताले निजहरूको सर्वोत्तम हितको विपरीत उक्त जग्गा बिक्री व्यवहार भएको हो रहेछ भन्न सकिने आधार पनि देखिएको छैन। निजहरूको अंशमा समेत फिराद परेको अवस्था पनि यो होइन । यस्तो अवस्थामा अंशबन्डाको १९(१) नं.मा व्यवस्था भएको उमेर हदको कारण निजहरूको घर व्यवहार चलाउने मुख्य व्यक्ति वा घरमूली निजहरूका पिताले स्वीकृति वा मन्जुरी लिन कानूनले बाध्य नगरेको अवस्थामा हुँदा निजहरूको हकमा विवादित जग्गा लेनदेनको लिखत बदर नहुने र उमेर पुगेको व्यक्ति पुनरावेदक वादीमध्येकी सबिता बस्नेतको स्वीकृति वा मन्जुरी लिएर मात्र बिक्री व्यवहार गर्न कानूनले बाध्य गरेको अवस्था हुँदा निजको स्वीकृति वा मन्जुरी नलिई बिक्री व्यवहार गरेको अवस्था हुँदा निजको हकमा सम्म उक्त विवादित लिखत बदर हुने गरी पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला कानूनको रोहमा त्रुटिपूर्ण रहेको छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर र निजहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. अनुसार उमेर पुगेकी प्रतिवादी गणेश बस्नेतको श्रीमती पुनरावेदक वादी सबिता बस्नेतको हकमासम्म विवादित लिखतको चार खण्डको एक खण्ड बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति

२०६७।०६।१८ मा भएको फैसला मिलेकै दखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७६ साल माघ १७ गते रोज ६ शुभम्।

इजलास नं.१२

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना, *०७१-RC-०१७०, ०७१-CR-१२६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. इस्लाम मुसलमान, नेपाल सरकार वि. रिङ्कल डाक्टर भन्ने प्रशान्त पाण्डेसमेत*

मिति २०६७।१२।१३ गते अं.१८:१५ बजेको समयमा बुटवल नगरपालिका वडा नं.११ मिलनचोक स्थित सडकमा भैरहवाबाट आएको लु.१ ख ३६६६ नं.को माइक्रोबसभित्र टाइम बम विष्फोट गराई २८ जनाभन्दा बढी मानिसहरू घाइते भएकोमा सो बसका यात्रुहरूमध्ये राधिका कँडेल र अर्का एक जना नाम, थर, वतन नखुलेको पुरूष व्यक्तिको मृत्यु भएको तथ्यमा विवाद देखिँदैन। प्र.नि. माधवप्रसाद बुढाथोकीको मौकाको प्रतिवेदन, निजले पेस गरेको दोस्रो प्रतिवेदन जाहेरी, माइक्रोबस क्षतिग्रस्त भएको विवरणसहित घटनास्थल वरिपरि सिसा, बमका टुक्रा यत्रतत्र रहेको भन्नेसमेतको घटनास्थल प्रकृति मुचुल्का, वारदातमा घाइते भएका उक्त बसका यात्रुहरू सुनिल रानासमेतले अनुसन्धानको क्रममा गरेको कागज तथा निज घाइतेहरूको घाउ जाँच केस फाराम, मृतकहरूको शव परीक्षण प्रतिवेदन, वारदातमा क्षतिग्रस्त भएको लु.१ ख. ३६६६ नं.को माइक्रोबसका धनी डण्डपानी पाण्डेको जाहेरी दरखास्त, मृतक राधा कँडेलका दाजु माधव भण्डारीको जाहेरी दरखास्त, मृतकहरूका लास जाँच प्रकृति मुचुल्का, मृतक राधा कँडेलका जेठाजु रामप्रसाद कँडेलले गरेको घटना विवरण कागजसमेतबाट उक्त हत्याको वारदात भएको तथ्य पुष्टि भएकोमा विवाद नदेखिने।

प्रतिवादी इस्लाम मुसलमान तराई जनतान्त्रिक मुक्ति मोर्चामा उच्च तहको नेतृत्वमा रही भारतमा रहेको निजकै घरमा नेपालमा विष्फोट गराउने सम्बन्धमा बैठक गराउने गरेको र मिति २०६७।१२।१३ गते निज पनि नेपालमा आई भैरहवास्थित बसपार्कको शौचालयमा घनश्याम यादव, मक्सुद मुसलमान र निज इस्लामसमेतले बसमा बम पड्कने टाइम फिट गरी लु.१ ख. ३६६६ नं.को बसमा राखेको देखिन्छ। उक्त बम विष्फोट हुँदा पहिचान नखुलेका एकजना पुरूष र राधा कँडेलको मृत्यु हुनुको साथै धेरै व्यक्तिहरू घाइते भएको र उक्त कार्यमा निज प्रतिवादी इस्लाम मुसलमानको मुख्य भूमिका रहेको पाइन्छ। अदालतको बयानमा प्रतिवादीहरू कसुर गरेकोमा इन्कार भए पनि अनुसन्धान अधिकारीसमक्षको बयान अन्यथा कारणबाट गरेको भनी भनेको नदेखिई घटनाको सत्य तथ्य उल्लेख गरी कसुरमा आफूसमेत साबित भई अन्य प्रतिवादीहरूसमेतको संलग्नता देखाएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ९ ले उक्त बयान निजहरूको विरूद्धमा प्रमाणग्राह्य हुन सक्ने नै देखिने।

प्रतिवादी इस्लाम मुसलमानलाई वादी नेपाल सरकारले ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय माग गरेकोमा निजलाई जन्मकैदको सजाय भएको र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४० को उपदफा (२) को व्यवस्थाअनुसार सर्वस्व हुने कुरा खारेज भई जन्मकैद मात्र हुने हुँदा निजको हकमा परिणामत: सोतर्फ हाल विचार गरिरहनु परेन। यसरी निजको कसुर पुष्टि भएको, कसुरलाई प्रतिवादीले स्वीकार गरी बसेको र सजायमा समेत फरक पर्ने अवस्था नदेखिएको हुँदा प्रतिवादी इस्लाम मुसलमानलाई

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.को कसुरमा ऐ.महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी भएको फैसला कानूनबमोजिम नै भएको देखिन्छ। निज प्रतिवादीलाई जन्मकैदको सजाय भएकोले अब ऐ.को १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिरतर्फ संशोधित कानूनी व्यवस्थाको रोहमा परिणामत: फरक नपर्ने हुँदा केही बोल्नुपर्ने देखिएन भने निजलाई अभियोग माग दाबीबाट सफाइ हुनुपर्दछ भन्ने वैतनिक अधिवक्ताको जिकिरसँग मिसिल संलग्न प्रमाणको आधारमा सहमत हुन नसकिने।

प्रतिवादीहरू रिङ्कल डाक्टर भन्ने प्रशान्त पाण्डे र गुड्डु पप्पु भन्ने राजकुमार चौहानको हकमा निजहरूलाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर रहेतर्फ हेर्दा प्रतिवादी प्रशान्त पाण्डे भारतबाट इस्लाम मुसलमानसमेत सँगै बम नेपाल ल्याई बसपार्कसम्म पुग्ने कार्यमा सरिक रहेको निजको प्रहरीको बयान तथा सहप्रतिवादीहरूको प्रहरीको बयानसमेतबाट देखिन्छ। बमको विष्फोट हुने टाइम मिलाउने कार्यमा र बम राख्न बसभित्र पस्ने कार्यमा निज सरिक रहेको मौकाको निजको बयानबाट समेत नदेखिएको स्थितिमा निजको उक्त आपराधिक कार्यमा मतियारको भूमिकासम्म रहेको देखिन आउँछ। प्रतिवादी राजकुमार चौहानको घरमा निज सहप्रतिवादी इस्लाम मुसलमानसमेतले बम ल्याई राखेकोसम्म निजको मौकाको बयान र सहप्रतिवादीहरूको बयानबाट देखिन्छ। घटनाको प्रकृतिबाट सामूहिक सहभागितामा घटाइएको आपराधिक घटना भएकोमा विवाद नदेखिए पनि अभियोजन पक्षले प्रस्ट रूपमा उक्त वारदातमा यो व्यक्तिको यस्तो सहभागिता थियो र निजको अनुपस्थितिमा उक्त वारदात हुन सम्भव थिएन भनी पुष्टि गर्न सकेको देखिँदैन भने बम विष्फोटनका पीडित वा घाइतेहरूलाई साक्षीको रूपमा अदालतमा उपस्थित गराउनसमेत सकेको देखिँदैन। यसरी सङ्गठित रूपमा गरिएका वारदातको अपराधको नियन्त्रणलाई राज्यले छुट्टै कानूनी व्यवस्था गरेकोसमेत नदेखिँदा वारदातभन्दा पछाडि बनेको कानूनले अख्तियार गरेका सिद्धान्तहरूको आधार लिई निजहरूलाई मुख्य कसुरदारसरह मानी कसुर कायम गरी सोहीबमोजिम सजाय गर्न पनि फौजदारी न्यायका मान्य सिद्धान्तसमेतको विपरीत हुने हुँदा तत्कालिन कानूनी व्यवस्थाअनुसार निजहरूको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. अन्तर्गतको देखिँदा निजहरूलाई ऐजन १७(३) नं. बमोजिम जनही १(एक) वर्षका दरले कैद हुने गरी भएको फैसलामा अन्यथा भयो भनी भन्न सक्ने अवस्था नदेखिने।

मिसिल संलग्न जाहेरी प्रतिवेदनलगायतका अन्य कागजातहरूबाट प्रतिवादी जितेन्द्रकुमार मिश्राले दाबीबमोजिमको कुनै आरोपित कसुर गरेको भन्ने तथ्य प्रमाण देखिन नआएको अवस्थामा केवल प्रतिवादीमध्येका रिङ्कल डाक्टर भन्ने प्रशान्त पाण्डेको अनुसन्धान अधिकारीसमक्ष भएको बयानमा तराई जनतान्त्रिक मुक्ति मोर्चाको माथिल्लो तहको नेतृत्वको मिटिङमा प्रतिवादी जितेन्द्र मिश्रा पनि उपस्थित भएको भन्ने कुरा घनश्याम यादवमार्फत थाहा पाएको भनी उल्लेख गरेको आधारमा मात्र निजलाई कसुदार ठहऱ्याउन मिल्ने देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गर्ने भार वादीमा रहने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा यी प्रतिवादीले अभियोग दाबीमोजिमको कसुर गरेको भन्ने कुरा वादी पक्षबाट वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित गर्न सकेको नदेखिँदा प्रमाणको अभावमा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्न सकिने अवस्था विद्यमान नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला कानूनसम्मत मिलेकै देखिने।

सुरू रूपन्देही जिल्ला अदालतबाट मिति

२०६९।२।३१ मा प्रतिवादी इस्लाम मुसलमानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी तथा प्रतिवादीहरू रिङ्कल डाक्टर भन्ने प्रशान्त पाण्डे र गुड्डु पप्पु भन्ने राजकुमार चौहानलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही १(एक) वर्ष कैद हुने गरी र मिति २०६९।११।१३ मा प्रतिवादी जितेन्द्रकुमार मिश्रालाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।६।२९ को फैसला कानूनसम्मत मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । साथै प्रतिवादी इस्लाम मुसलमानको हकमा पुनरावेदन अदालत बुटवलबाट प्रेषित साधकसमेत सदर हुने ।

इजलास अधिकृत: अञ्चन भट्टराई

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७६ साल फागुन ५ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी, *०७४-CR-०४३२, ०४३३, ०४३४, कर्तव्य ज्यान, दिपक मल्ल वि. नेपाल सरकार, नविन मल्ल वि. नेपाल सरकार, महेन्द्रबहादुर थापा वि. नेपाल सरकार*

उपरोक्त घटना विवरण, प्रतिवादीको बयान तथा चश्मदिद व्यक्तिहरूको बकपत्रसमेतका समग्र अवस्थाबाट मृतकको मृत्यु प्रतिवादीहरू तीनैजनाको कुटपिट चोट प्रहार एवम् भिरबाट खसेका कारणले भएको देखिन्छ । सो वारदातमा प्रतिवादीहरूको संलग्नता रहे भएको अवस्था किटानी जाहेरी, चश्मदिद व्यक्तिहरूको घटना विवरणको कागज एवम् अदालतमा भएको बकपत्रसमेतबाट समर्थित हुन आउँछ । प्रतिवादीमध्येका दिपक मल्लले अनुसन्धान अधिकारीसमक्ष वारदातका सम्बन्धमा गरेको बयानको समग्र बेहोरा चश्मदिदलगायतका व्यक्तिहरूले उल्लेख गरेको बेहोरासँग मेल खाएको देखिन्छ । प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि सो पुष्टि हुने आधार प्रमाण पेस गर्न सकेको वा यी चश्मदिदहरूले यी प्रतिवादीहरूलाई किटान गरी फसाउन खोज्नुको कुनै कारण खुलाउन सकेको अवस्था छैन । कसैले अदालतमा अन्यत्र रहेको दाबी लिन्छ भने त्यस्तो दाबी वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गर्नु आवश्यक हुन्छ । हलुका रूपले इन्कार गर्दैमा अदालतले विश्वास गर्दैन । यी प्रतिवादीहरूलाई घटनास्थलमा प्रत्यक्ष देख्ने चश्मदिदहरू रहेको अवस्थामा आफू अन्यत्रै रहेको जिकिर पुष्टि गर्न नसकेका यी प्रतिवादीहरूको त्यस्तो जिकिर नै निजहरू विरूद्ध प्रमाण लाग्ने हुन्छ । यस अवस्थामा उपलब्ध प्रमाणहरूबाट यी प्रतिवादीहरूकै कर्तव्यबाट ज्यान मर्न गएको सम्बन्धमा विवाद नदेखिने ।

अब यी प्रतिवादीहरूको तर्फबाट कानून व्यवसायीले प्रस्तुत अवस्था र परिस्थिति भवितव्य हुनसक्ने सम्भावना पनि जनाई लिनु भएको वैकल्पिक जिकिरतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा ***"ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ"*** भन्ने उल्लेख भएको देखिन्छ । यहाँ प्रतिवादीहरूले बाटो निर्माण गर्ने गराउनेलाई उनीहरूले मागेको रकम नदिएको कारणले ज्यान लिनेसम्मको धाकधम्कीपूर्ण व्यवहार देखाई वारदातस्थल आफ्नो नियन्त्रणमा लिई स्काभेटर चलाइरहेको ड्राइभरलाई त्यहाँबाट झारी कुटपिट गरी लट्ठीले हान्दा लट्ठीबाट बच्ने प्रयास गर्ने क्रममा भिरबाट लडेर मृत्यु भएको अवस्था छ । वारदात स्थल भिरमा रहेको छ । निज प्रतिवादीहरूको डरले वारदात स्थलबाट बाटो निर्माणसँग सम्बन्धित व्यक्तिलगायत सबै व्यक्तिहरू भागेको अवस्था छ । बाटो निर्माणबापतको कमिशन रकम यी मृतक

ड्राइभरबाट यी प्रतिवादीहरूले पाउने पनि होइन । यी प्रतिवादीहरूले जसरी पनि बाटो निर्माण कार्यमा अवरोध सिर्जना गर्ने र कमिसन दिए मात्र बाटो निर्माण गर्न दिने उद्देश्य लिएको देखिन्छ । यी प्रतिवादीहरूमा मृतकलाई लट्ठीले हान्ने क्रममा मृतक पछाडि सर्दा भिरबाट लडेर मृत्यु हुनसक्छ भन्ने सामान्य जानकारी नभएको होइन । यस्तो अवस्थाको विद्यमानतामा उक्त ५ नं. को व्यवस्था आकर्षित हुने नदेखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा ***"ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ"*** भन्ने उल्लेख भएको पनि देखिन्छ । यहाँ प्रतिवादीहरूले बाटो निर्माणबापतको कमिसन रकम नपाएको इवीमा ज्यान मार्ने धम्की दिएको भन्ने पनि खुल्न आएको छ । कमिसन रकम नपाएको झोंकमा बाटो निर्माणमा संलग्न जो कोहीलाई जे पनि गर्ने यी प्रतिवादीहरूमा रहेको देखिन्छ । प्रस्तुत अवस्था उद्देश्यप्रेरित छ, यसलाई प्रतिवादीका कानून व्यवसायीले आवेशप्रेरित (Provocation) स्थिति हुनसक्ने सम्भावना पनि देखाउनु भएको छ । यहाँ प्रस्तुत वारदात हुँदा यी प्रतिवादीहरूको कुनै गम्भीर कारणवश वा तत्कालको परिस्थितिमा नियन्त्रण गुम्न गएको अवस्था छैन । बाटो निर्माणको ठेक्का लिने ठेकेदारले यी प्रतिवादीहरूलाई कमिसन रकम नदिएकोले डर, त्रास, धम्की दिँदै प्रहार गर्दै भिरबाट खसालेको कारण स्काभेटर ड्राइभरको मृत्यु भएको अवस्था छ । मृतकलाई मार्ने पूर्वयोजना नभए पनि उक्त मृत्यु भुलवश वा दुर्घटनावश भएको अवस्थासमेत छैन । प्रतिवादीहरू तीनैजनाले ठेक्का पाउने महेश्वर अर्याल भागेपछि मृतक ड्राइभरलाई कुटपिट लछार पछार गरी भिरबाट खसाल्दा अथवा खस्ने अवस्थासम्म पुर्‍याउँदा भिरबाट लडेर मृतकको ज्यान जान सक्छ भन्ने सामान्य समझको व्यक्तिले दृष्टि पुर्‍याउन सक्ने भएकोले Reasonable Person Doctrine का आधारमा पनि प्रतिवादीहरूको कार्य आवेशप्रेरित नभएको पुष्टि हुन्छ । एउटा ड्राइभरको हैसियतमा ठेकेदारको आज्ञा पालन गरी आफ्नो कर्तव्य निर्वाह गरिरहेको अवस्थामा प्रतिवादीहरूले स्काभेटरबाट झारी कुटपिट गर्दै भिरबाट खसालेको अवस्था छ । प्रतिवादीहरूलाई आवेशमा ल्याउन मृतकको कुनै भूमिका (Victim Induced Provocation) देखिँदैन । बाटो बनाउने ठेकेदारले यी प्रतिवादीहरूलाई कमिसन रकम नदिएको कारण निजहरू आक्रोशित भई प्रतिवादीहरूमध्ये दिपक मल्लले अन्य प्रतिवादीहरूलाई फोन गरी वारदातस्थलमा बोलाई निजहरूसमेत आई अन्य चश्मदिदसमेतका व्यक्तिहरूलाई ज्यान लिनेसम्मको धम्की दिई तथा कुटपिटसमेत गरेका कारण निजहरू सबै भागेपछि वारदात स्थलमा एक्लै स्काभेटर चलाइरहेको मृतक ड्राइभरमाथि जाई लागेको अवस्थालाई उसै मौकामा उठेको कुनै कुराको रिस (grave and sudden provocation) थाम्न नसकेको भन्न मिल्दैन । तसर्थ उक्त १४ नं. को व्यवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित नहुने ।

साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) मा ***"जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समातिदिनेलाई जन्मकैद गर्नुपर्छ"*** भन्ने उल्लेख रहेको पाइन्छ । यहाँ यी प्रतिवादीहरू तीनैजनाले चश्मदिद ठेकेदार महेश्वर अर्यालसमेतलाई प्रहार गर्दा निजहरू भागेपछि स्काभेटर चलाइरहेको ड्राइभरलाई त्यहाँबाट झारी कुटपिट गरी भिरबाट झार्नेसम्मको कार्य गरेको देखिएकोले उक्त

१३(३) नं. को व्यवस्था प्रस्तुत वारदातको सन्दर्भमा आकर्षित हुने नै देखिन्छ । यहाँ यी प्रतिवादीहरूको भूमिका एकै प्रकृतिको रहेको पनि देखिने ।

प्रस्तुत वारदातले समाजमा व्याप्त एउटा गम्भीर प्रवृत्ति उजागर गरेको छ । कुनै पनि ठेक्कापट्टा जस्तो विकास निर्माण काममा आफैँले शक्ति, त्रास, डर, धम्की देखाई वा मिलोमतो गरी हासिल गर्ने, सो गर्न नसकेमा अरूले लिएको ठेक्कामा जिउ ज्यानको धम्की दिई कुटपिट, अङ्गभङ्ग गरी वा सन्त्रास सिर्जना गरी सजिलै पैसा कमाउने समूह बनाई राजनीतिक संरक्षण वा गुण्डागर्दी, दबाब, प्रभाव आदिको आडमा विकास निर्माण आदिमा अवरोध पुऱ्याई सजिलो गरी पैसा कमाउने र आफूलाई संरक्षण दिनेहरूलाई रकम भागबन्डा गरी समाजमा आपराधिक संस्कार र प्रवृत्ति फैलाउने यस प्रकृतिको गैरकानूनी उद्योग चलाउने कार्य आजको नेपालमा देखिएका चरम विकृति हुन् । यस्ता प्रकृतिका कार्य गर्नेहरू समाजमा सहानुभूतिका पात्र हुनु हुँदैन । यस्ता क्रियाकलाप गर्ने गराउने र संरक्षण दिनेहरू सबै आ-आफ्नो भूमिकाका आधारमा दण्डित हुनै पर्दछ । प्रस्तुत वारदातमा पनि यही देखिएको छ । कसको संरक्षण भन्ने नखुले पनि आफ्नो प्रभाव क्षेत्रमा अरूले ठेक्कापट्टा लिन नपाउने र कारणवश कसैले ठेक्का लिएमा बलपूर्वक वा हातहतियार, लाठी आदिसमेतको प्रयोग गरी आवश्यक भए कुटपिट, अङ्गभङ्ग गरी रकम असुली आफ्नो अभिष्ट पूरा गर्ने उद्देश्य पनि यी प्रतिवादीहरूको रहेको छ । समूह नै गई वारदात घटाउने प्रवृत्तिलाई संरक्षण गर्ने शक्तिहरू यत्रतत्र देखिए पनि दोषीलाई कानूनको दायरामा ल्याउनु र कसुरको मात्राअनुसार सजाय हुने गरी अनुसन्धान र अभियोजन गर्नु राज्यको कर्तव्य हो । लामो अस्थिरता र दण्डहीनतापश्चात् नयाँ संविधान लागू भएपछि कानूनी राज्यको अवधारणालाई वास्तविकतामा परिणत गर्न सबैको सम्मानपूर्वक बाँच्न पाउने अधिकार र नेपालको संविधान प्रदत्त अन्य मौलिक हकको नि:सर्त उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न यस वारदातमा देखिएका विकृति हटाउन कसुरदारलाई निजहरूको कसुरको मात्राअनुसार सजाय हुनै पर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी दिपक मल्ल अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहे पनि अनुसन्धान तहकिकातको सिलसिलामा बयान गर्दा उक्त घटना आफूसहित अन्य प्रतिवादीहरूसमेतको संलग्नतामा घटाएको भनी उल्लेख गरेको, अनुसन्धानको क्रममा कुटपिट गराई बयान गराएको भने तापनि घाउ चोट देखाउन नसकेको, निजको अनुसन्धानको सिलसिलामा भएको बयान बेहोरालाई अन्य सबुद प्रमाणबाट समेत समर्थित भएको देखिएको, अदालतमा आरोपित कसुरमा इन्कार रही बयान गर्ने निज प्रतिवादीहरूको बयान बेहोरालाई समर्थित गर्ने कुनै भरपर्दो विश्वासयोग्य सबुद प्रमाण पेस हुन नसकेको अवस्था छ । तसर्थ यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तसमेतका आधारमा निज प्रतिवादीहरूले शंकारहित तवरबाट उक्त घटना घटाएको पुष्टि हुन आउने ।

अत: विवेचित आधार कारणबाट प्रतिवादीहरू दिपक मल्ल, नविन मल्ल र महेन्द्रबहादुर थापालाई अभियोग माग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७३।६।१४।६ को फैसलालाई सदर गरेको उच्च अदालत पोखराको मिति २०७४/३/१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने । पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

मुलुकी ऐन, अ.बं.को १८८नं.बमोजिम निज प्रतिवादीहरू तीनैजनालाई १०(दश) वर्ष कैद सजाय हुने भनी व्यक्त गरेको उच्च अदालत पोखराले दिएको रायका सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरूलाई बाटो निर्माणको ठेकेदारले कमिसन

रकम नदिएको प्रतिक्रियास्वरूप ठेकेदारलाई कुटपिट गरी रकम असुल्ने प्रयत्न गर्दा निज भागेपछि स्काभेटर चलाउने ड्राइभर फेला पारी कुट्दै भिरबाट खसालेको परिणामस्वरूप ड्राइभरको मृत्यु हुन गएको, ड्राइभरलाई नै मार्ने भन्ने यी प्रतिवादीहरूको पूर्वतयारी एवम् योजना र मनसाय रहेको नदेखिएको, कुनै घातक हतियार बरामद नभएकोसमेतका अवस्थालाई दृष्टिगत गर्दा निज प्रतिवादीहरू तीनैजनालाई जनही १०(दश) वर्ष कैद सजाय हुन उपयुक्त हुने भनी उच्च अदालत पोखराले व्यक्त गरेको राय अन्यथा नदेखिएको हुँदा सदर हुने।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल असार २४ गते रोज ४ शुभम्।

३

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. डा.श्री मनोजकुमार शर्मा, *०७६-WH-०३३१, बन्दीप्रत्यक्षीकरण, पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, म्याग्दीसमेत*

प्रस्तुत मुद्दाका निवेदक बन्दी लोकेन्द्र विश्वकर्मालाई पनि सुरूमा जिल्ला अदालतले सामान्य तारेखमा छाडेपछि विपक्षीहरूले एउटै आरोपमा विभिन्न स्थानबाट नियन्त्रणमा लिई प्रहरी हिरासतमा राखिरहने कार्यलाई कानूनबमोजिमको थुना मान्न सकिँदैन। विनाआधार र कारण एउटै व्यक्तिलाई एउटै प्रकृतिको कसुरमा पटकपटक गरी सात पटक पक्राउ गरी निजलाई थुनाबाट नछाड्न विभिन्न वारदात सिर्जना गरेको प्रस्ट देखिएबाट निवेदक बन्दी लोकेन्द्र विश्वकर्मालाई आजको अवस्थामा थुनामा राख्ने कार्य प्रचलित कानून र न्यायिक मान्यताविपरीत देखिन आउने।

निवेदकलाई प्रवृत्त धारणा राखी पूर्वाग्रहयुक्त तवरबाट विनाआधार र कारण पक्राउ गरी जिल्ला प्रहरी कार्यालय म्याग्दीले गैरकानूनी रूपमा थुनामा राखेको देखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को उपनियम (क) र (ख) का आधारमा गैरकानूनी थुनाबाट निज निवेदक लोकेन्द्र विश्वकर्मालाई मुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्ने।

इजलास अधिकृत: लालसिंह थापा

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल वैशाख १५ गते रोज २ शुभम्।

इजलास नं.१३

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा, *०७६-WO-०३१२, उत्प्रेषण / परमादेश, विजयकुमार सिंह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदक मिति २०३८।०७।२८ को निर्णयअनुसार निजामती सेवाअन्तर्गत रा.प.अनं. द्वितीय श्रेणीका अ.हे.व पदमा सेवा प्रवेश गरेको, मिति २०५४।२।१४ देखि स्वास्थ्य सेवा हेल्थ इन्सपेक्सन समूहको सहायक पाँचौं तहमा र मिति २०६४।२।१४ देखि लागु हुने गरी छैठौं तहमा स्तर वृद्धि भएको र स्वास्थ्य सेवा विभागको मिति २०६९।३।१४ निर्णयानुसार अधिकृत छैठौं तहको जनस्वास्थ्य निरीक्षक नाम दिई र मिति २०७१।११।१३ को निर्णयानुसार सोही पदमा हाल मटिवन डुमरिया स्वास्थ्य चौकी, रौतहटमा कार्यरत रहँदै आएकोमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन हुने क्रममा सि.अ.हे.ब. अधिकृत पदमा गुजरा नगरपालिका, रौतहटमा समायोजन भएको देखियो। साथै निजको नागरिकताको प्रतिलिपिअनुसार र निजले दिएको समायोजन संशोधनको निवेदनमा मिति २०७७।०७।०४ मा अनिवार्य अवकाश पाउने तथा निजको स्थायी बसोबाससमेत साबिक डुमरिया

गा.वि.स हालको चन्द्रपुर न.पा रौतहटमा रहेको र निज उच्च रक्तचाप र मधुमेहको रोगीसमेत भएको संलग्न कागजबाट देखिने।

निवेदकले निवेदनमा मागबमोजिमको स्थानमा समायोजन नभएको र पदनाम परिवर्तनको विषयलाई मुख्यरूपमा उठाएका छन् । निवेदकको आफ्नो स्थायी बसोबास चन्द्रपुर न.पा तथा निज हाल कार्यरतसमेत चन्द्रपुर न.पा. अन्तर्गत डुमरिया स्वास्थ्य चौकीमा नै भएको साथै अनिवार्य अवकाश हुन एक वर्ष मात्र बाँकी रहेकाले उमेरको हकमा पनि ज्येष्ठ रहेको हुँदा सोही स्वास्थ्य चौकीलाई प्राथमिकतामा राखी निवेदन दिएको अवस्थामा ऐनले महत्त्वपूर्ण आधारहरूको रूपमा लिइएका उक्त कुराहरूलाई विचार नगरी अन्यत्र समायोजन गरेको पाइयो। यसरी मागबमोजिम समायोजन नगर्नुको उपयुक्त आधार र कारणसमेत विपक्षीले लिखित जवाफमा खुलाएको पाइँदैन । त्यस्तै निवेदकले समायोजनका लागि माग गरेको स्थानमा निजभन्दा बढी आधार भएको अन्यलाई समायोजन गरेको भन्ने लिखित जवाफमा नखुलाएको परिप्रेक्ष्यमा निवेदक नै सो स्थानमा समायोजन हुनका लागि उपयुक्त रहेको देखिन्छ । निवेदकको स्थायी बसोबास, विगतमा कार्यरत सोही स्थान र अवकाश हुने समयसमेत एक वर्ष मात्र विद्यमान रहेको अवस्थामा निजलाई उक्त स्थानमा समायोजन गर्दा ऐनले निर्धारण गरेका समायोजन गर्दा अपनाउनु पर्ने आधारको पालना भई समायोजन कार्य न्यायिक हुने।

कर्मचारी समायोजन ऐन, २०७५ को दफा २६ ले सङ्घको पदअनुसार प्रदेश र स्थानीय तहमा पद नभएमा समान किसिमको पदमा समायोजन गर्ने कुरामा समायोजन गर्ने निकायलाई अधिकार दिएको देखियो । निवेदकको सेवा समूह र तहमा कुनै फरक नपारी मिल्दो पदनाम समायोजन भएको कुराबाट भने निजको कानूनी हकमा असर परेको छ भन्ने अवस्था नदेखिने।

कर्मचारी समायोजन ऐन, २०७५ दफा ८ (१) र (२) मा भएका समायोजन गर्दा अपनाउनुपर्ने भनी तोकिएका आधारहरूलाई विचार नगरी निवेदकको समायोजन भएको देखिँदा निवेदकका हकमा उल्लिखित मिति २०७६।५।१३ को समायोजनको निर्णयलगायतका पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८ (१)(२) बमोजिम समायोजनका आधारहरूलाई विचार गरी निवेदकले भरेको समायोजन फाराममा उल्लेख गरेका प्राथमिकता अनुसार गर्न मिल्ने नमिल्ने आधार र कारण खोलेर मात्र पदस्थापन गर्नु, गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्ने।

इजलास अधिकृतः मिलनचन्द्र महत

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७६-RC-००८३, कर्तव्य ज्यान, नेपाल सरकार वि. माइला भन्ने राजकुमार राईसमेत*

प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राई अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा कसुर गरेकोमा इन्कारी रहे तापनि प्रतिवादी राजकुमार राईले वारदात हुनुभन्दा अघिल्लो दिन आमा र श्रीमती / मृतक लक्ष्मी राईको बिचमा वादविवाद हुँदा आफूले मृतकलाई २ झापट हिर्काएको कुरामा र अर्का प्रतिवादी ओम राईले वारदातका दिन मृतक भाउजू लक्ष्मी राई रक्सी पिएर घरमा आई मुख छाडी झगडा गर्न लाग्दा मैले सहन नसकी छाड्नु भनी धकेली दिएको हो भनी मृतकसँग कुटपिट भएको कुरालाई बयानमा स्वीकार गरी लेखाई दिएको देखिन्छ । घटनाको प्रत्यक्षदर्शी एवं मृतककी नाबालक छोरी वर्ष ७ की रूसा राईले मौकामा कागज गर्दा मिति २०७४।७।२ मा बुबा राजकुमार राई र आमा लक्ष्मी राईबिच झगडा

हुँदा बुबाले आमालाई कुटपिट गर्नु भएको थियो। सोको भोलिपल्ट मिति २०७४।०७।०३ गते दिउँसो बुबालाई आमाले गाली गर्नु भएकोले बुबाले आमालाई कुटपिट गरी बाहिर जानुभयो । आमाले काका ओम राईलाई गाली गर्दा काकाले आमालाई कुटपिट गरी आँगनमा लडाइदिनु भएको हो। आमा उठ्नु भएन। म ठुलीआमा पबिता राईको घरमा गई बुबा र काकाले आमा लक्ष्मी राईलाई कुटपिट गरेको कुरा ठूली आमालाई बताएकी हुँ भनी घटना विवरणलाई सिलसिलेवार रूपमा व्यक्त गर्नुका साथै अदालतमा बकपत्र गर्दासमेत मौकामा खुलाएका कुराहरूका अतिरिक्त बाबु र आमाका बिचमा दिनहुँजस्तो झगडा हुने र बाबाले आमालाई कुटपिट गर्ने गरेको भनी लेखाई दिएको पाइन्छ । प्रतिवादीहरूको बयानका साथै मृतककी छोरीको मौकाको कागज र अदालतको बकपत्रबाट मृतक र प्रतिवादीहरूबिचमा झै-झगडा हुनुका साथै कुटपिट भएको तथ्यलाई पुष्टि गरिदिएको देखिन्छ । जाहेरवाला चन्द्रबहादुर राईले प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईले कुटपिट गरेको चोटको कारण लक्ष्मी राईको मृत्यु भएको हुँदा प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही होस् भनी किटानी जाहेरी दिएका र सो जाहेरी बेहोरालाई अदालतसमक्ष उपस्थित भई समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन्छ । मृतक लक्ष्मी राई र प्रतिवादी राजकुमार राईका बिचमा पहिलेदेखि नै झगडा हुने गरेको कुरालाई मौकामा घटना विवरण कागज गर्ने पबिता राईसमेतले गरेको मौकाको कागज र अदालतको बकपत्रबाट समर्थित भएको देखिन्छ । घटनास्थल लास जाँच मुचुल्कामा मृतक लक्ष्मी राईको कान केही निलो / कालो भएको, बायाँ आँखा किनारमा निलो डाम केही सुन्निएको, मुखबाट तरल पदार्थ निस्किएको, मृतकको खुट्टानजिक बाँसको भाटा फुटेको अवस्थामा रहेको भन्नेसमेत बेहोरा उल्लेख भएको र शव परीक्षण प्रतिवेदनमा *Severe Head Injury with Internal Brain Haemorrhage* भनी उल्लेख भएको पाइन्छ । शव परीक्षण गर्ने विशेषज्ञ डाक्टरले अदालतमा उपस्थित भई मृतकको मृत्यु टाउकोमा लागेको चोटको कारण भएको भनी खुलाई दिएको देखिन्छ । घटनास्थलबाट बाँसको भाटा फुटेको अवस्थामा फेलासमेत परेको देखिने।

प्रतिवादीहरूले मृतकलाई कुटपिट गरी मारेको तथ्य निज प्रतिवादीहरूकै बयान, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, यी प्रतिवादीहरूले नै मृतकलाई कर्तव्य गरी मारेको भनी दिएको जाहेरी दरखास्त र सो बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाले अदालतमा उपस्थित भई गरेको बकपत्र, घटनाको प्रत्यक्षदर्शी मृतककी छोरीले घटनाका सम्बन्धमा गरेको मौकाको कागजका साथै अदालतको बकपत्र, घटना विवरण कागजका मानिसहरू तथा शव परीक्षण प्रतिवेदन दिने डा. अमृत चौधरीको बकपत्रसमेतले प्रतिवादीहरूको कुटपिटबाट नै मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीहरूले ज्यानसम्बन्धी कसुर गरेको देखिन आयो । यस अवस्थामा निज प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईलाई कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहे भएको तथ्य मिसिलबाट देखिँदैन, जुन कुरालाई प्रतिवादीहरूको बयानका साथै वारदातका सम्बन्धमा मृतककी नाबालक छोरीले मौकामा गरेको कागज र सो कागजलाई पुष्टि हुने गरी अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रबाट समर्थित भएको देखिन्छ। मृतक लक्ष्मी राई मादक पदार्थ सेवन गरी घरमा झैझगडा गर्ने गरेको तथ्य प्रतिवादीहरूको

बयानका साथै वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिले गरिदिएको बकपत्र बेहोरासमेतबाट उजागार भएको पाइन्छ । घटनास्थलबाट बाँसको फुटेको भाटा मात्र बरामद भई वारदातमा जोखिमी हतियारको प्रयोग भएकोसमेत देखिँदैन । मृतक र प्रतिवादीहरूबिचमा सामान्य विवाद आई कुटपिट हुँदा प्रस्तुत वारदात घटित हुन गएको देखिएको छ । निज प्रतिवादीहरूले पूर्वरिसइवी लिई अथवा पूर्वमनसाय लिई मृतकलाई मार्नुपर्ने अवस्था नदेखिएको, नाबालक छोरीसमेतको हेरविचार शिक्षादीक्षा लालनपोषण गर्नुपर्ने देखिएको एवं घटनाको वस्तुस्थिति तथा घटना घट्दाको समग्र परिस्थितिसमेतलाई विचार गर्दा निज प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईलाई ऐनबमोजिम ठहर भएको जन्मकैदको सजाय गर्दा चर्को हुने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले सुरू अदालतले प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैदको राय व्यक्त गरी सो रायलाई सदर गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको रायलाई समेत अन्यथा गरिरहन नपर्ने ।

प्रतिवादीहरू माइला भन्ने राजकुमार राई र ओम राईलाई सुरू उदयपुर जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई अ.बं. १८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैदको राय व्यक्त गरी भएको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७५।१२।४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्ने ।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल पौष २१ गते रोज २ शुभम् ।

इजलास नं.१४

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७२-CR-२०१६, ०७३-CR-०२५१, अपहरण तथा शरीर बन्धक, विनोदकुमार यादव वि. नेपाल सरकार, भोला भन्ने भोलेन्द्र यादव वि. नेपाल सरकार*

नाबालक आयुषकुमार साह अपरहित भएको तथ्यमा कुनै विवाद रहेको देखिँदैन । कसले र किन निजलाई अपहरण गरे भन्ने विवादको विषयवस्तुलाई हेर्दा अनुसन्धानको क्रममा पक्राउ परेका प्रतिवादीहरू विनोदकुमार साह र भोलेन्द्र यादवलाई अपहरित आयुषकुमार साहको सामुन्ने राखी सनाखत कागज गराउँदा मलाई अपहरण गर्ने व्यक्तिहरू यिनै हुन् भनी सनाखत कागज गरिदिएको देखिन्छ । अपराधको प्रकृति परिणाम केही थाहा पाउन सक्ने अवस्थामा नरहेका यी अवोध नाबालकले यी प्रतिवादीहरूले कसुर नगरेको भए निजहरूलाई चिनेको देखेको निजहरूले नै मलाई अपहरण गरी लगेको भनी सनाखत कागजमा लेखाई दिनुपर्ने कुनै कारणसमेत देखिँदैन । भारतीय मोबाइल ००९१७५४९८५६९९ नं को मोबाइलबाट अपहरितलाई हामीले अपहरण गरेका हौं भनी रू.२५,००,०००।- फिरौती रकम माग गरेको थियो भनी जीवनकुमार श्रेष्ठले कागज गरी दिएको देखिन्छ । प्रतिवादीहरू विनोदकुमार यादवसमेतका प्रतिवादीहरूले सल्लाह गरी योजना बनाई भारतीय भूमिमा लगेको र भारतको विभिन्न ठाउँमा अदल बदल गर्दै राखी अभिभावकसँग फिरौती रकम माग गरी भारतको अररिया जिल्लाको जिरो माइलबाट अपहरणमुक्त गराएको भन्ने रामकुमार साहले गरी दिएको घटना विवरण कागजबाट देखिन्छ । सो तथ्यलाई पुष्टि हुने गरी घटनास्थल र

वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले कागज गरी लेखाई सहीछाप गरी दिएको देखिन्छ । प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा प्रहरीहरूले कुटपिट गरी आँखामा पट्टी बाँधी कागजमा सहीछाप गराएका हुन् भनी अदालतमा बयान गरे तापनि मुद्दामा म्याद थप गर्दाको अवस्थामा अदालतमा सो कुराको जानकारी गराएको नपाइने ।

पीडित आयुषकुमार साहको सनाखत कागज, जाहेरी दरखास्त, घटना विवरण कागज, वस्तुस्थिति मुचुल्कासमेतको बेहोरासमेतका अनुसन्धानको क्रममा सङ्कलन भएका प्रमाण कागजहरूबाट पीडित आयुषकुमार साहको अपहरण भएको र सो अपहरण गर्ने कार्यमा पुनरावेदकहरूको संलग्नता रहेको भन्ने देखिने ।

पुनरावेदक प्रतिवादीहरूले अदालतमा आफूले कसुर गरेको कुरामा इन्कारी बयान गरेको भए तापनि आफू यी प्रतिवादीहरूबाट अपहरित भएको कुरा पीडित स्वयम्ले सनाखत कागज गरी लेखाई दिएको, जाहेरवालाले आफ्नो नाति अपहरित भएको भनी यी प्रतिवादीहरूसमेत उपर किटानी जाहेरी दिएको र **प्रहरी प्रतिवेदन, घटना विवरण कागज, वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले विनोदकुमार यादवले मोटरसाइकल चलाई पछाडि चितरन्जन यादव बसी बिचमा अपहरित आयुषकुमार साहलाई राखी अपहरण गरी लाँदा भोला भन्ने भोलेन्द्र यादव, वीरेन्द्र साह अर्को मोटरसाइकलबाट पिछा गर्दै भारत भूमिमा लगी अन्यायीहरू मिली जाहेरवाला तथा अपहरितको बुबासँग फिरौती रकम मागेको बुझिएकोले विनोदकुमार यादव र भोला भन्ने भोलेन्द्र यादवसमेतलाई कारबाही गरिपाउँ भनी लेखाई** दिएको कागज प्रमाणहरूबाट समेत नाबालक आयुषकुमार साहको अपहरण भएको कुराको पुष्टि भएको देखिन्छ । जाहेरवालालगायत वादी पक्षका साक्षी अदालतमा उपस्थित भई बकपत्र गर्दा यी प्रतिवादीहरूले अपहरण गरेको होइन भनी बकपत्र गरिदिएको देखिए तापनि अपहरित भएको तथ्यलाई भने स्वीकार गरी यी जाहेरवालाले अपहरित नाति बुझी लिएको अवस्था प्रस्तुत मिसिलको सन्दर्भमा विचारणीय देखिन्छ । मिसिल संलग्न प्रहरीको प्रतिवेदन, पीडित आयुषकुमार साहको अनुसन्धानको क्रममा भएको कागज र सनाखत बयान कागज, घटना विवरण तथा वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसहरूले लेखाई दिएको कागज तथा अन्य प्रमाणबाट खण्डित हुन सकेको नपाइँदा **प्राप्त प्रमाणले नै श्रृङ्खलाबद्ध रूपमा प्रतिवादीहरूले घटना घटाएको पुष्टि भइरहेको अवस्थामा लामो समयको अन्तरालपछि वादी पक्षका साक्षीले विभिन्न कारणले अपराधको गाम्भीर्यप्रति उदासीन भई प्रतिवादीहरूप्रति सदासयता देखाई गरी दिएको बकपत्रलाई मात्र आधार मान्न नसकिने** भनी सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादित (ने.का.प.२०६६, नि.नं.८१७९, ने.का.प.२०६२, नि.नं.७६११) सिद्धान्तसमेतका आधारमा पुनरावेदन अदालत राजविराजले प्रतिवादीहरूलाई सजाय गर्ने गरी सुरूले गरेको फैसलालाई सदर गर्ने गरेको फैसलालाई अन्यथा भन्नुपर्ने अवस्था रहेको पाइँदैन । प्रतिवादीहरूले आफू कसुरदार नभएको र कुनै अपहरणजन्य कार्य नगरेकोले अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर तथ्य र प्रमाणद्वारा पुष्टि भएको अवस्था नहुँदा आरोपित कसुरबाट सफाइ पाउँ भन्ने निजहरूको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

सप्तरी जिल्ला अदालतबाट प्रतिवादी विनोदकुमार यादव तथा भोला भन्ने भोलेन्द्र यादवसमेतलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याई सजाय गर्ने गरेको मिति २०६९।८।१० को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत

राजविराजबाट मिति २०७१।६।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: जनक सिंह बोहरा

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल माघ १६ गते रोज ५ शुभम्।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ, *०७५-CR-२३६८, कर्तव्य ज्यान, नेपाल सरकार वि. के.वि. भन्ने खगेन्द्र विष्टसमेत*

प्रतिवादीहरू खड्गबहादुर विष्ट, चन्द्रबहादुर विष्ट, चन्द्रबहादुर पौडेल र साधु कटुवालको हकमा मुद्दा मुल्तवीबाट जागेको र प्रतिवादी के.वि. विष्ट निवेदनसाथ हाजिर भई सुरू अदालतसमक्ष बयान गरेको देखिन्छ। प्रतिवादी के.वि. विष्टले अदालतसमक्ष बयान गर्दा वारदात मिति र समयमा ग्रामीण विकास बैंकको जागिरको सिलसिलामा बनियानीमा थिएँ। म वारदातस्थलमा नरहेको हुँदा सो सम्बन्धमा मलाई केही थाहा छैन भनी कसुरमा इन्कारी रही बयान गरेको देखिन्छ भने सो इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी लिला बल्लभ भट्टराईले सुरू अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ। मौकामा पक्राउ परेका मुख्य अभियुक्त पूर्णबहादुर विष्टलाई यस अदालतबाट समेत मिति २०७१।०६।२७ मा कसुर ठहर भई फैसला अन्तिम भइसकेको मिसिल संलग्न रहेको फैसलाको प्रतिलिपिबाट देखिन्छ। निजले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा यी प्रतिवादीहरूलाई कहिँकतै पोल गरी नामसमेत किटान गरेको देखिँदैन। मौकामा बयान गर्ने अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादीहरूको वारदातमा संलग्नता थियो भनी बयान बेहोरामा खुलाएकोसमेत पाइँदैन। प्रतिवादीहरू वारदातस्थलमा उपस्थित भई मृतकलाई मार्नमा संलग्न थिए भनी देख्ने प्रत्यक्षदर्शी साक्षीसमेतको अभाव रहेको देखिन्छ। मौकामा घटना विवरण कागज गर्ने तथा वस्तुस्थिति मुचुल्का लेखाइदिने मानिसहरू दुर्गा कट्टेल, भिमादेवी राई, माया राना मगर र मनबहादुर थापाले सुरू अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दासमेत यी प्रतिवादीहरू वारदातस्थलमा उपस्थित भई कुटपिटमा संलग्न थिए भनी लेखाएको पाइँदैन। जाहेरी दरखास्तबाहेक यी प्रतिवादीहरूको मृतकलाई मार्नमा संलग्नता थियो भन्ने कुनै पनि स्वतन्त्र प्रमाण वादी पक्षले पेस गर्न सकेको नदेखिने।

प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको कुरा वादी नेपाल सरकारले वस्तुनिष्ठ, तथ्यगत र स्वतन्त्र प्रमाणले पुष्टि गर्न सकेको मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएन। शंकारहित प्रत्यक्ष स्वतन्त्र प्रमाणको अभावमा केवल शंका र अनुमानको भरमा मात्र कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको आरोपित कसुरमा कसैलाई पनि कसुरदार ठहऱ्याउँदा फौजदारी न्यायको सिद्धान्तविपरीत हुने भएकोले विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरू खड्गबहादुर विष्ट, चन्द्रबहादुर विष्ट, के.वि. भन्ने खगेन्द्र विष्ट, साधु कटुवाल र चन्द्रबहादुर पौडेललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू झापा जिल्ला अदालतको फैसलालाई सदर गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको मिति २०७५।०७।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल आषाढ १ गते रोज २ शुभम्।

इजलास नं.१५

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी, *०७२-CR-१८७२, जबरजस्ती करणी,*

सुनिलकुमार सोनी वि. नेपाल सरकार

मिति २०७१।१।५ गतेका दिन भक्तपुर सिपाडोल गाउँ विकास समिति वडा नं.१ स्थित बलराम शाहीको घरको भुइँतलामा नाम परिवर्तित भक्तपुर जगाती २७ (ई) लाई प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा बुझिएका मानिस नवराज खनाल र सिता दर्नालले लेखाई दिएको एकै मिलानको कागज देखिन्छ । (Hymen Turn) भन्ने बेहोरा परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । पीडितको उमेर ६/७ वर्षभित्रको भन्ने उमेर परीक्षण प्रतिवेदनबाट देखिन्छ । पीडितले अदालतसमक्ष बकपत्र गर्दा मौकाको कागजलाई समर्थन गर्दै प्रतिवादीले आफ्नो पेन्टको चेन खोलेर मेरो कट्टु खोली उसको सु गर्ने मेरो कुरीमा हालेको भनी उल्लेख गरी बकपत्र गरेको देखियो । यी पुनरावेदक प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको मिति २०७१।१।५ गतेका दिन घरमा जाँदा कोही नभएको र जाहेरवालीकी छोरी नाम परिवर्तित भक्तपुर जगाती २७(ई) लाई खेलिरहेको देखी निजलाई मैले समाती फलफुल भएको गोदाममा लगी निजले लगाएको सुरूवाल खोली मेरो उत्तेजित लिङ्ग निकाली निजको योनिमा जोडी जबरजस्ती करणी गरेको हो भन्नेसमेत बेहोराको अनुसन्धानको क्रममा गरेको साबिती बयान कागज, स्वास्थ्य परीक्षण गरी प्रतिवेदन दिने डा. पुण्य पौडैलले सुरू अदालतसमक्ष गरको बकपत्र, जाहेरवाली र पीडितको बकपत्रसमेतले अभियोग दाबीअनुरूपको कसुरलाई पुष्टि गर्दछ । पीडिता ६/७ वर्षकी नाबालिगा जगाती (२७ई) लाई प्रतिवादी सुनिलकुमार सोनीले करणी गरेकोम किटानी जाहेरी परेको र सो सम्बन्धमा प्रतिवादीको मौकामा साबितीसमेत रहेको छ । सोलाई पीडिता अदालतमा आई गरेको किटानी बकपत्र एवं मौकाको पीडिताको योनि परीक्षण गर्दा उल्लेख भएको Hymen is Turn भन्ने प्रतिवेदन र परीक्षण गर्ने चिकित्सकले अदालतमा आई पीडिताउपर जबरजस्ती करणीको क्रिया भएको हो भनी गरेको बकपत्रसमेतले समर्थन गरेको हुँदा प्रतिवादी सुनिलकुमार सोनीले पीडितालाई जबरजस्ती करणीको क्रिया गरेको पुष्टि नै हुन आउने ।

सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी सुनिलकुमार सोनीको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । अब यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम मलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. अनुसारको ऐ. ३ नं. को देहाय १ अनुसार १० वर्ष कैद हुने ठहऱ्याएकोमा उक्त कैदको सम्बन्धमा विचार गर्दा, कसुर गर्दाको अवस्थामा प्रतिवादीको उमेर १६ वर्ष रहेको देखिन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ बालबालिकालाई हुने सजाय सम्बन्ध व्यवस्थाको उल्लेख गरिएको र ऐ. संहिताको ४५(४) "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरका व्यक्तिले ...कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने कानूनी व्यवस्था देखिन्छ । फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । हाल प्रचलनमा रहेको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा "सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य

कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । हाल प्रचलनमा रहेको बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २ (ञ) ले "बालबालिका भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ" भनी परिभाषित गरेको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५ ले पनि बालबालिकाको उमेर १८ वर्ष कायम गरेको छ । उक्त संहिताको ४५(४) मा "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । कसुर गर्दाका बखत निज पुनरावेदक प्रतिवादीको उमेर १६ वर्ष देखिन्छ । निजउपरको कसुर स्थापित भएपनि निजले सजायको हकमा प्रचलित कानूनअनुरूप छुट पाउने नै देखिन्छ । यस स्थितिमा माथि विवेचित कानूनी व्यवस्थाका आधारमा निजलाई भएको कैद वर्ष १०(दश) को दुई तिहाईले हुने आउने ६(छ) वर्ष ८(आठ) महिना कैद हुन जाने ।

माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी सुनिलकुमार सोनीले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. अनुसारको कसुर गरेकोमा ऐ. ३(१) अनुसार निजलाई १० वर्ष कैद हुने ठहरेकोमा हाल प्रचलित फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ को दफा ५ मा उल्लिखित "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाको बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्ने छ" भन्ने व्यवस्था र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा "सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ" भन्ने व्यवस्थासमेतका आधारबाट यी पुनरावेदक प्रतिवादी सुनिलकुमार सोनीलाई पुनरावेदन अदालत पाटनबाट १० वर्ष कैद हुने ठहरी भएको फैसला केही उल्टी भई उक्त कैद १० वर्षको दुई तिहाईले हुन आउने कैद ६(छ) वर्ष ८(आठ) महिना कैद हुन्छ । प्रतिवादी सुनिलकुमार सोनी नेपाल सरहदभन्दा बाहिर भारतको नागरिक भएकोले नेपालमा निजको कुनै जायजेथा नदेखिएको अवस्थामा निजबाटै असुलउपर गर्ने गरी र सो नहुँदासम्म तत्कालको लागि नेपाल सरकारबाटै निकासा लिई रू.५०,०००।- क्षतिपूर्तिबापत पीडितको बाबुलाई भराइदिने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।५।१५ मा भएको फैसला सो हदसम्म मिलेकै देखिने । पुनरावदेन अदालत पाटनको फैसला उल्टी गरी सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल फागुन १ गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७४-WO-०३७३, उत्प्रेषण / परमादेश, रमेशप्रसाद यादव वि. निर्वाचन आयोगसमेत

प्रस्तुत निवेदनमा नेपालको संविधानको धारा ८३(२) र ८७ तथा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७(३), १३(घ), २८ र २९ प्रतिकूल हुने गरी नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय

पाएको व्यक्तिलाई प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिकतर्फको उम्मेदवारीको बन्द सूचीमा नाम समावेश गरेको भन्ने मूल प्रश्नतर्फ विचार गर्दा संसद्को सदस्य र उपसभामुख पदको लागि अयोग्य भएको भनी यिनै विपक्षी गंगाप्रसाद यादवको विरूद्धमा दायर भएको ०७२-CC-०००१ को उत्प्रेषण मुद्दा यसै अदालतको संवैधानिक इजलासबाट खारेज हुनका साथै प्रतिनिधि सभा सदस्यको निर्वाचन सम्पन्न भइसकेको निज विपक्षी गंगाप्रसाद यादव उक्त निर्वाचनको समानुपातिक सदस्यतर्फ निर्वाचित नभई निजको उम्मेदवारीसमेत प्रयोजनहीन भइसकेकोले संसद् सदस्य पदको लागि अयोग्य रहेको भनी निवेदनमा लिएको जिकिर औचित्यहीन भई निष्प्रयोजन भइसकेकोले त्यस्तो प्रयोजन नै समाप्त भइसकेको विषयमा थप विवेचना र विश्लेषण गरिरहनुपर्ने नदेखिने।

तसर्थ, रिट निवेदनमा उठाइएको विषयवस्तु नै असान्दर्भिक र प्रयोजनहीन भएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल मंसिर १२ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-WO-०६१६, उत्प्रेषण / निषेधाज्ञा, नन्दकिशोर यादव वि. उच्च अदालत जनकपुर, राजविराज इजलाससमेत*

रिट निवेदक नन्दकिशोर यादव तथा अन्य व्यक्तिहरू लाली भन्ने कृष्णप्रसाद यादव, रामकृष्ण यादव, दिपु यादव, कृपानन्द यादव प्रतिवादीहरूउपर ज्यानमार्ने उद्योग मुद्दा सप्तरी जिल्ला अदालतमा दर्ता भई यी रिट निवेदकलाई पक्राउ पुर्जीसमेत जारी भएको र निजलाई पक्राउका लागि खोजतलास भइरहेको भन्ने तथ्यसमेत मिसिल संलग्न कागजहरूबाट देखिन आएको छ। प्रस्तुत रिट निवेदनका विपक्षी तथा उल्लिखित ज्यान मार्ने उद्योग मुद्दाका जाहेरवाला सरोजकुमार यादवका ठुलो बाबु रामनारायण यादवलाई ज्यान मार्ने मनसायका साथ कुटपिट गरेकोमा यी रिट निवेदकलाई समेत प्रतिवादी कायम गरी जाहेरी दिएको अवस्थामा रिट निवेदकले घटना वारदात नै नभएको र आफू रिटायर कर्मचारीलाई समाजमा बेइज्जत गर्न प्रहरीबाट अनाहकमा समात्न लगाउने र दुःख दिने गरी विपक्षी सप्तरी जिल्ला अदालतसमेतबाट भएको काम कारबाही नेपाल कानूनको अख्तियारबिना भएकाले म निवेदकलाई थुनछेक धरपकट नगर्नु नगराउनु भनी निवेदन मागदाबी लिएको अवस्था भए पनि निजलाई उक्त ज्यान मार्ने उद्योग मुद्दामा पक्राउ गर्नु नपर्नेसम्मको कारणको विद्यमानता मिसिल संलग्न कागजातहरूबाट कहीँकतैबाट खुल्न सकेको तथ्यसमेत स्थापित हुन आएको नदेखिने।

रिट निवेदक नन्दकिशोर यादवसमेत संलग्न भएको सप्तरी जिल्ला अदालतमा चालु अवस्था रहेको ज्यान मार्ने उद्योग मुद्दामा निजउपर पक्राउ पुर्जी जारी भएको अवस्थामा निवेदक उक्त घटनामा संलग्न नरहेको भए सो सम्बन्धमा आफ्नो भनाई उक्त मुद्दामा राख्न सक्ने नै हुँदा निजले आफूउपर थुनछेक धरपकट नगर्नु नगराउनु भनी लिएको निवेदन मागदाबी कानूनबमोजिम रहेको नदेखिएकाले मागबमोजिम रिट जारी हुने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

इति संवत् २०७६ साल पुस १ गते रोज ३ शुभम्।

इजलास नं.२१

१

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०६९-WO-०३९६, उत्प्रेषण / परमादेश, भुवनेश्वर साहु तेलीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक कर्मचारीहरूलाई पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय धनकुटाको च.नं.७६८ मिति २०६५।९।७ गतेको पत्रले ६ महिनाका लागि लौकही अस्थायी अस्पतालमा कामकाज गर्ने गरी करारमा नियुक्ति गरिएको मिति २०६६।३।११ मा करार म्याद समाप्त भएपश्चात् पनि कामकाज लगाउने गरी पूर्वाञ्चल स्वास्थ्य निर्देशनालय धनकुटाबाट च.नं. १९३७-०६५/०६६ मा पत्राचारसमेत भएको देखिन्छ भने उक्त पत्रानुसार निवेदकहरू कार्यरत रहेको लौकही अस्थायी अस्पतालमा जानकारी गएको र निजहरूले २०६६ माघ मसान्तसम्म मात्र तलब भुक्तानी पाएको भन्ने कुरा मिसिल संलग्न रहेको तलबी प्रतिवेदनको फोटोकपीबाट पुष्टि भएको।

मिति २०६८।३।२७ मा स्वास्थ्य सचिव डा.सुधा शर्माको संयोजकत्वमा बसेको बैठकबाट मिति २०६८ आषाढ मसान्तदेखि करार अन्त भएको भनी सोको निर्णय मिति २०६८।५।१८ मा मात्र लौकही अस्थायी अस्पतालमा प्राप्त भएको देखिँदा उक्त मिति २०६८।५।१८ सम्म रिट निवेदकहरू आफ्नो सेवामा रहे भएको मान्नुपर्ने।

निजामती सेवा ऐन, २०४९ को दफा २७ तथा ऐ.नियमावली, २०५० को नियम ९१(१) र स्वास्थ्य सेवा ऐन, २०५३ को तेस्रो संशोधन, २०६३ को दफा ३७ तथा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८५ र ८६ बमोजिम पाउने तलब भत्ता भुक्तानी दिनुपर्ने कानूनी व्यवस्थाको पालना नगरी निवेदकहरूको मौलिक हकमा समेत आघात परेको नै देखियो। स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ८५मा "**निर्धारित तलबमानअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने कर्मचारीले सो तलबमानमा लेखिएको सुरू तलब र भत्ता पाउने भए भत्तासमेत पाउने छ"** र नियम ८६ मा "**एक कार्यालयबाट अर्को कार्यालयमा सरूवा वा बढुवा भएको कर्मचारीले साबिक कार्यालय छाडी हालको कार्यालयमा बहाली गर्न यस नियमावलीबमोजिम पाउने तयारी म्याद सात दिन र बाटोको म्यादको लागि सरूवा वा बढुवा भएको पदको पदअनुसार हालको कार्यालयबाट तलब (स्थानीय भत्ताबाहेक) पाउने छ"** भन्ने कानूनी व्यवस्थाअनुसार कामकाजमा लगाइसकेपछि काम गरेको अवधिभरसम्मको पारिश्रमिक पाउनुपर्ने रिट निवेदकहरूको कानूनी अधिकार रहे भएको नै देखिने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ग) मा "विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानूनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्ने" भनी उल्लेख गरेको प्रावधानले विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकारको पालना

राज्यको दायित्वको रूपमा रहन्छ भन्ने स्पष्ट हुने हुँदा निवेदकहरूको संवैधानिक अधिकारलाई सुनिश्चित गर्ने दायित्व राज्यको हो भन्ने स्पष्ट देखिन्छ । मानव अधिकारको विषयप्रति नेपालको संविधानको धारा ५० (१) ले "नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय इकाइहरूबीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुने छ" भन्ने व्यवस्था गरेको र नेपालको संविधानको प्रस्तावनामा समेत उक्त व्यवस्थाप्रति पूर्ण प्रतिबद्धता जनाएको हुँदा उल्लिखित धारा र प्रस्तावनाअनुसार निवेदकहरूको मौलिक हक तथा मानव अधिकारको मूल्य र मान्यतालाई सुदृढ गराउनुपर्ने देखिने।

नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधानको प्रस्तावना र विभिन्न धारा उपधारा, निजामती सेवा ऐन, २०४९, श्रम ऐन, २०४८ तथा श्रम ऐन, २०७४ लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, २०४८ (Universal Declaration of Human Right, 1948) Minimum Wage Fixing Convention, 1970 (C131) समेतले कुनै पनि कर्मचारीलाई काममा लगाइसकेपछि पारिश्रमिक दिन्न भन्ने अधिकार कसैलाई पनि हुँदैन भन्ने श्रमसम्बन्धी आधारभूत सिद्धान्तलाई पालना गर्न राज्य पनि बाध्यकारी छ भन्ने स्पष्ट हुन्छ । सोहीबमोजिम रिट निवेदकहरूका सम्बन्धमा विपक्षीहरूले पनि उक्त सिद्धान्तलाई पालना गर्न बन्धनकारी रहेको देखिने।

संवैधानिक तथा कानूनी व्यवस्थाहरूबाट कुनै पनि कर्मचारीलाई काममा लगाइसकेपछि पारिश्रमिक दिन्न भन्ने अधिकार कसैलाई पनि हुँदैन । नेपालको अन्तरिम संविधानको धारा ३० बमोजिम उचित श्रम अभ्यासबाट संरक्षित हुन पाउने हक हुने छ भन्ने व्यवस्था गरेको छ । यसलाई निरन्तरता दिँदै नेपालको संविधानको धारा ३४ (१) मा प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने कुराको सुरक्षण प्रदान गरी सोही धाराको उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको सुरक्षण प्रदान गरेको छ । संविधानको धारा ३४ (१) र (२) र धारा २९ (१) लाई जोडेर व्याख्या गर्नुपर्ने हुन्छ । यसबाट उचित पारिश्रमिक, सुविधा वा योगदानमा आधारित सामाजिक सुरक्षा नदिनु वा श्रम कानूनले निर्धारण गरेभन्दा कम सुविधा दिनु वा समान हैसियतमा काम गर्ने सहकर्मीभन्दा कम पारिश्रमिक, सुविधा दिनुसमेत श्रम शोषण हुन जान्छ । नेपालको संविधानको धारा ५० (३) मा उल्लेख गरेबमोजिम राष्ट्रको अर्थतन्त्रको विकासमा संलग्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र सबैमा यो उत्तिकै लागु हुने हुँदा श्रम शोषण गर्ने कार्य रोजगारदाताको हैसियतले काममा लगाउने नेपाल सरकारलगायत कसैलाई पनि गर्न मिल्ने देखिँदैन । तसर्थ कुनै पनि कर्मचारीलाई काममा लगाइसकेपछि मासिक रूपमा पारिश्रमिक नदिई लामो समयसम्म झुलाउने, पारिश्रमिक नदिने

वा पारिश्रमिक दिनको लागि देखावटी पत्राचार तथा निर्णय गरेको भनी उल्लेख गरेको र सबै निकाय आफ्नो जिम्मेवारीबाट पन्छिने गरी लिखित जवाफ पेस गरेबाट निवेदकलाई पारिश्रमिक दिने दिलाउने गरी कुनै पनि प्रत्यर्थीहरूले जिम्मेवारीसाथ पहल गरेको नदेखिँदा श्रम शोषण विरूद्ध निवेदकहरूलाई नेपालको संविधान तथा अन्तरिम संविधानको धारा २९ ले गरेको संरक्षणको उल्लङ्घन गरेको स्पष्ट देखियो । उल्लिखित संवैधानिक कानूनी व्यवस्था तथा अन्य मुलुकमा भएको प्रचलनसमेतको आधारमा प्रस्तुत मुद्दामा रिट निवेदकहरू २०६६ फागुनदेखि मिति २०६८।५।१८ सम्म पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाबाट वञ्चित भई काम गर्नु परेको र सो अवस्थालाई बाध्यकारी श्रममा लगाएको र श्रम शोषण हुन गएको होइन भनी मान्न मिल्ने नदेखिने ।

रिट निवेदकहरू मिति २०६५।९।७ देखि छ महिनाका लागि करारमा नियुक्ति पाई निरन्तररूपमा मिति २०६८।५।१८ गतेसम्म आफ्नो सेवामा रही कामकाज गरेको देखिएको र निजहरूले मिति २०६६ फागुनदेखि २०६८ भाद्र १८ गतेसम्मको आफ्नो तलब पारिश्रमिक पाएको नदेखिँदा निवेदकहरूले काम गरेको उक्त अवधिको तलबभत्ता भुक्तानी दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः नारायण सापकोटा, मिना अधिकारी (शा.अ.)

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल कात्तिक २९ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७५-WO-०१२१, उत्प्रेषण, सागर मल्लसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

विपक्षीमध्येका पति / पिता सुरेशमान मल्लले हाम्रोसमेत अंश हक लाग्ने जग्गा हाम्रो सहमतिबेगर विपक्षीमध्येको विजयलक्ष्मी मल्ल श्रेष्ठलाई हक छाडी राजीनामासमेत पास गरी दिई हाम्रो अंशहक मेट्ने उद्देश्यबाट जालसाजीपूर्ण तरिकाले उक्त कार्य गरेकोले यी विपक्षी सुरेशमान मल्लउपर काठमाडौं जिल्ला अदालतमा अंश चलन यी विपक्षी विजयलक्ष्मी मल्ल श्रेष्ठसमेत उपर जालसाजी तथा दूषित लिखत दर्ता बदर मुद्दा दर्ता भई हालसम्म विचाराधीन अवस्थामा रहेको देखिन्छ । उक्त जालसाजी मुद्दामा विवादित भनिएको कि.नं. १०५ को जग्गा रोक्का राखिएकोमा यी विजयलक्ष्मीले रोक्का फुकुवा गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतमा निवेदन दिई काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।३।१७ मा रोक्का फुकुवा हुने गरी आदेश भएको र सोउपरको १७ नं. को निवेदनमा उच्च अदालत पाटनबाट समेत उक्त आदेश सदर भएको ।

आफ्नो अंशहक लाग्ने जग्गासमेत विपक्षी सुरेशमान मल्लले बिक्री वितरणसमेत गरी हाम्रो सम्पत्तिसम्बन्धी हकमा आघात पुऱ्याएकोले उक्त जग्गा हाल विद्युत् प्राधिकरणसमेतले अधिग्रहणसमेत गरी मुआब्जासमेत वितरण गर्ने क्रममा रहकोले मुद्दाको अन्तिम किनारा नभएसम्मका लागि ४ खण्डको ३ खण्ड मुआब्जा रकम विपक्षी विजयलक्ष्मी मल्ललाई भुक्तानी नगर्नु, नगराउनु यथास्थितिमा राख्नु भनी नेपाल विद्युत् प्राधिकरण लप्सीफेदी तथा चाँगुनारायण सब-स्टेशन निर्माण आयोजनाको नाममा आदेश जारी गरिपाउँ भन्नेसमेत निवेदन जिकिर रहेकोमा विपक्षी विजयालक्ष्मी मल्लले आफूले रू.१०,५०,०००।- रकम सुरेशमान मल्ललाई दिई राजीनामा पास गरी लिएको जग्गा भएको र उक्त जग्गामा मेरो एकलौटी हकसमेत लाग्ने भएकोले मुआब्जा वितरण कार्य

रोकिनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ र विपक्षीले नेपाल विद्युत् प्राधिकरणको लिखित जवाफमा नेपाल विद्युत् प्राधिकरणको विद्युत् प्रसारण लाइन विस्तारका लागि जग्गा प्राप्ति ऐन, २०३४ को कार्यविधिको प्रयोग र पालना गरेर जग्गा अधिग्रहण गरेको र हाल जसको नाउँमा जग्गाधनी प्रमाणपुर्जा छ उसैको नाउँमा मुआब्जा वितरण कार्य भइरहेकोले हाम्रो नाउँमा रिट जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफको मुख्य बेहोरा रहेको।

विपक्षीहरूमध्ये सुरेशमान मल्ल यी निवेदकहरूका पति, पिता र विपक्षी विजयलक्ष्मी मल्ल श्रेष्ठ फुपू र नन्द नाताको भएकोमा विवाद देखिएन। विवादित भनिएको जग्गा जयलक्ष्मीको नाउँमा प्राप्त हुनुभन्दा अगाडि यी विपक्षी सुरेशमान मल्लको नाउँमा रहेको र विपक्षी सुरेशमान मल्लले एकासगोलमा रहेका आफ्नो श्रीमती तथा छोराहरूको मन्जुरी नलिई उल्लिखित कि.नं.१०५ को जग्गा आफ्नो बहिनी विजयलक्ष्मीलाई हक हस्तान्तरण गरेको देखिन्छ। यी निवेदकहरू र विपक्षी सुरेशमान मल्लबिच अंशबन्डासमेत भई नसकेको भनी यी निवेदकहरूले काठमाडौं जिल्ला अदालतमा अंश चलन मुद्दा, तथा उक्त जग्गाको विषयलाई लिएर जालसाजी तथा दर्ता बदर मुद्दासमेत दर्ता गरी विचाराधीन रहेकोसमेत देखिने।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ को उपदफा ३ मा मुआब्जा वितरणको सम्बन्धमा उजुरी परेमा तेरो मेरो वा हक भोगसम्बन्धी बाहेक अन्य विषयको भए नेपाल सरकार, गृह मन्त्रालयले साधारणतया १५ दिनभित्र किनारा लगाउनुपर्ने छ। तर त्यस्तो उजुरी तेरो मेरो वा हक भोगसम्बन्धी भएमा त्यसउपर कुनै कारबाही नगरी अदालतको अन्तिम निर्णयबाट हकदैया कायम गरी आउने व्यक्तिलाई यस ऐनबमोजिम पाउने मुआब्जा दिइने छ भनी मुआब्जा धरौट रहने कार्यालयको नामसमेत उल्लेख गरी सम्बन्धित व्यक्तिलाई सूचना दिनुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ। जग्गा प्राप्ति ऐन, २०३४ को उपरोक्त व्यवस्थालाई हेर्दा मुआब्जा वितरणको लागि सूचना प्रकाशित गर्दा हकभोगको सम्बन्धमा विवाद भई तेरो मेरो प्रश्न उठेमा कुनै निर्णय नगरी अदालतबाट अन्तिम निर्णय भएपछि मात्र मुआब्जा दिनुपर्ने छ मुआब्जाबापतको रकम धरौटमा राख्नु पर्दछ भनी उल्लेख भएको।

निवेदकहरूसमेतको हक लाग्ने कि.नं. १०५ जग्गा निजहरूका पति तथा पिता सुरेशमान मल्लले आफ्नो बहिनी विजयलक्ष्मी मल्ललाई बिक्री गरेको र उक्त जग्गा विद्युत् प्राधिकरणको अधिग्रहणमा परी जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जाको दाबीको लागि सूचना प्रकाशित भएकोमा उल्लिखित कित्ताको मुआब्जा प्राप्तिको लागि विजयलक्ष्मी मल्ल श्रेष्ठले मिति २०७४।११।१३ मा निवेदन दिएपश्चात् मिति २०७४।१२।२ मा अंश चलन, जालसाजी मुद्दाहरू परी उक्त मुद्दाहरू विचाराधीन अवस्थामा रहेको देखिन्छ। जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८(३) मा तेरोमेरो हक भोगसम्बन्धी विवाद रहेको घर जग्गाको सम्बन्धमा त्यस्तो सम्पत्तिको मुआब्जा रकम धरौटमा राखी तेरो मेरो हक भोगसम्बन्धी विवादको अदालतबाट हक कायम गरी ल्याउने व्यक्तिलाई मुआब्जा रकम दिने व्यवस्था रहेको।

कि.नं. १०५ को जग्गा नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन विस्तारका लागि अधिग्रहण गरेको देखिन्छ। अधिग्रहण गरिएको भनेको कि.नं १०५ को जग्गा साबिकमा यी निवेदकहरूको पति / पिता सुरेशमान मल्लको नाममा रहेकोमा निजले विपक्षीमध्येकी विजयालक्ष्मी मल्लका नाउँमा हक

हस्तान्तरण गर्दा निवेदकहरूले मन्जुरी / स्वीकृति सहमति दिएको नदेखिएको एवं निवेदकहरूले आफ्ना पति / पिताउपर अंश तथा विपक्षी विजयालक्ष्मी मल्लसमेतउपर लिखत बदर एवं जालसाजीसमेतको मुद्दा दायर गरी विचाराधीन रहेको देखिन्छ । उक्त कि.नं. १०५ को जग्गामा आफ्नोसमेत अंश हक लाग्नेसमेतका दाबी लिएको र लिखत बदर मुद्दासमेत विचाराधीनसमेत रहेको देखिन आएकोले नेपाल विद्युत् प्राधिकरणको उक्त विवादित जग्गामा सब स्टेशन निर्माणका लागि मुआब्जा वितरण भई गएमा पछि निवेदकहरूले अंश पाउने अवस्था वा जालसाजी ठहरेको अवस्थामा सो क्षतिपूर्ति रकम लिनको लागि यी निवेदकले पुन: कानूनी प्रक्रिया अपनाउनुपर्ने देखिन आउने।

विवादित कि.नं. १०५ को जग्गा रोक्का सम्बन्धमा काठमाडौं जिल्ला, अदालतबाट मिति २०७५।३।१७ मा भएको आदेश र उक्त आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७५।४।२० मा भएको आदेश मिलेको देखिन नआएकोले काठमाडौं जिल्ला अदालतको मिति २०७५।३।१७ गते मुआब्जा सम्बन्धमा गरेको आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको मिति २०७५।४।२० को आदेश उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । विवादित काठमाडौं जिल्ला, लप्सीफेदी गा.वि.स. वडा नं. ४घ को कि.नं. १०५ क्षेत्रफल ३-०-०-० (तीन रोपनी) जग्गाको मुआब्जा काठमाडौं जिल्ला अदालतमा चलेको अंश मुद्दा (०७४-CP-३२५१) र जालसाजी (०७४-PC-३९३४) मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म ४ खण्डको ३ खण्ड मुआब्जा रकम भुक्तानी नदिई यथास्थितिमा धरौटमा राख्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौं, नेपाल विद्युत् प्राधिकरण लप्सीफेदी तथा चाँगुनारायण सब-स्टेशन निर्माण आयोजना र नेपाल सरकार उर्जा विकास मन्त्रालय सिंहदरबारको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः नरेन्द्रबहादुर बुढा

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ ८ गते रोज ४ शुभम्।

एक न्यायाधीशको इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली, *०७४-WO-००२७, उत्प्रेषण / परमादेश, शिवबहादुर विष्ट वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत*

निवेदनमा बन्डा छुट्ट्याउने कारबाही स्थगितको माग गरेकामा यी निवेदकसमेतउपर विपक्षीमध्येका मोहनबहादुर विष्टले अंश मुद्दा दायर गरी ३ भागको १ भाग अंश पाउने ठहर भएको फैसला अन्तिम भई बसेको र सोबमोजिम बन्डा छुट्ट्याई पाउँ भनी निवेदन परेको अवस्था र यी निवेदकले पहिले भएको अंश मुद्दाको सुनुवाइमा आफ्नो संलग्नता नरहेबाट प्राकृतिक न्यायको सिद्धान्तविपरीत भए गरिएका फैसला बदरको माग गरी फैसला बदर र जालसाजीलगायतका मुद्दा दर्ता भएको उक्त मुद्दा किनारा नभएसम्म फैसला कार्यान्वयनको कार्य स्थगित माग गरेकामा निवेदकलाई आफ्नो हक पुग्नेसम्मको सम्पत्ति अ.बं.१७१(क) ले फैसला बदर मुद्दाबाट रोक्का राख्न सक्ने प्रभावकारी उपचारको व्यवस्था रहेको देखिने।

अंश मुद्दाबाट निवेदकको हक हनन् भएको छ, छैन यस विषयमा समेत दायर भएका फैसला बदर मुद्दाको औचित्यमा गई जिल्ला अदालतले न्याय र विवेकको आधारमा कानूनसम्मत तवरबाट

निरूपण गर्न सक्ने नै देखिएकोमा रिट क्षेत्रमा प्रवेश गरी भइरहेको फैसलालाई प्रभाव पार्ने गरी फैसला कार्यान्वयनलाई रोक्ने आशयबाट आएको प्रस्तुत रिट निवेदनमा कारण देखाउ आदेश जारी गर्ने र लिखित जवाफ मागिरहनु परेन। तल्लो अदालतमा विचाराधीन विषयमा माथिल्लो अदालतबाट प्रभाव पार्न नमिल्ने हुँदा प्रभावकारी उपचारको बाटो तल्लो अदालतमा नै रहेको देखिँदा फैसला कार्यान्वयनको सिलसिलामा भएका आदेशमा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ माग गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल श्रावण १२ गते रोज ५ शुभम्।

२

स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, ०७४-WO-०९७४, उत्प्रेषण / परमादेश, सरिता घर्ती मगर वि. उच्च अदालत तुल्सीपुर, नेपालगन्ज इजलाससमेत

निवेदनमा रहेको मुख्य माग दाबी भनेको नाबालक छोरा छोरीको अंश हक संरक्षण गरिपाउँ भन्ने रहेको र विपक्षी लोकबहादुर ऐडीले ऋणी भई गरिदिएको दृष्टिबन्धकको लिखत नाबालक छोरा छोरीको जायजन्म हुनुभन्दा अगाडि नै गरी दिएको देखिन्छ। यी रिट निवेदकहरूले उक्त दृष्टिबन्धक लिखतलाई बदर गराउने उद्देश्यले साधिकार निकायमा उजुर गरेको पनि देखिँदैन साथै प्रस्तुत रिट निवेदनमा समेत उक्त दृष्टिबन्धक लिखतलाई अन्यथा हो भनी भनेकोसमेत पाइँदैन। यसरी नाबालक रिट निवेदकहरूको जायजन्म हुनुभन्दा अगाडि निजहरूका पिताले ऋण स्वरूप लिएको रकमबापत कानूनबमोजिम गरी दिएको घर जग्गाको दृष्टिबन्धक लिखतलाई अन्यथा भन्न मिल्ने अवस्था नरहने।

बालबालिकासम्बन्धी ऐन, २०४८ र मुलुकी ऐन, दण्ड सजायको २६ नं. ले नाबालकको हक संरक्षण गरेको कुरामा विवाद नरहे पनि प्रस्तुत निवेदनमा उक्त ऐनका कानूनी व्यवस्था आकर्षित हुने देखिन आएन। सुरू जिल्ला अदालतले फैसला कार्यान्वयन प्रक्रियालाई अन्तिम अवस्थामा पुऱ्याइसकेको देखिँदा रिट क्षेत्रबाट प्रवेश गरी हेर्नुपर्ने देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इश्वरमणि ओझा

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम्।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, *०७४-WO-०१८२, उत्प्रेषण, बुद्धिबहादुर गुरूङ वि. जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंसमेत*

निवेदकसमेतलाई प्रतिवादी बनाई ०७३-CR-१११८ को ठगी मुद्दा दर्ता भएको भन्ने तथ्य निवेदन बेहोराबाट नै देखिएको छ। ठगी मुद्दा नेपाल सरकार वादी भई चल्ने अनुसूची १ अन्तर्गतको मुद्दा देखिएको छ। यस्तो मुद्दामा प्रहरीबाट अनुसन्धान हुने यस्तो मुद्दा चल्ने नचल्ने निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने र यो अधिकार प्रत्यायोजनसमेत हुन सक्ने संवैधानिक व्यवस्था रहेको छ। कानूनले अधिकार पाएको राज्यको अपराध अनुसन्धान गर्ने निकायबाट अपराधको अनुसन्धान भई संवैधानिक व्यवस्थाबमोजिम अभियोगपत्र दायर भई अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत विचाराधीन रहेको विषयमा असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट क्षेत्रबाट हेर्नसमेत मिल्ने नदेखिने।

साधारण अधिकार क्षेत्रअन्तर्गत विचाराधीन विषयमा अदालतबाट स्वतन्त्र, निष्पक्ष रूपमा प्रमाणको मूल्याङ्कन र विश्लेषण गरी निवेदकले कसुर

गरे नगरेको विषयमा निर्णय हुने नै हुँदा यस्तो सत्य तथ्यको परीक्षण गर्ने न्यायिक पद्धतिलाई असर र प्रभाव पर्ने गरी असाधारण अधिकार क्षेत्रबाट हेर्न न्यायोचित र तर्क परक हुने पनि देखिँदैन । साथै आफू विरूद्ध दायर भएको मुद्दामा प्रतिरक्षा गर्न पाउने संवैधानिक प्रत्याभूतिसमेत निवेदकलाई रहे भएकै देखिने ।

ठगी मुद्दा दायर भएको कारणले निवेदकको के-कस्तो संवैधानिक हक अधिकारमा आघात परेको हो सोको स्पष्ट र तथ्यपरक रूपमा स्पष्ट पार्न नसकेको अवस्थामा हक अधिकारमा आघात परेको होला भनी अदालतले अनुमान गर्नसमेत मिल्ने नदेखिने ।

निवेदकसमेत उपर काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दाको अभियोगपत्र मिति २०७३।११।१५ मा दायर भएको छ । निवेदक मिति २०७४।०५।२७ मा अदालतमा उपस्थित भई उक्त मुद्दामा बयान भई निजसँग रू.१० हजार धरौटी माग गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।०५।२७ मा आदेश भएकोसमेत मिसिल संलग्न कागजातहरूबाट देखिने ।

निवेदक विरूद्ध अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गतको ठगी मुद्दा दायर भई सो मुद्दामा निवेदक स्वयं अदालतमा उपस्थित भई बयान तथा थुनछेकसमेतको आदेश भइसकेको र पुर्पक्षको लागि धरौटीमा तारेखमा बसेको देखिन आयो । यस अवस्थामा आफूउपर अभियोग दायर गर्ने गरेको निर्णय बदर गरिपाउँ भनी परेको प्रस्तुत रिट निवेदनको औचित्यसमेत रहेको नदेखिने ।

अत: उल्लिखित आधार, कारणबाट जिल्ला अदालतमा दर्ता भई दायर भएको अभियोग पत्रलगायतका निर्णयहरू असाधारण अधिकार क्षेत्रको प्रयोग गरी बदर गर्न न्यायोचित र तर्कसङ्गतसमेत नदेखिई प्रस्तुत रिटको औचित्यसमेत रहेको नदेखिँदा प्रस्तुत मुद्दामा लिखित जवाफ मगाइरहनुपर्ने अवस्थासमेत देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: केदारनाथ पौडेल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम् ।